# अध्याय - एक

# शोध परिचय

**१.१. शोध शीर्षक :-**

एक चिहान उपन्यासको कृतिपरक अध्ययन

**१.२. शोध प्रयोजन :-**

त्रिभुवन विश्वविद्यालय मानविकि तथा सामाजशास्त्र सङ्काय नेपाली विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्ष नेपाली विषयको (५१०-१) दसौं पत्रको पूरक प्रयोजनको उद्देश्यले यो शोधपत्र प्रस्तुत गरिनेछ ।

**१.३. विषयको परिचय** :- आधुनिक नेपाली औपन्यासिक क्षेत्रमा देखिएका सुप्रसिद्ध प्रगतिशील उपन्यासकार हृदयचन्द्रसिंह प्रधान (वि.सं. १९७२-२०१६) द्वारा रचना गरिएको अत्यन्तै महत्ववपूर्ण उपन्यास हो, एक चिहान । बहुमुखी साहित्यका धनी हृदयचन्द्रसिंह प्रधानले नेपाली साहित्यका नाटक, निबन्ध, उपन्यास, समालोचना जस्ता विविध विधामा कलम चलाएका छन् । उनले आफ्ना कृतिहरूमा खासगरी समाज सुधार गर्न प्रगतिशील विचार अघि सारेका छन् । उनको प्रगतिशील विचारधाराले ओतप्रोत भएका उपन्यासहरु हुन् - **एक चिहान र स्वास्नी मान्छे** । नेपाली समाजको यथार्थ चित्रण गर्दै त्यस प्रति विवेचनात्मक दृष्टि प्रस्तुत गर्ने हृदयचन्द्रमा आलोचनात्मक प्रवृत्ति समेत पाईन्छ । समाजको सूक्ष्म निरीक्षण गर्दै जीवनमूल्य र जीवन बोधलाई प्रस्तुत गर्ने प्रधानका उपन्यासमा नारी चित्रण निम्न वर्गको दुरावस्था तथा त्यसको कारणको खोजी गरिएको छ ।

नेपाली उपन्यासको क्षेत्रमा आदर्शोन्मुख आलोचनात्मक यथार्थवादको सूत्रपात गर्ने हृदयचन्द्र सिंह प्रधानका उपन्यासहरूले समाजिक कुरीति र पुरुषको अन्यायमा पर्नेहरूको दुःखदायी अवस्थाको चित्रण साथै उनीहरू प्रति दया माया सहानभूति देखाउने पद्धतिभित्र धेरैजसो पात्रहरू करुण विवश अथवा दयनीय अवस्था देखाएका छन् ।

**एक चिहान** उपन्यासमा परम्परागत सामाजिक, धार्मिक, व्यवहारिक, मान्यता विरुद्ध समयोचित उदार र राष्ट्रिय दृष्टि अँगाल्ने आग्रहमा निर्मित रहेको छ । यसकारण आलोचना आदर्श सुधार जस्ता प्रवृत्तिको यसमा आधिपत्य रहेको छ । यसर्थ **एक चिहान** उपन्यास एक बृहत् मानसिक संसार बोकेको बृहत् उपन्यास हो । यसको विस्तृत आयामको विवेचना गर्नु नै प्रस्तुतिगत उद्धेश्यको परिचायक सन्दर्भ हो ।

**१.४. समस्याकथन** :- आधुनिक नेपाली उपन्यासमा प्रगतिशील स्रष्टा हृदयचन्द्रसिंह प्रधानद्वारा लिखित उपन्यास एक चिहान उपन्यासको समष्टिगत अध्ययन गर्दा निम्न समस्याहरू उपस्थित देखिन्छन् :

क) नेपाली उपन्यासकार प्रधानको औपन्यासिक प्रवृत्तिको सीमा र शक्ति के कस्तो रहेको छ ?

ख) **एक चिहान** उपन्यासको औपन्यासिक विशेषता के कस्तो रहेकोछ?

ग. कृतिपरक अध्ययनका सन्दर्भमा **एक चिहान** उपन्यासको परिप्रेक्ष्य के कस्तो रहेको छ ?

**१.५. शोधकार्यको उद्देश्य :**

प्रस्तुत शोधको उद्देश्य निम्न अनुसार रहेका छन् :

क. उपन्यासकार हृदयचन्द्रसिंह प्रधानको औपन्यासिक कलाको स्पष्ट परिचय दिनु ।

ख. औपन्यासिक दृष्टिकोणबाट 'एक चिहान' उपन्यासको विश्लेषण गर्नु ।

ग. कृतिपरक अध्ययनको दृष्टिकोणले **एक चिहान** उपन्यासलाई आलोडन गर्नु ।

**१.६. पूर्वकार्यको समीक्षा :**

कृष्णचन्द्रसिंह प्रधान (२०२५ पृ. ४९८) "आजको जगतमा छक्का-पन्जा नजान्ने सीधासाधाहरुलाई ठाउँ छैन । सुख शान्तिको चाहना भए तिनीहरुको निमित्त एक मात्र यही उपाय छ प्रकृतितिर फर्केर घाँसपात र माटो बालुवालाई खानु , जान्नु र तिनलाई मीठो पार्न सिक्नु वेस ।"

वासुदेव त्रिपाठीले **विचरण** (२०२८) पुस्तकमा हृदयचन्द्रसिंह प्रधानद्वारा लिखित दुई उपन्यासहरु 'स्वास्नी मान्छे' र एक चिहानको तुलनात्मक टिप्पणी गर्दै 'स्वास्नी मान्छे' उपन्यास भन्दा 'एक चिहान' उपन्यास बढी औपन्यासिक बनेको र हृदयचन्द्रसिंह प्रधानको 'एकचिहान' उपन्यासको उचाइसम्म पुगेको टिप्पणी गरेका छन् ।

इन्द्र बहादुर राई (२०३१ पृ १३३) "हृदयचन्द्रसिंहको प्रगतिशिलतावाद आलोचनात्मक यथार्थवादमा रोकिएको नभई सक्रीय रचनात्मकतामा पुग्दछ ।

एक चिहानमा आलोचना अल्पमत र आधिकारिक रचनात्मकता छ । ती विजयहरू रचनात्मकताहरु भएर सौन्दर्यकारी र मानव जैवनिक भएर आह्लादकारी छन् ।"

नरेन्द्र चापागाईँले 'उपन्यास शिल्प र विश्लेषण (२०३३) नामक पुस्तकमा 'एक चिहान' उपन्यासको विश्लेषण गर्दै यो उपन्यास पनि रुपमती जस्तै सामाजिक उपन्यास भएको र यसले अनेक पक्षद्वारा एउटा सिङ्गो समाजका चित्र उतारेको छ भन्दै यस उपन्यासले सामाजिक पक्षलाई जोड दिएको टिप्पणी गरेका छन् ।

कृष्णचन्द्रसिंह प्रधान (२०३७ पृ २५७)."स्वास्नी मान्छे विवृत, विडम्वित र विपन्न व्यक्तिहरूको प्रतिकारात्मक चीत्कार हो भने एक चिहान आदर्शवादी सुधारक तथा निष्कपट श्रमजीवीहरूको सपना हो । एउटा घीनलाग्दो वृतिको शरण परेर पनि त्यसलाई निर्मुल गर्न आफै अघि सर्ने चरित्र र उनीहरूको इच्छा, प्रयत्नलाई महत्ता प्रदान गरिएको जीवनको कथा हो भने अर्को असल काम गरेर भलो गर्ने विचार राख्दछ र यो मनुष्यता र सुजनतामा प्रंतिपादित श्रमसाध्य जीवनको इतिवृत हो ।"

कृष्णचन्द्रसिंह प्रधान (२०३७ पृ २५०) "रूप भन्दा वस्तुलाई, व्यक्तिभन्दा समाजलाई र भित्र भन्दा बाहिरको जीवनलाई महङ्व दिने शैलीका उपन्यासकार हुन्,! हृदयचन्द्रसिंह प्रधान ।"

तारानाथ शर्माले 'नेपाली साहित्यको ऐतिहासिक परिचय (२०३९) नामक पुस्तकमा 'एक चिहान' उपन्यासको चर्चा गर्दै यस उपन्यासमा प्रवुद्ध किसान परिवारको कथा प्रस्तुत गरिएको कुरा उल्लेख गर्दै हृदयचन्द्रसिंह प्रधानका उपन्यासहरुमा वास्तविकता रहेको तथ्यलाई प्रस्तुत गरेका छन् । मोहनराज शर्मा र खगेन्द्र प्रसाद लुइटेलको 'नेपाली कविता र आख्यान' आख्यान (२०५७) मा 'एक चिहान' उपन्यासको संरचना, चरित्रचित्रण परिवेश, भाषाशैली, उद्देश्य आदिको आधारमा सङक्षिप्त विश्लेषण गर्दै

यसमा समाजसुधारका दिशाहरुमा प्रगतिवादी दृष्टिकोण प्रस्तुत भएको कुरा चर्चा गरिएको छ ।

**१.७. शोधको औचित्य :**

सामाजिक यथार्थको धरातलमा सिर्जित यो उपन्यास सामाजिक प्रगतिवादी प्रवृति लिएर आधुनिक नेपाली उपन्यासको क्षेत्रमा देखापरेको प्रमुख उपन्यास हो । यसका बारेमा विभिन्न समालोचक विद्वानहरुले विविधरुपमा समालोचनातमक टिप्पणीहरु गरेता पनि यस विषयमा एकत्रित अध्ययनको अभाव रहेकाले प्रस्तुत शोधपत्र लेखनको औचित्य महङ्खवपूर्ण रहेको छ । एक चिहान उपन्यासको अध्ययन गर्न चाहने जोसुकैलाई यस शोधपत्रले थप जानकारी र सहयोग पुऱ्याउने यसको महङ्खव र उपयोगिता हुनेछ ।

**१.८. शोधको सीमाङ्कन :**

प्रस्तुत शोधपत्रको सीमा हृदयचन्द्रसिंह प्रधानको सङ्क्षिप्त परिचय र एकचिहान उपन्यासको विविध कोणवाट कृतिपरक अध्ययन र विश्लेषणमा सीमित रहेको छ ।

**१.९. शोधविधि :**

यस शोध पत्रमा खासगरी निगमन र आगमन विधिको रुपमा पुस्तकालीय, खोज, अध्ययन, विश्लेषण, र प्रश्नोत्तर विधिलाई मुख्य रुपमा अपनाइएको छ । कृति विश्लेषण र मूल्याङ्कन क्रममा प्रभावपरक एवं कृतिपरक समालोचना प्रणालीलाई पनि अपनाइएको छ । आवश्यक्ता अनुसार विवरणात्मक विधिलाई पनि अवलम्वन गर्न सकिन्छ । शोध

सत्यापनको लागि अङ्कको आधारमा पाद टिप्पणी नदिएर सन्दर्भलाई प्रमाणीत गर्नको लागि सन्दर्भकै सुरु र अन्तमा प्रसङ्ग दर्शाइनेछ ।

**१.१०. शोधपत्रको रुपरेखा :**

प्रस्तुत शोधपत्रको संरचनालाई व्यवस्थित रुपमा प्रस्तुत गर्नका लागि ५ अध्यायमा विभाजन गरिने छ । शोधपत्रको रुपरेखा निम्नप्रकार रहने छ ।

अध्याय एक - शोध प्रस्ताव

अध्याय दुई - हृदयचन्द्रसिंह प्रधानको जीवनी व्यक्तित्व र कृतिको संक्षिप्त परिचय

अध्याय तीन - उपन्यासको छोटो सैद्धान्तिक परिचय

अध्याय चार - कृतिपरक अध्ययनको दृष्टिोकोणले एक चिहान उपन्यासको विश्लेषण

अध्याय पाँच - उपसंहार र निश्कर्ष

# अध्याय- दुई

# हृदयचन्द्रसिंह प्रधानको जीवनी र व्यक्तित्व

## २.१. हृदयचन्द्रसिंह प्रधानको जीवनी

### २.१.१ जन्म र बाल्यकाल

हृदयचन्द्रसिंह प्रधानको जन्म वि.स. १९७२ माघ १९ गते काठमाण्डौं जिल्लाको ढोकाटोल, मरुहिटीमा भएको हो । (शर्मा र लुईटेल २०५७ : २७२) । बाबु सूर्यप्रसाद र आमा सूर्यमाया प्रधानका छोरा हृदयचन्द्रसिंह प्रधानको खास नाम चन्द्रप्रसाद प्रधान हो । (बराल र एटम, २०५५ : ८२) । राणाशासनको मध्यकालमा जन्मिएका हृदयचन्द्रसिंहले बाबु सुर्यप्रसाद प्रधान जागिरे भएकाले बाल्यकालमा अभाव र गरिबीको अनुभव गर्नु परेन । (एक सज्जन, २०१७/०१८ : ४४) । उनी जन्मिएको दुई वर्षपछि उनका भाइको जन्म भएकाले हृदयचन्द्रसिंह प्रधानलाई पालनपोषणको लागि उनको मामाघर काठमाडौंको नरदेवीमा लगिएको थियो । उनका मावलीहरू सम्पन्न आर्थिक अवस्था भएका र उनका मामाका छोराहरू नभएकाले मामाघर हजुरबा र हजुरआमाबाट नातिको रूपमा प्रशस्तै मायाममता र स्नेह पाएका थिए । (घिमिरे, २०३६ : १) ।

हृदयचन्द्रसिंह प्रधानलाई पाँच वर्षको उमेरदेखि नै दमको रोगले आक्रमण गऱ्यो जुन रोग पछि गएर हृदयचन्द्रसिंह प्रधानको जीवनको अन्त्यको कारणसमेत बन्न पुगेको देखिन्छ । सानैदेखि रोगी तर हुल्याहा प्रवृत्तिका (एक सज्जन, २०१७/०१८ : ४४। हृदयचन्द्रसिंह प्रधानको ११ वर्षसम्मको बाल्यकाल मामाघर ज्यादै पुलपुलाहटमा वित्यो । उनका मन

पर्ने खेलहरुमा गुच्चा, तास, पैया गुढाउने प्रमुख थिए । ( प्रधान, २०२४ : १६) । यसरी मामाघरमै बसेर भए पनि उनको बाल्यकाल सुखसँग बितेका देखिन्छ ।

हृदयचन्द्रसिंह प्रधानका बाबु सूर्यप्रसाद प्रधान जागिरेको सिलसिलामा वि.स. १९८४ सालमा ज. तेज समशेरको बिर्ता वीरगञ्जबाट ३ कोष पश्चिम रानीगञ्ज गए । त्यसै बेला हृदयचन्द्रसिंह प्रधान पनि आफ्ना बाबुआमाका साथमा रानीगञ्ज नै गएका थिए । त्यस बेला उनको उमेर १२ वर्षको मात्रै थियो । (प्रधान, पूर्ववत् पृ. १६) ।

### २.१.२ शिक्षा

हृदयचन्द्रसिंह प्रधान बाल्यकालदेखि नै रोगी भएकाले संरक्षकहरुबाट उनको शिक्षाको लागि कुनै खास व्यवस्था भएको पाइदैन । तैपनि मामाघर नरदेवीमा हुँदा नै उनले अक्षर आरम्भ गरी साँवा अक्षरहरु चिनीसकेका थिए । १२ वर्षको उमेरमा आफ्ना बाबुसँगै रानीगञ्ज गएका हृदयचन्द्रसिंहको अध्ययनको लागि दुई वर्षसम्म कुनै व्यवस्था नभए पछि त्यहाँ पनि उनले खेलेरै समय बिताउन थाले । (प्रधान, पूर्ववत् पृ. १६) । रानीगञ्ज गएको दुई वर्ष पछि मात्र उनलाई अध्ययनको लागि वीरगञ्जदेखि एककोस पूर्व सुगौली गाउँमा पठाइयो जहाँ उनको बाबुको मामाघर थियो । उनले त्यहाँ बसेर हिसाब सम्बन्धि साधरण ज्ञान प्राप्त गरेका थिए । (प्रधान, पूर्ववत् पृ. १६) ।

केही समयपछि उनका बाबु वीरगञ्जदेखि केही पर श्रीपुर जाँदा उनी पनि बाबुसँगै श्रीपुर गएका थिए । श्रीपुरमा उनले अध्ययनको लागि केहि अनुकुल वातावरण प्राप्त भएको देखिन्छ । त्यसबेला उनी १७ वर्षका थिए । श्रीपुर पुगेपछि उनको मनमा पढ्नुपर्छ भन्ने भावना आउँन थाल्यो ।

त्यसैले उनी खूव मेहनत साथ पढ्न थाले (प्रधान, पूर्ववत् पृ. १७) । तीन महिनाकै अध्ययनमा उनले अङ्ग्रेजी भाषाको 'फष्टबुक' को पढाइ पूरा गरी एक वर्षको समयमा अङ्ग्रेजी शिक्षाको पाँच कक्षाको ल्याकत हासिल गरे । ( वराल, २०५५ : ३११) । यसरी हृदयचन्द्रसिंह प्रधानको अध्ययन तीब्रताका साथ अगि बढिरहेको समयमा काठमाण्डौं घरमा देवालीको पालो परी घर फर्कनु पऱ्यो र उनको अध्ययनको गति टुट्यो । ( प्रधान, कुरा साँचो हो पूर्ववत् पृ. २५) ।

हृदयचन्द्रसिंह प्रधान श्रीपुरबाट काठमाण्डौं घर आएपछि केही महिनापछि पाँच कक्षाका किताब माष्टर जगतलालसँग पढ्न थाले । उनीसँग करिव चारमहिना जति पढेर पाँचकक्षाका किताबका पढाई पनि पूरा गरे । ( प्रधान, पूर्ववत् : २५) । औपचारीक शिक्षा प्राप्त गर्ने सिलसिलामा हृदयचन्द्रसिंह प्रधान, नेपाली स्रेस्ता परीक्षामा पनि सामेल भएका थिए । प्रथम पटक लेखा, हिसाव र स्रेस्ता विषयमा उत्तीर्ण भए तापनि आठौं पत्रमा उत्तीर्ण हुन नसकेपछि ६ महिना पछि मेहनतसाथको अध्ययनपछि त्यस विषयमा पनि सफलता प्राप्त गरे । यही नेपाली स्रेस्ता परीक्षाको प्रमाणपत्र नै उनको औपचारिक शिक्षाको प्रथम र अन्तिम प्रमाणपत्र भएको पाईन्छ । (प्रधान, पूर्ववत् , पृ. २५) । तर राजेन्द्र सुवेदीले हृदयचन्द्रसिंह प्रधानको शिक्षाको सम्बन्धमा चर्चा गर्दै उनले प्रवेशिका तहसम्मको शिक्षा प्राप्त गरेको कुरा उल्लेख गरेका छन् ।(सुवेदी २०५३ : १३९) । जसले गर्दा हृदयचन्द्रसिंह प्रधानमा किताब हेर्ने र पढ्ने बानीको सुरुवात भएको पाईन्छ । (प्रधान, कुरा साँचो हो : २६) । किताब हेर्ने र शब्दकोश हेर्ने बानीको विकासको सम्बन्धमा उनले आफ्नो निबन्धमा एउटा

रोचक घटनाको संस्मरण प्रस्तुत गरेको पाईन्छ । उनलाई एकपटक एकजना साथीले ज्यादै अत्याचार गरेको तर आफू रोगी र कमजोरी भएकाले उसलाई केही गर्न नसकेकाले उसँग बदला लिन इन्द्रजाल "शत्रुमरण" मन्त्र पढी त्यसमा उल्लिखित बुट्टिहरु पत्ता लगाउन बुट्टिकोश हेर्ने गरेको र त्यसववाट हृदयचन्द्रसिंह प्रधानमा पुस्तक र शब्दकोश हेर्ने बानी बसी स्वाध्ययनको जग बसको कुरा आफ्ना निबन्धमा प्रस्तुत गरेको पाइन्छ । यसपछि **चन्द्रकान्त भूतनाथ** जस्ता ऐयारी, तिलस्मी, जासुसी तथा रोमाञ्चकारी पुस्तकहरूको अध्ययनले उनको स्वाध्ययनको गतिलाई थप गति दिएको पाईन्छ । पुस्तकहरु पढ्दै जादा उनलाई शुक्रराज शास्त्रीको **स्वर्गको दरवार** नामक पुस्तकले निकै प्रभावित पारेको कुरा आफ्ना निबन्धहरूमा प्रस्तुत गरेको पाईन्छ । **स्वर्गको दरवारको** अध्ययनपछि नेपाली साहित्य क्षेत्रमा उत्कृष्ट स्थान भएका साहित्यकारहरु बालकृष्ण समको **मुटुको व्यथा** लेखनाथ पौड्यालको **ऋतुविचार** र भानुभक्तको **रामायणसुन्दरकाण्ड** जस्ता उत्कृष्ट रचनाहरु पढेको (प्रधान, पूर्ववत् : २६) । कुरा पनि उनकै निवन्धमा प्रस्तुत भएका छन् ।

यसरी उनले स्वाध्ययनलाई गतिलाई विचार गर्दा सानै उमेरदेखि एक जिज्ञासु र पढन्ते बानीले उनको अध्ययनको गतिलाई अगि बढाएको देखिन्छ । उनको जीवनमा औपचारिक शिक्षाले भन्दा स्वाध्ययनले नै विशेष महङ्खव राखेको पाईन्छ । हृदयचन्द्रसिंहको सहित्यकार व्यक्तित्वको निर्माण पनि मूलतः स्वाध्ययनकै प्रमुख भूमिका रहेको पाईन्छ । यही अध्ययनले नै साहित्यका विविध विधामा कलम चलाउन उनलाई सक्षम गराएको देखिन्छ ।

### २.१.३. जागिरे जीवन र आर्थिक अबस्था :

हृदयचन्द्रसिंह प्रधानले औपचारिक रूपमा नेपाली स्रेस्ता परीक्षा उत्तीर्ण गरेकाले यही परीक्षाको प्रमाणपत्रनै उनको जागिर प्राप्त गर्ने प्रमुख आधार भयो । बिहे भएपछि कमजोर आर्थिक अवस्था र घरव्यवहार चलाउने अन्य कुनै विकल्प नभएपछि उनलाई पटक्कै मन नपरेको निम्न वैतनिक नौसिन्दा पदमा वि.स. १९९५ सालदेखि प्रवेश गरी सरकारी जागिरे जीवनको सुरुवात गरे । (वराल, पूर्ववत्, पृ. ११२) । श्री ३ को फर्मायसी अड्डामा वि.सं. १९९५ सालमा नौसिन्दा पदमा नियुक्ति भएका हृदयचन्द्रसिंह प्रधान पदोन्नति भएर क्रमशः बहिदार, राइटर र वि.स. १९९६ सालमा मुखियासम्म भए । वि.स. १९९६ सालमा मुखिया बनेर उनी कलकत्ता वाइङ्ग एजेन्सीमा दुई वर्षसम्म काम गरी काठमाण्डौं फर्किए । ( घिमिरे, २०३६ : ६) । शिक्षाको महङ्खव बुझ्षेका हृदयचन्द्रसिंह प्रधानले वि.सं. १९९७ सालमा काठमाण्डौंको क्षेत्रपाटीमा एउटा प्राथमिक विद्यालयको स्थापना (शर्मा र लुईटेल, २०५७ : २७२) गरी शिक्षाको विकास र विस्तारमा महङ्खवपूर्ण र अनुकरणीय काम गरेको देखिन्छ । त्यस्तै नेपाली भाषा र साहित्यको विकासका लागि वि.सं. २००३ सालमा नेपाली साहित्य परिषदको संस्थापक सदस्य र संचालक (शर्मा र लुइटेल, पूर्ववत्) । समेत भएर काम गरेको पाईन्छ ।

जागिर खाने सिलसिलामा हृदयचन्द्रसिंह प्रधान वि.सं. २००४ साल असोज ४ गतेदेखि नेपाली भाषा प्रकाशिनी समितिमा ग्रन्थकारको रुपमा सरुवार भए । (तिवारी, २०२८ : ५५) । जीवनको धेरै जसो समय त्यहिको जागिरेको जीवनको रुपमा वित्यो । बाल्यकालदेखि नै रोगी हृदयचन्द्रसिंह

प्रधान वि.सं. २००७ सालको प्रजातान्त्रिक आन्दोलनमा सहभागी भएको आरोपमा झण्डै दुई महिनाभन्दा बढी

समय जेलमा बिताउनु पर्दा टी.बी. रोगले आक्रमण गऱ्यो । ( भट्ट, २०२५ : २३) । त्यसपछि उनको स्वास्थ्य अवस्था दिन- प्रतिदिन खराब बन्दै गएकाले वि.सं. २०१३ सालदेखि उनलाई नेपाली भाषा प्रकाशिनी समितिले घरमै बसी लेख्ने सुबिधा दिएको थियो । ( प्रधान, २०२८ : २५) । तर हाजिर नभएकाले तलब खुवाउन नमिल्ने भनी अलमलमै झण्डै तीन वर्षसम्म तलब खान बञ्चित हुनुपऱ्यो । पछि भनसुन गरेपछि रोकिएको तलब एकमुस्ट प्राप्त भयो । तर प्राप्त भएको तलबको ठुलो अशं सापटीको रुपमा कुनै नेताले लिएको र पछिसम्म बक्यौता रहिरेको ( प्रधान, २०२८ : २५) । कुरा कृष्णचन्द्रसिंह प्रधानले टिप्पणी गरेको पाइन्छ । उनको कमजोर आर्थिक अवस्था, उनले भोग्नुपरेको निम्नवैतनिक कर्मचारीको वेदना र आर्थिक समस्याहरू उनका निबन्धहरूमा प्रस्तुत भएका छन् ।

हृदयचन्द्रसिंह प्रधानले वि.सं. २०१३ सालदेखि काठमाण्डौँ नगरपालिकाको मुखपत्रिकाको रूपमा प्रकाशित हुने **जनचेतना** को सम्पादन गरेवापत मासिक रु. १२५/- पारिश्रमिक पाउँथे र भाषा प्रकाशिनी समितिबाट पारिश्रमिक वापत रु. २००/- प्राप्त गर्थे । यहि नै उनको प्रमुख आयस्रोत थियो । (भट्ट, २०२५ : २३) । जागिर खाने क्रममा उनले दरबारहाइस्कूल र स्रेस्ता पाठशालामा शिक्षक भएर पनि काम गरेको पाइन्छ । (भट्टराई २०४० : ३५०) । यसरी उनले जागिर खाने क्रममा धेरै क्षेत्रमा प्रवेश गरी जीवनमा धेरै क्षेत्रहरुबाट अनुभव जम्मा गरेका थिए ।

**२.१.४. पारिवारिक जीवन**

हृदयचन्द्रसिंह प्रधान मध्यम बर्गीय परिवारमा जन्मिएका व्यक्ति हुन् । सुरुमा उनको पारिवारिक आर्थिक अवस्था सम्पन्न नै थियो । उनका हजुरवुवा खरिदार थिए । ( प्रधान, २०२४ : १६) त्यसैले उनले बाल्यकालमा आर्थिक समस्या सामना गर्नु परेन । उनको ८ बर्षको उमेरमा व्रतबन्ध संस्कार भएको थियो भने विवाह चहि वि. सं १९९४ सालमा उनी २२ वर्षको हुँदा रुक्मिणीदेवीसंग भएको थियो । ( घिमिरे, पूर्ववत्. पृ ८ ) विवाहका सुरुका दिनहरू सुखद थिए । त्यही दिनका यादहरू उनले 'मधुमासका दिन' निवन्ध प्रस्तुत गरेका छन् । 'आगो पनि नठोसी बल्दैन' भनेझै उनको दाम्पत्य जीवनमा कहिलेकाही खस्रो मसिनो पर्थ्यो र पत्नीसंग नवोल्ने र खाना पनि नखाने गर्थे । 'लोग्ने स्वास्नीको झगडा परालको आगो भनेझैँ केही दिन मै त्यो झगडा साम्य भएर जान्थ्यो । उनका परिवारमा ४ छोरी, १ छोरा, र श्रीमान् श्रीमती गरेर ७ जना सदस्यहरू थिए । (प्रधान, २०२४ : २४-२५) हृदयचन्द्रसिंह प्रधानकी आमा सुर्यमायाको वि. सं. २००२ सालमा र बावु सूर्य प्रसादको मृत्यु २०१० सालमा भएको देखिन्छ । (घिमिरे पूर्ववत् पृ. ८ )

**२.१.५. भ्रमण :**

हृदयचन्द्रसिंह प्रधानले नेपालका कतिपय जिल्लालगायत उपचारको क्रममा दुइपटक भारत भ्रमण गरेका थिए ।

**२.१.६. सम्मान र पुरस्कार**

हृदयचन्द्रसिंह प्रधानले वि.स. २००४ सालमा भएको प्रतियोगितात्मक साहित्य सम्मलेलनमा 'जुँगा' निबन्धमा प्रथम पुरस्कार प्राप्त गरेका थिए । (भट्टराई, २०४० : ३४६) ।

**२.१.७. मृत्यु**

हृदयचन्द्रसिंह प्रधान सानै उमेरदेखि दमको रोगवाट पीडित थिए । २००७ सालको प्रजातान्त्रिक आन्दोलनमा सहभागी भएको आरोपमा दुई महिनाभन्दा बढी जेल सजाय हुदाँ जेलमा नै उनलाई टी.बी रोगले सतायो र उपचार गराउन टोखा अस्पतालमा भर्ना गरिए पनि रोग निको नभएपछि भारतको मद्रास स्यानिटोरियामा दश महिनाको उपचारपछि ७ वटा करङ कटाएर टी.बी रोगबाट मुक्त भई घर फर्किए । तर केही समयपछि पुनः उपचार गराउन भोपाल पठाइए । भोपालमा करिब अढाई वर्ष भोपाल स्यानिटोरियमा उपचार गराएर आफ्नो घर फर्किए, तर आर्थिक समस्याका कारणले डाक्टरको सर्टिफिकेट अनुसारको औषधी, खुराक र आराम नपाएर भोपालबाट फर्किएको करिब ९ महिनापछि ४४ वर्षको उमेरमा वि.स. २०१६ साल माघ १० गते उनको मृत्यु भयो । (एक सज्जन, २०१७/१८ : ४५) ।

## २.२ हृदयचन्द्रसिंह प्रधानको व्यक्तित्व

### २.२.१. हृदयचन्द्रसिंह प्रधानको बाह्य व्यक्तित्व

हृदयचन्द्रसिंह प्रधान आफू होचो कदका भएको उल्लेख गर्दै अर्को जन्ममा पनि पुड्को बनूँ भन्ने आशय उनले आफ्नो निबन्धमा प्रस्तुत गरेको पाइन्छ । ( प्रधान, २०१३ : ३) । सानै उमेरदेखि नै रोगी भए पनि वास्तवमा उनी फुर्तिला जाँगरिला थिए भन्ने रामबावु घिमिरेको टिप्पणी पाइन्छ । बालकृष्ण समले हृदयचन्द्रसिंह प्रधान एक क्रान्तिकारी र उनका रचनाहरुमा आगो रापिलोपन भए पनि त्यो उष्णता उनको अनुहारमा थिएन । (सम २०१७-२०१८ : ३२) । भन्ने टिप्पणी गरेबाट उनी एक मिलनसार व्यक्ति थिए भन्ने कुरा स्पष्ट हुन्छ । हृदयचन्द्रसिंह प्रधानको अन्तिम अवस्थाको

व्यक्तित्वको चर्चा गर्दै आनन्ददेव भट्टले तिल टुसे ठूला दाह्री जुँगा व्यक्तित्व बढाउने चस्मा, उज्यालो निधार तर धर्सा परेका गालाहरू सुकेका हातगोडा तर गोरा (भट्ट, २०२५ : २३) । भनी टिप्पणी गरेका छन् ।

हृदयचन्द्रसिंहको बाह्य व्यक्तित्वको यसरी चर्चा गरिएबाट उनी होचा कद भएका चस्माधारी गोरा, केही दुब्ला फुर्तिला र जागँरिला अनि क्रानितकारी विचार भएका तर एक मिलनसार व्यक्ति भएको कुरा प्रष्ट हुन आउँछ ।

### २.२.२. हृदयचन्द्रसिंह प्रधानको आन्तरिक व्यक्तित्व

हृदयचन्द्रसिंह प्रधान एक बहु आयामिक प्रतिभा हुन उनले समाजका विविध क्षेत्रमा रहेर कार्य गरेका थिए । जसलाई सङ्क्षिप्त रूपमा यसरी प्रस्तुत गरिन्छ ।

### २.२.२.१ सामाजिक व्यक्तित्व

हृदयचन्द्रसिंह प्रधान रोगी भए तापनि एक जाँगरिला फुर्तिला र उत्साही व्यक्ति थिए । उनको समाजिक कार्यमा गहिरो रुचि थियो । उनी समाजमा रहेका अन्धविश्वास, कुरीति र कुसंस्कारको विरोधी थिए र सधैं विरोध र परिवर्तनको चाहना बोकेका व्यक्ति थिए । यस्ता अन्धविश्वास र अन्धपरम्परा हटाउन जनतालाई सचेत गराउन शिक्षाको महङ्खवपूर्ण भूमिका हुन्छ भन्ने विश्वास बोकेका प्रधानले वि.सं. १९९० सालमा कहीँ साथीहरुसँग मिलेर काठमान्डौको क्षेत्रपाटीमा एउटा प्राथमिक विद्यालयको स्थापना गरेका थिए । (शर्मा र लुइटेल, २०५७ : २७३) । तत्कालीन समयमा विद्यालयको स्थापना गर्नु लरतरो कार्य नभएर एक साहसिक र आँटिलो कार्य थियो ।

### २.२.२.२. राजनैतिक व्यक्तित्व

हृदयचन्द्रसिंह प्रधान राजनैतिक रूपमा पनि सचेत थिए भन्ने कुरा उनका लेख रचनाहरूबाट पनि प्रष्टिएका छन् । उनका रचनाहरूमा यथास्थितिको विरोध परिवर्तनशील नयाँ समाजको स्थापनाको अपेक्षा गरिएको पाइन्छ । त्यसैले उनी एक प्रगतिशील विचारबाट प्रभावित लेखक थिए भन्ने कुरा प्रष्ट देखिन्छ । २००७ सालको जनक्रान्ति प्रत्यक्ष रूपमा सहभागी भएको अभियोगमा राणा सरकारले उनलाई ४४ दिनसम्म नजरबन्द र ३१ दिन नख्खुजेलमा यातना दिएको थियो । ( प्रधान २०२४ : ११८) । राणाशासन अन्त्यपछि उनलाई जेलमुक्त गरिएको थियो । क्रान्तिको सन्दर्भमा नेता गणेशमानसिंह श्रेष्ठसँग आफ्नो स्वास्थ्य विग्रिएकोले दौडधुप गर्न नसके पनि जनक्रान्तिकालागि जेल-नेल त के कुरा परिआउदा प्राणसम्म त्याग परे पनि आफू तयार भएको कुरा गरेको उनको निबन्धमा उल्लेख भएको पाइन्छ । ( प्रधान २०२४ : ११८) ।

नेपालमा २००७ सालपछिको क्रान्ति पछि खुल्ला राजनैतिक परिवेशमा हृदयचन्द्रसिंह प्रधान कुनै राजनैतिक दलमा रहेर सक्रिय राजनैतिक कार्यमा सहभागी भएको देखिदैन । त्यस समयमा उनी एकातिर जागिरे थिए भने अर्कोतिर उनको स्वास्थ्य कमजोर थियो । उनलाई त्यसवेला आर्थिक विपन्नताले पनि थिचेको अवस्था थियो । तर पनि उनको सहानुभूति वामपन्थी विचार र कार्यक्रमसँग जोडिएको थियो । ( घिमिरे, २०३६ : १९) । उनको लेखरचनाहरूमा राजनैतिक स्वर र प्रगतिशील चेतना झन् प्रवल बन्दै गएको पाइन्छ ।

हृदयचन्द्रसिंह प्रधानका विचारका सम्बन्धमा विभिन्न लेखक र समालोचकहरूले विभिन्न टिप्पणीहरू गरेका छन् । खेम कोइराला बन्धुले हृदयचन्द्रसिंह प्रधानलाई मार्क्सवादबाट प्रभावित साहित्यकार भनी टिप्पणी गर्दै नेपाली साहित्यमा प्रगतिशील कवि, विद्रोही विचारक, स्वस्थ चिन्तक ( विश्वकमा २०२८ : ११) । भन्ने उल्लेख गरेका छन् । त्यस्तै शक्ति लम्सालले मार्क्सवादबाट प्रभावित भए पनि मार्क्सवादी गहिराइमा पुग्न नसकेका साहित्यकारका रूपमा टिप्पणी गर्दै उनका रचनाहरूमा नेपाली जनजीवनको अवस्था र अवस्थितिको चित्रण र समाजमा व्याप्त रुढीवादी परम्परा, अन्धविश्वास र पुराना मान्यताहरूको विरोध पाइने हुँदा उनी जनपक्षीय साहित्यकार हुन् भन्ने टिप्पणी गरेका छन् । ( लम्साल २०२८ : १५) ।

यसरी हेर्दा उनको साहित्यक रचनाहरुमा समाजमा व्याप्त रहेको अन्धविश्वास, कुरीति, जातीय उचनीच भावनाको विरोध, नारीसमस्याको चित्रण, वर्गीय समाजको चित्रण, सामाजिक, धार्मिक, आर्थिक, सांस्कृतिक र राजनैतिक, जस्ता आदि क्षेत्रबाट भएको शोषणको चित्रण र त्यस्ता कार्यको विरोधका साथै आमूल परिवर्तनको आवाजहरू प्रशस्तै पाइन्छन् । त्यसैले उनी एक राजनैतिक विचार भएका देशभक्त र प्रगतिशील विचार र मार्क्सवादबाट प्रभावित व्यक्ति थिए भन्ने कुरालाई भने सबैले स्वीकार गरेका छन् र समग्रमा उनी साच्चै एक मार्क्सवादी लेखक थिए ।

### २.२.२.३. सम्पादक व्यक्तित्व

हृदयचन्द्रसिंह प्रधानलाई समाजमा चेतना ल्याउन पत्रपत्रिकाको महङ्खवपूर्ण भूमिका रहन्छ भन्ने कुराको ज्ञान थियो । तत्कालीन राणशासनकालमा पत्रपत्रिका सम्पादन र प्रकाशन गर्ने कार्य सहज थिएन ।

नेपाली साहित्यको उत्थान र साहित्यक वातावरणको सिर्जनाको लागि वि.स. २००२ मा नेपाली साहित्य परिषदको स्थापना हुँदा उनी संस्थापकमध्ये एक सदस्य र सञ्चालकको हैसियतले कार्य गरेका थिए । वि.स. २००४ सालमा उनले 'साहित्यस्रोत' मासिक गद्य प्रधान साहित्यक पत्रिकाको सम्पादन गरे । (श्रेष्ठ २०२८ : ५१) । यो विल्कुलै साहित्यिक पत्रिका थियो । वि.स. २००७ सालको जनक्रान्तिपछि उनले जागरण साप्ताहिक पत्रिकाको सम्पादन गरेका थिए । जुन समसामयिक विषय घटना र वस्तुस्थितिमा आधारित विचार प्रधान पत्रिका थियो । यो नै नेपालमा प्रजातन्त्र आगमनपछि प्रकाशित हुने प्रथम स्वतन्त्र नेपाली पत्रिका थियो । ( भट्ट, २०२५ : २२) । त्यसपछि वि.स. २०१३ सालमा काठमान्डौ नगरपालिकाको मुखपत्रको रूपमा प्रकाशित हुने **जनचेतना** पत्रिकाको पनि सम्पादन गरेका थिए । यो पाक्षिक पत्रिका थियो । ( घिमिरे २०३६ : २२) ।

हृदयचन्द्रसिंह प्रधानले नेपाली भाषामा मात्र नभएर नेवारी भाषामा प्रकाशित हुने पत्रिकाको समेत सम्पादन कार्य गरेको पाइन्छ । उनले नेवारी भाषाका महाकवि चित्तधर हृदयसँग मिलेर **नेपाल** नामक द्वैमासिक नेवारी भाषाको साहित्यक पत्रिकाको पनि सम्पादन गरेका थिए । उनको 'मलाई टी.बी हुँदा' नामक निबन्ध प्रथमपटक यसै पत्रिकामा छापिएको थियो । ( प्रधान २०२४ : ८८) ।

यसरी हृदयचन्द्रसिंह प्रधानले भाषा र साहित्यको विकास र विस्तारका लागि नेपाली भाषाको पत्रिका मात्र नभएर नेवारी भाषाको पत्रिकाको समेत सम्पादन गरी भाषा विकास र साहित्यक उन्नतिका लागि महत्वपूर्ण र अनुकरणीय योगदान दिएको पाइन्छ ।

### २.२.२.४ व्याकरणकार व्यक्तित्व

हृदयचन्द्रसिंह प्रधानले भाषाविकासका लागि व्याकरणकारका रूपमा पनि काम गरेका थिए । तत्कालीन समयमा भाषाका व्याकरणहरूको प्राप्ति नगन्य थियो । उनले लेखक बन्ने धुनमा व्याकरणहरुको अध्ययन गरेका थिए । त्यही अध्ययन नै उनलाई व्याकरणलेखनका लागि सहयोगी बन्यो । उनको **चिह्नपरिचय** नामक कृति वि.स. २००० सालमा प्रकाशित भएको थियो । यो नै उनको प्रथम पुस्तकाकार प्रकाशित कृति थियो । उनको दोस्रो व्याकरणात्मक कृति **शब्दशुद्धिविज्ञान** वि.स. २००४ सालमा प्रकाशित भएको हो । यस कृतिमा सात घण्टामा शुद्ध सिकाउने भनेर विज्ञापनसमेत गरेको पाइन्छ । यी दुवै व्याकरणात्मक कृतिहरूमा आवश्यक उदाहरणहरू दिएर बढी स्पष्ट र सरल बनाउने प्रयास गरिएको छ । **शब्दशुद्धिविज्ञान** बालसंस्करण (२०१०) र नेवारी भाषामा **शब्दशुद्धया ताचा** (२००४) को रूपमा प्रकाशित भएको पाइन्छ ।

यसरी हृदयचन्द्रसिंह प्रधानका नेपाली भाषाको दुई र नेवारी भाषाको एक व्याकरण प्रकाशित भएबाट उनको व्याकरणकार व्यक्तित्व पनि महङ्खवपूर्ण रूपमा रहेको पाइन्छ ।

### २.२.२.५ साहित्यकार व्यक्तित्व

हृदयचन्द्रसिंह प्रधान आफू अठार वर्षको उमेरपछि पुस्तकहरूको कुराहरूप्रति चेतना बढ्न थालेको र पुस्तक मान्छेहरूले नै पो लेख्दा रहेछन् भन्ने थाहा पाएर आफू किन किताब नलेख्ने भन्ने उत्साह यसै बेलादेखि पलाएको कुरा उनले आफ्ना निबन्धमा प्रस्तुत गरेको पाइन्छ । उनलाई आफ्नो 'चन्द्रप्रसाद' नाम धेरै जनासँग मिलेको र त्यो आफूलाई मन नपरेको

कारण नाम बदल्ने र **शारदा** पत्रिकाको प्रकाशनले लेख लेख्ने प्रेरणा प्राप्त भएको कुरा 'कसरी म लेखक हुन आएँ' नामक निबन्धमा व्यक्त गरेको पाइन्छ । उनी सुरुमा प्रेमगति र प्रेमपत्र पढ्ने गरेको कारणले उनी विस्तारै अन्ध **प्रेमलहरी, इन्द्रजाल, चन्द्रकान्त, भुतनाथ, स्वर्गको दरबार** (शुक्रराज शास्त्री) बालकृष्णको **मुटुको व्यथा** लेखनाथको **ऋतुविचार** आदि जस्ता पुस्तकहरूको अध्ययनबाट साहित्यप्रति रुचि बढेको (प्रधान २०२४ : १२३) । कुरा उनले आफ्नो निबन्धमा प्रस्तुत गरेका छन् ।

नेपाली साहित्यका विभिन्न विधाहरूमा कलम चलाउन हृदयचन्द्रसिंह प्रधानले निबन्ध, कथा, उपन्यास, समालोचना, नाटक तथा एकाङ्की जस्ता विधामा आफ्ना सिर्जना सिर्जेको पाइन्छ ।

### २.२.२.५.१ निबन्धकार व्यक्तित्व

हृदयचन्द्रसिंह प्रधानको साहित्यलेखनको यात्रा वि.स. १९९९ सालमा **शारदा** पत्रिकामा प्रकाशित 'भातृस्नेह' नामक निबन्धको प्रकाशन भएबाट सुरु भएको हो । यसै निबनधको प्रकाशनपछि चन्द्रप्रसाद प्रधान हृदयचन्द्रसिंह प्रधान भएर साहित्यक्षेत्रमा स्थापित भएका हुन् । (प्रधान पूर्ववत् पृ. १२३) । यो निबन्धको प्रकाशनपछि उनलाई साहित्यलेखनमा थप प्रोत्साहन मिल्यो । साहित्यका अन्य विधामा भन्दा यस निबन्ध विधामा निकै सफल हृदयचन्द्रसिंह प्रधान मूलत : आत्मपरक निबन्धकारका रुपमा प्रतिष्ठित छन् । उनी आफ्ना विधाहरु सरल र आत्मीयताका साथ पाठकहरु समक्ष प्रस्तुत गर्ने निबन्धकार हुन् । उनका निबन्धहरुमा समाजमा विद्यमान

अवस्थाहरुप्रतिको व्यङ्ग्य र आफ्ना जीवनमा घटेका घट्नाहरुको यथार्थ प्रस्तुतिहरु पाइन्छन् । उनका निम्न निबन्धसङग्रहहरु प्रकाशित भएका छन्।

१. भू-स्वर्ग (२००३)

२. तीस रुपियाँको नोट (२००४)

३. जुँगा (२००९)

४. कुरा साँचो हो (२०११)

५. अफसोस (२०२७)

**२.२.२.५.२ समालोचक व्यक्तित्व**

हृदयचन्द्रसिंह प्रधान **केही नेपाली नाटक** (२००२) बाट साहित्यको समालोचना क्षेत्रमा प्रवेश गरेका हुन् । उनका समालोचनाहरु विशेष गरेर नाटक र कविताको क्षेत्रमा बढी केन्द्रित रहेको देखिन्छन् । मार्क्सवादप्रगतिवादलाई आदर्शको रुपमा ग्रहण गरेर समाजिक उपादेयताका दृष्टिले कृतिको मूल्याङ्कन र मूल्यनिर्धारण गर्नु उनको समालोचकीय विशेषता हो । उनको निम्न लिखित समालोचनात्मक कृतिहरु प्रकाशित छन् :

१. केही नेपाली नाटक (२००२)

२. साहित्य एक दृष्टिकोण (२००४)

३. भानुभक्त एक समीक्षा (२०१३)

४. नेपाली काव्य र उसका प्रतिनिधि कवि (२०२१)

**२.२.२.५.३. कथाकार व्यक्तित्व**

नेपाली कथा विधामा कलम चलाउने कथाकार हृदयचन्द्रसिंह प्रधानका कथाहरुमा दुःखी गरिब र पीडितहरूको जीवनभोगाइका

व्यथाहरुको प्रस्तुति पाइन्छन् । उनका कथाहरुमा कथाका पात्रहरु आर्थिक समस्याले पिरोलिएका छन् । उनी मनोविज्ञानभन्दा वचारिकतालाई साममजिक प्रधानता दिएर कथा लेख्ने कथाकार हुन् । उनले साहित्यका अन्य विधामा कथा विधामा झैँ सफल देखिन्छन् । उनका निम्न दुई कथासङ्ग्रहहरु प्रकाशित भएका छन् ।

१) उसको आँसु (२०१२)

२) हृदयचन्द्रका केही कथाहरु (२०२५)

**२.२.२.५.४ नाटक तथा एकाङ्कीकार व्यक्तित्व**

हृदयचन्द्रसिंह प्रधानले नाटक तथा एकाङ्की विधामा २००७ सालको जनक्रान्तिपछि मात्र कलम चलाएका हुन् । उनको नाटक तथा एकाङ्कीहरुमा मूलतः सामाजिक समस्याहरु नै प्रमुख रुपमा आएका छन् । नाटकीय द्वन्द्व, कौतुहल, पात्रअनुरुपको संवाद र चरित्रको स्वाभाविक विकास नभए तापनि समाजमा विद्यमान अन्याय, अत्यचार, शोषण र अन्धपरम्पराको विरोधमा उनका नाटकका पात्रहरु सक्रिय रहेका देखिन्छन् । उनका हालसम्म निम्नलिखित ४ वटा एकाङ्कीसङ्ग्रहहरु प्रकाशित छन् ।

१. छेउ लागेर (२०१०)

२. गङ्गालालको चिता (२०११)

३. कीर्तिपुरको युद्धमा (२०१६)

४. उनी देवता हुन (२०१६)

**२.२.२.५.५ कवि व्यक्तित्व**

**शारदा** पत्रिकामा 'विनयपुकार' कविता प्रकाशित भएपछि कविता फाटँमा देखापरेका हृदयचन्द्रसिंह प्रधान सुरुमा पद्यकविता लेख्ने गरे तापनि

पछि गोपाल प्रसाद रिमालको गद्यकविताबाट प्रभावित भएर गद्यकविता लेखनप्रति आकार्षित भएको कुरा आफ्नो निबन्धमा प्रस्तुत गरेका छन् । उनका कविताहरु सामाजिक विषयवस्तु मानवतावादी र प्रगतिवादी विचारहरुबाट प्रभावित छन् भने उनका कविताको अर्को पक्ष प्रेम र प्रणयको प्रतिपादन हो । हुनत हृदयचन्द्रसिंह प्रधानले कवितालेखनका क्षेत्रमा त्यति धेरै सफलता प्राप्त गर्न नसकेतापनि उनका महाकाव्य लेख्ने तीब्र इच्छा

थियो तर शारीरिक अस्वस्थताका कारणले उनको इच्छाले मूर्त रुप लिन सकेन । (प्रधान २०१७-२०१८ : ३८) ।

### २.२.२.५.६. उपन्यासकार व्यक्तित्व

हृदयचन्द्रसिंह प्रधान **स्वास्नीमान्छे** (२०११) उपन्यास प्रकाशित भएपछि उपन्यासकारका रुपमा नेपाली साहित्य फाँटमा देखापरेका प्रतिभा हुन् । उनका उपन्यासहरु प्रगतिशील विचारबाट प्रभावित छन् । नारीसमयस्या, गरिब किसान तथा निम्नवर्गीय परिवारको समस्या, जातीयभेदभाव, अन्धपरम्परा, सामाजिक, आर्थिक, धार्मिक र सांस्कृतिक आदि क्षेत्रबाट समाजमा भएका शोषण उनका उपन्यासहरुका विषयवस्तु भए आएका छन् । उनको **स्वास्नीमान्छे** उपन्यासको प्रमुखपात्र मोतीमाया र **एकचिहान** उपन्यासका अप्टनारा, कथावस्तु सामाजिक छ । उपन्यासमा कथाले संयोजन र विकास राम्ररी भएको पाइन्छ । उपन्यासमा द्वन्द्व पक्ष निक्के सवल देखिन्छ । दुवै उपन्यास विचारप्रधान उपन्यास हुन् । पात्रहरु निम्नवर्गीय छन् तर भाषा प्रयोगका दृष्टिले भने उनका दुवै उपन्यासमा केही दुर्वल पक्षहरु भए तापनि विचार प्रतिपादनका दृष्टिले भने उनका दुवै

उपन्यासमा केही दुर्वल पक्षहरु भएपनि विचार प्रतिपादनका दृष्टिले भने उनका दुवै उपन्यासहरु सव सशक्त छन् । उनका निम्नलिखित दुई उपन्यासहरु प्रकाशित छन् ।

१. स्वास्नीमान्छे (२०११)

२. एकचिहान (२००७)

### २.२.२.६ बहुभाषिक व्यक्तित्व

हृदयचन्द्रसिंह प्रधान नेपाली भाषालगाएत हिन्दी र नेवारी भाषाकापनि ज्ञाता थिए । उनले नेवारी भाषामा प्रकाशित हुने द्वैमासिक पत्रिका **नेपाल** को सम्पादन गरेका थिए । त्यस्तै उनले नेवारी भाषा **शब्दशुद्धया ताचा :** (२००४) लेखेका छन् । हृदयचन्द्रसिंह आफ्नो साहित्य सम्बन्धमा आफ्ना धारणाहरु प्रस्तुत गर्दै हिन्दी भाषाको **ऐसा मै सोचता हूँ** ( २०१७) को प्रकाशनले उनको हिन्दी भाषामा पनि दखल रहेको देखिन्छ ।

यसरी हृदयचन्द्रसिंह प्रधान एक बहुमुखी र बहुव्यक्तित्व भएका प्रतिभा थिए । उनले शिशुहरुको शिक्षणका लागि **शिशुशिक्षणकला** (२००५) को प्रकाशन गरेबाट उनमा वालमनोविज्ञानको पनि सामान्य ज्ञान रहेको देखिन्छ ।

# अध्याय-तीन

# उपन्यासको छोटो सैद्धान्तिक परिचय

**उपन्यासको परिचयः-**

३.१ उपन्यासको सैद्धान्तिक परिचयको सर्न्दभमा पूर्वीय तथा पाश्चात साहित्यमा उपन्यास विधाको अध्ययन धेरै पहिले देखि नै भएको पाइन्छ । संस्कृत भाषामा उपन्यास शब्दको प्रयोग अर्थका युक्तिपुर्ण प्रस्तुतिकता प्रतिमुख सन्धिको एउटा भेद, स्थापना गर्नु प्रदर्शक वाक्य, आन्नद गराउने वाक्य का अर्थमा प्रयोग गरेको पाइन्छ । (बराल र अरु ५५ : ३)

संस्कृत साहित्यमा 'उपन्यास' शब्दको प्रयोजनका कार्य यसरी दिइएको छ "उपपतिकेलोहितको अर्थ साङ्गीर्तित अर्थात कुशलता पूर्वक विशेष अर्थ प्रकट गर्ने प्रक्रिया नै उपन्यास हो भन्ने अर्थ प्रर्वतन गरिएको छ। अथवा जीवनको सत्यपक्षलाई भाषाद्धारा आफ्नै नजिकमा विन्यास गर्नु उपन्यास हो भन्ने कुरा प्रष्ट हुन्छ ।" (सुवेदी २०५३ : ५)

जीवनको हरेक सत्यलाई अभिव्यक्त गर्ने क्रममा पश्चिमी साहित्यका इतिहासलाई पनि सम्झिनु अतिनै सान्दर्भिक देखिन्छ । आख्यान विधा अर्न्तगत पर्ने उपन्यास पाश्चात्य, सहित्यमा धेरै विकसित विद्याको रुपमा रहेको पाइन्छ । अंग्रेजी सहित्यमा नोवेल ल्यखर्भा शब्द लैटिन भाषाको नोवोस ल्यखयधक अर्थात नोवल्स ल्यखर्बायिधक बाट विकसित भएको पाइन्छ । यसै क्रममा लेटिन भाषाबाट नै विकसित हुँदै फ्रान्समा पुगेको नोवेला ल्यखर्भाबि शब्द उपन्यासका अर्थमा धेरै प्रयोग हुन पुगेको देखिन्छ । अर्कातिर इटालियन भाषाको नोवेले ल्यखभभि सित जोडिएको पनि पाइनुको

साथै लैटिन मूलको अर्थ भने नोवेले अर्थात समाचार-पत्रको संकेतको लागि नोवेला शब्दको प्रयोग भएको पाइन्छ । त्यसको अर्थ हो केवल घटानालाई समाचारका रुपमा संप्रेषित गरिन्छ । प्रधान २०३७ पृ. १४-१५

उपन्यासको सहित्यको आख्यान विद्या अर्न्तगत एउटा सशक्तविधामा पर्दछ । उपन्यासले साहित्यको रुपमा समाजलाई चित्रण गर्ने, मार्गदर्शक गर्ने आदि कार्य गर्ने गरेको पाइन्छ । उपरोक्त औपन्यासिक परिचयलाई प्रष्टयाउँदा उपन्यासले केही अंकहरु अङ्गिकार गरेको समेत पाइन्छ । उपन्यास अर्न्तगत घटना, दृश्य, स्थान, चरित्र, उदेश्य आदिको संगठानात्मक स्वरुपबाट परिपूर्ण मनोरंजनात्मक तथा व्यापक परिवेश, बन्धनहीनता, जीवन र जगतको व्यापक विस्तृत निकटतमको चित्रण गर्ने हुनाले बढी यर्थाथ प्रयोगधर्मी सम्भावनाले गर्दै सधै नविनता र अतिगहनता तथा सूक्ष्म साहित्यिक आख्यानात्मक विधानै उपन्यास हो भन्नु तर्कसंगतले होला ।

**३.२ पूर्वीय मान्यतामा उपन्यासको व्युत्पत्तिगत अर्थ**

साहित्यका विभिन्न विधाहरू मध्ये उपन्यास पनि एक सशक्त एवं महङ्खवपूर्ण विधाको रुपमा परिचित रहेको देखिन्छ । उपन्यास शब्द संस्कृतबाट आएको तत्सम शब्द हो र संस्कृतमा यसलाई मनोहर तङ्खव भएको गद्य रचनाको रूपमा लिएको पाइन्छ । "अस्" धातुमा "उप" नि उपसर्ग र घत्र (अ) प्रत्यय जोडिएर उपन्यास शब्दको निर्माण भएको देखिन्छ । उपंन्यासको योगबाट बनेको यो शब्द उप को अर्थ नजिक र न्यासको अर्थ अध्ययन गर्नु हो । माथिकै व्युत्पादन प्रक्रियालाई बुभ्न् भ्रुन् गहिरो डुवुल्की मार्नु आवश्यक प्रतीत हुन्छ ।

उपन्यास शब्द उप र नि उपसर्ग अस् धातु र (धञ) प्रत्ययको योगबाट बनेको हो । उपको अर्थ नजिक र न्यासको अर्थ राख्नु हो, यसरी नै कुनै वस्तुलाई कसैको नजिक राख्नु नै उपन्यासको अर्थ हुन आउँछ । पूर्वीय साहित्यमा उपन्यासको अर्थ प्रसन्न गराउनु हो । उप (असिम) न्यास (राख्नु) अर्थात युक्तिसंगत कलात्मक ढङ्गले कुनै वस्तुलाई गद्यमा सरस बनाएर राख्नु उपन्यास हो । (कुँवर २०३७ : २९५)

ईशाको छैठौं शताब्दीका प्रख्यात साहित्यकार भरतमुनिले कुनै अर्थलाई युक्तियुक्त रूपमा प्रस्तुत गरिने नाटकको प्रतिमुख सन्धिको एउटा उपभेदको रूपमा लिएका छन् । उपरोक्त विचारलाई केलाउँदा पूर्वीय साहित्यमा उपन्यासको शाब्दिक अर्थगत एकरूपता नभएको पाइन्छ । हिजोको औपन्यासिक अर्थले आजको सर्न्दभलाई अङ्गिभूत गर्न सकेको अवस्था रहनेछ । आजको उपन्यासले गद्य साहित्यको एउटा छुट्टै विधाको रूपमा स्थापित भई सकेको सादृश्य हुन्छ ।

**३.३ परिभाषाः**

उपन्यास विधाको परिभाषामा विभिन्न विद्वानहरू भिन्न-भिन्न मतमा सहमत रहेको पाइन्छन् । समयको परिवर्तित क्रम सँगसँगै उपन्यासको परिभाषामा पनि परिर्वतन हुँदै आएको पाइन्छ । केही पूर्वीय तथा पाश्चात्य शब्दकोशको परिभाषालाई अध्ययन मनन गर्दै निष्कर्ष सम्म पुग्नु यस सन्दर्भमा उमयुक्त देखिन्छ ।

(क) “वृहत् र वृहत्तर आख्यानात्मक रचनाको प्रस्तुति नै उपन्यासले हो । (कैम्व्रिज इन साइक्लोपिडिया)

(ख) उपन्यास साहित्यको अठारौँ शताब्दी पछिको गद्यात्मक आख्यानलाई बुझाउने अभिधात्मक शव्द हो । यसमा मानव जीवनको व्यापक पक्ष समेटिएको हुन्छ । उदाहरणको लागि

**रविन्सन कुस्रो टम्मजोन्स** जस्ता वृहत् उपन्यास र **चार्लस डेकन्स, बाल्जाक र जोला** जस्ता स्रष्टाका आख्यानात्मक रचना सफल उपन्यासहरु हुन् । (अक्सफोर्ड इन साइक्लोपिडिया)

(ग) उपन्यास नयाँ युगको नयाँ अभिव्यक्तिको नयाँ रूप हो।

**- डा.सतेन्द्र**

(घ) उपन्यास भनेको कसैलाई प्रसन्न गराउनु हो । **-विश्वनाथ**

(ङ) उपन्यास धेरै अध्याय र खण्डहरूमा लेखिएको लामो साहित्यिक कथा हो। **-बालचन्द्र शर्मा**

(च) उपन्यास कल्पनाका आधारमा एउटा संसार खडा गरिदिन्छ । कहिले काँही त उपन्यासमा यती सवल भम्र प्राप्त हुन्छ कि हामी त्यस भित्र हराएर सन्तोष प्राप्त गर्नु पुग्दछौं । **-डा.राय १९७३**

(छ) कुनै शाश्वत मानवीय कर्मको अविस्मरणिय कलात्मकताले नै उपन्यासलाई महान बनाउँछ **-डा. त्रिपाठी**

(ज) पूर्वापर तारतम्यमा सु-सम्बद्ध गरेर लेखिएका आख्यानात्मक रचनालाई नै उपन्यास भनिन्छ । **-सुवेदी २०५३**

(झ) उपन्यास जीवन र जगतप्रति नै एक विहङ्गम दृष्टि हो जसलाई बुझ्ने, केलाउने र चित्रण गर्ने प्रयत्न यथार्थिक हुन्छ । यथातथ्यको उद्घाटन मात्र नभएको यो एक सम्पूर्ण मनुष्यको जीवित संसार हो। **-प्रधान २०३७**

उपर्युक्त उपन्यासका परिभाषाहरु अध्ययन मनन गर्दा उपन्यास साँचिकै एउटा जीवनको यर्थाथ पक्षलाई तारतम्य मिलाई प्रस्तुति गर्ने गद्यको औपन्यासिक कलात्मक रचना हो । यसले सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक, तथा मानवीय पक्षलाई उद्‌घाटन गर्दै विधि मुताविक शिल्प, विचार र परिवेशलाई अँगालिएको पाइन्छ । जीवनको जटिलता, समाजको उँभोगति,आदिको स्वाभाविक परिवर्तन सँगसँगै उपन्यासले समय सापेक्ष आफ्नो आवरण आद्यान परिभाषा जस्ता रूपहरूमा नवीनता थप्दै आएको अविरल प्रवाहमयी सिन्धु बनेको भन्नु अत्युक्ति नहोला ।

**३.४ उपन्यासका तङ्खवहरू :**

उपन्यासका तङ्खव भन्नाले उपन्यास निर्माण गर्नमा आवश्यक पर्ने उपकरण वा सहायक यन्त्रहरु बुझिन्छ । उपन्यास निर्माणका लागि निर्धारित उपकरणहरू प्रयोग भएन भने विधागत रूप, उद्देश्य तथा प्रभाव दिन सक्दैन । उपन्यास निर्माणका आधुनिक मान्यता अनुरूप निम्नानुसार तङ्खवहरूको छोटो चर्चा यहाँ गरिएको छ ।

**३.४.१ कथानक :**

कथानक भन्नाले उपन्यास घटनाहरूको श्रृङ्खलित रखाई भन्ने बुझिन्छ । कथानकले उपन्यासको ढाँचा निर्माण गर्न प्राथमिक तङ्खवको काम गर्दछ । **-वराल र एटम २०५६पृ.२२**

घटनालाई परम्परामा उनेर सम्बन्ध जोड्ने र सुसंगठितता प्रदान गर्ने काम कथानकले गर्दछ । कथानकमा चरित्र, विचार, बुद्धि, कल्पना जस्ता विशेषता रहन्छन् । **-वराल र एटम २०५६ पृ.२३**

कथानक निर्माणका लागि सामाजिक, ऐतिहासिक, अनुभव, मिथक, स्वरैकल्पना, आदि स्रोतहरू लिन सकिन्छ । कथानकमा विभिन्न अङ्ग, उपअङ्गहरु समायोजन भई भरिपूर्ण अवस्थामा रहेको कथानकमा आरम्भ, सङ्घर्ष विकास उत्कर्ष, उत्कर्षह्रास र उपसंहार गरी पाँच चरण हुन सक्दछ । **-ढुङ्गेल र दाहाल, २०५३ पृ. १७९**

कथानक मुख्य र सहायक सुसंगठित र सुव्यवस्थित सरल र संयुक्त, सुखान्त र दु:खान्त, व्यङ्गात्मक र रागात्मक गरी धेरै प्रकारका हुन्छन् । **-वराल र एटम २०५८ पृ. २३**

**३.४.२ चरित्र वा पात्र विधान :**

उपन्यासको विभिन्न उपकरणहरू मध्ये चरित्रलाई पनि महत्वपूर्ण मानिन्छ । चरित्र उपन्यास भित्र मानवीय र मानवेतर पनि बन्नसक्छ । चरित्रलाई कर्ता पात्र, कर्ता क्रियाकलाप र कार्यव्यापार आदिका नामबाट पनि चिनाउने प्रयास गरिन्छ । मानव जीवनको व्यापक भाष्य उतार्ने तङ्खव नै चरित्र हो । **-सुवेदी २०६४ परवर्द्धित तथा परिमार्जन पृ.२३**

व्यक्तिका गुण-दोष प्रकट गर्ने मूल तङ्खव नै चरित्र हो । त्यसैले चरित्रद्वारा वाह्य र आन्तरिक पक्षलाई उद्घाटन गर्न सकिने भएकोले चरित्रको महङ्खवलाई प्रायः उपन्यासकारहरूले स्वीकार गरेको हुन्छन् । यिनै चरित्रद्वारा गुण-दोष, आचार-विचार, राग द्वेष र सामान्य-असामान्य मनस्थितिलाई मानव चरित्रद्वारा नै चित्रण गर्न सजिलो पार्ने भएकोले

उपन्यास मानव चरित्रको महङ्कवपूर्ण भूमिका रहेको हुन्छ । गतिशील, गतिहीन, यार्थाथ, आर्दश, अन्तर्मुखी बहिर्मुखी आदि चरित्रका विभिन्न प्रकारका हुन् । **-शर्मा र दाहाल २०५० पृ. १०५,१०६**

**३.४.३ संवाद -(कथोपकथन)**

कथो्पकथन एक नाटकीय तङ्कव हो । नाटकमा अभिनयद्वारा बताईने कुरा उपन्यासमा संवाद द्वारा चित्रित गरिन्छ भने कथन सर्वथा सत्य हो । ( सुवेदी पूर्ववत् पृ.१८) पात्र अनुकूल संवाद र आत्मसंलाप मनस्सङ्घात, अन्तर्मुखी प्रवृत्तिका मूल्यहरू पनि कथोपकथन कै माध्यमबाट व्यक्त हुन्छ । कथोपकथन प्रमुख कार्य औपन्यासिक चरित्रको चित्रण गर्नु, घटनाहरूलाई नाटकीकरण गरेर अगाडि लैजानु हुन्छ । -डा. थापा पृ. १८ संवादकै माध्यमबाट पाठकलाई कौतुहलता, रोचकताको भाव, उत्पन्न गराउँछ । अतः संवाद उपन्यासमा नभई नहुने एक प्रमुख उपकरणको रूपमा मानिन्छ ।

**३.४.४ अन्तर्द्वन्द्व :**

उपन्यासमा कथावस्तुसँग जोडिएर पात्रहरूबीच उतार-चढावलाई द्वन्द्व वा सङ्घर्ष भनिन्छ । द्वन्द्वलाई पनि विभिन्न तहमा विभक्त गर्न सकिन्छ । मान्छेका वाह्य जीवनमा आइपर्ने विसङ्गतिहरूका कारण देखा पर्ने द्वन्द्व , मान्छे मान्छेसँगका विषमताका कारणले दुवैमा वैमानस्य जन्माउने द्वन्द्व र मान्छेको भित्र देखा पर्ने तनावमूलक द्वन्द्व, पात्रहरुमा द्वन्द्व विभिन्न कारणले हुने गर्दछ ।

“पल्लो घरको झ्याल” उपन्यासकी नायिका मिसरी भित्रको द्वन्द्व, “अनुराधा उपन्यासकी” नायिका अनुराधाको द्वन्द्व सुम्निमा उपन्यासकी नायिका सुम्निमाको द्वन्द्व कतै पात्रको आचरणका वाह्य सङ्गर्षमा कतै

आत्मसंलाप र कथोपकथनमा कतै एकालापका रूपमा द्वन्द्वको प्रकटीकरण भएको छ । -सुवेदी २०५६ पृ.२४

**३.४.६ परिवेश** :

कुनै काम हुनका लागि उपयुक्त मानिएको कार्यपीठ परिवेश हो । उपन्यासलाई प्रभावशाली र तीव्र बनाउनमा सङ्घर्ष क्रियाकलाप र कथोपकथन जस्तै परिवेशको पनि भूमिका रहन्छ । (सुवेदी २०५६) कस्तो वावतावरणमा के बोल्नुपर्ला-नपर्ला त्यस विषयमा पात्रहरु सचेत रहनु पर्ने हुन्छ । साथै साहित्य समाजको दर्पणको जस्तो काम गर्ने हुनाले उपन्यासमा परिवेश समेटिएन भने कुन समय कुन समुदायको कस्तो स्थिति रहेको छ ? भन्ने विषय सहज जानकारी प्राप्त हुन सक्दैन ।

**३.४.६ उद्देश्य** :

उपन्यास खास गरी सामाजिक समस्या र व्यक्तिका जीवनमा विभिन्न पक्षको विस्तृत अध्ययन हुनाले त्यसमा चित्रित जीवन प्रति उपन्यासकारको कुनै विशिष्ट दृष्टिकोणलाई नै प्रकट गरिरहेको हुन्छ । -थापा २०४९ पृ. १४०-१५० स्रष्टाले कुनै न कुनै विचार राखी साहित्यको सृजना गर्ने गर्दछ । यसै विचारमा नै साहित्यको सिर्जना हुने स्थिति पनि आएको हुन्छ । यसले लेखकको जीवन दर्शनको भार पनि वहन गरेको हुन्छ । -बराल र एटम २०५८ दो. स पृ. ३८

स्रष्टा आफूले भोगेका, झेलेका, बुझेका कुराबाट प्रभावित भई पाठक वा सवैका हितमा दिने मार्गदर्शक नै विचार वा उद्देश्यको रूपमा जाहेर गरेको हुन्छ ।

### ३.४.७.कौतुहलता :

पाठकमा जिज्ञासाको भावना जगाइराख्नु, मूल र गौण प्रसङ्गहरूलाई मूल कथासँग जोडेर पढ्ने अभिरुचि पाठकमा जगाई राख्न मद्दत गर्ने तङ्खवको नाम नै कौतुहलता हो । हत्तेरी ! आम्मै नि , अनि के भयो होला, भन्ने कुराको तरङ्ग मनमा जगाइराख्न सक्ने तङ्खवको निरन्तर सन्निवेशले नै उपन्यासलाई जीवन्त बनाउँछ। सुवेदी २०६४ दो.स. पृ. २७

उपन्यासको आधार ठूलो हुन्छ । त्यसमा मूल घटनाको साथ साथै सहायक घटनाहरू पनि समावेश गरिएका हुन्छन् । पाठकलाई यसपछि के भएको होला ? भन्ने किसिमको मनमा प्रश्न उठाउनु मानवीय प्रवृत्ति नै हो । प्रश्न गर्नु, जान्नु खोज्नु, चित्त नबुझ्को कुरामा किन ? संस्कृति अर्थात कुनै कुरा किन, कसरी यहाँ भन्ने किसिमको जिज्ञासाले सम्बन्धित विषयमा मात्र पाठकले स्पष्ट विषयवस्तुवारे भुभ्न सक्छ । तसर्थ उपन्यासमा कौतुहलता हुन आवश्यक छ ।

### ३.४.८ दृष्टिबिन्दु :

उपन्यासमा कथयिताले कथावाचनका लागि उभिन वा बस्नलाई रोजेको ठाउँ नै दृष्टिविन्दु हो । दृष्टिविन्दुले कसले कथा भनेको छ र कसरी कथा भनिरहेको छ भन्ने कुरालाई बुझाउँछ। -बराल र एटम पूर्ववत पृ. ३९

उपन्यासमा लेखकले कुन स्थानमा रहेर कसको कथा भनिरहेको छ भन्ने कुरा दृष्टिबिन्दुले जनाउँछ । दृष्टिबिन्दु वाह्य वा तृतीय पुरुष र आन्तरिक वा प्रथम गरी दुई प्रकारका हुन्छन । वाह्य दृष्टिबिन्दुमा कथायिता नै सम्पूर्ण कुराको ज्ञाता हुन्छ भन्ने आन्तरिक दृष्टिबिन्दुमा कथायिताले घटना र पात्रको वर्णन गर्दा आफूलाई पनि उपन्यासभित्र संलग्न गर्छ । डा.

थापा पूर्वतत पृ. १४४ दृष्टिबिन्दुलाई पनि एक महङ्खवपूर्ण औपन्यासिक तङ्खव मानिन्छ ।

### ३.४.९ भाषाशैली

उपन्यासको प्रमुख तङ्खवको रूपमा भाषाशैली मान्न सकिन्छ । सम्पूर्ण चिजबिज पूरा गरेर पकाएको व्यञ्जनमा नुन छुटेमा खल्लो अनभूति भए झैँ सबै तङ्खवहरु उपन्यासमा भएर पनि शैली अव्यवस्थित र खल्लो भएमा उपन्यास पढ्न योग्य र महङ्खवपूर्ण हुन सक्तैन । शैली वर्णनात्मक, विवरणत्मक, भावात्मक, विचारात्मक जे सुकै भए पनि त्यसको प्रयोग र प्रस्तुतीकरणमा भर पर्दछ । भाषाशैली पनि एक महङ्खवपूर्ण औपन्यासिक आवश्यकीय तङ्खव हो भन्नु अर्थपूर्ण हुन्छ । उपन्यासमा व्यासशैली र समासशैली गरी दुई प्रकारका शैलीहरुको प्रयोग हुन्छन् । वाक्य गठनका दृष्टिले शैली सरल र गुम्फित गरी दुई प्रकारका हुन्छ । यी दुबै शैलीको प्रयोग उपन्यासमा गरिएको हुन्छ । -बराल र एटम पृ. ४०-४१

भाषा भावको अभिव्यक्त गर्ने माध्यम भएको हुनाले उपन्यासको निर्माणमा नभई नहुने तङ्खवको रूपमा मानिन्छ ।

### ३.४.१०. प्रतीक र बिम्वबिधान :

विम्ब भनेको कुनै वस्तुको मष्तिकमा पार्ने छायाँ हो । उपन्यासमा यस्ता छायाँ बसाउने माध्यम भाषा हुन्छ । शब्दका माध्यमबाट पाठक मष्तिष्कमा कुनै स्थिति, स्थान, घटना र पात्रको यथार्थ सादृश्य छायाँ पारिदिने पद्धतिलाई विम्बविधान भनिन्छ । बिम्वले भाषा र कथ्यलाई एकाकार पार्छ । **बराल र एटम** पृ. ४३-४४ प्रतीक र बिम्ब विधान उपन्यासका लाागि आवश्यक हुन्छ । यसरी माथि उल्लेखित उपन्यासका

विभिन्न आवश्यक उपकरणहरुका आधारमा औपन्यासिक कृतिको रचना गर्न सकिन्छ ।

### ३.५ नेपाली उपन्यासको विकासक्रम

### ३.५.१ पृष्ठभूमिः

नेपालको इतिहासमा शाहकालको प्रारम्भ भएपछि मात्र नेपाली भाषामा लामा आख्यानहरू लिपिबद्ध हुनथाले । आधुनिक समीक्षाशास्त्र अनुसार कथा र उपन्यास दुवै आख्यान अङ्ग्रेजीको ँष्अतष्यल फिकशन अर्न्तगत पर्ने हुनाले नेपाली कथा भैँ नेपाली उपन्यासको ऐतिहासिक परम्परा पनि वि.स. १८२७ को शक्तिवल्लभ अर्यालको **महाभारत विराट पर्व**बाट सुरू गर्नुपर्ने हुन्छ । नेपाली उपन्यासको प्रारूप पहिल्याउने काममा प्राचीन गद्याख्यान परम्परालाई नेपाली उपन्यासको पृष्ठभूमि स्वीकार्दै नेपाली उपन्यासको काल विभाजन विभिन्न विद्वान्हरूबाट भएको छ । विद्वान्हरूमा काल विभाजनको समयविन्दुको विषयमा मत भिन्नता पाइन्छन् । यहाँ डा. दयाराम श्रेष्ठले गरेको काल विभाजन नामाकरणलाई आधार मानी नेपाली उपन्यासको विकास क्रमलाई प्रस्तुत गरिएको छ । श्रेष्ठ १०५-१०५

क) प्राथमिक काल (वि.स.१८२७ देखि १९४५ सम्म)

ख) माध्यमिक काल (वि.स.१९४६-१९९० सम्म)

ग) आधुनकि काल (वि. स.१९९१-हाल सम्म)

**क) प्राथमिककाल /पृष्ठभूमिकाल (वि.स.१८२७ देखि १९४५ सम्म)**

उपन्यासको पृष्ठभूमिकालमा औपन्यासिक कृति नभएर पनि नेपाली उपन्यासको पुर्वाधार भन्ने निश्चय नै मानिन्छ । उपन्यास लगायत अन्य आख्यानिक विधाको पुर्वाधारको रुपमा नेपाली

उपन्यासमा सर्वप्रथम् शक्तिवल्लभ अर्ज्यालको **महाभारत विराट पर्व** ( वि.स.१८२७) र उनकै नाट्यकृति **हास्यकदम्ब** (वि.सं. १८५५) रचना भएको देखिन्छ । त्यसपछि महाभारतकै विविध प्रसङ्गबाट विषय वस्तु लिएर रामभद्रपाध्यायले 'लक्ष्मीधर्म सम्वाद' (वि.स. १८५१) यसै क्रममा बेनामे **पिनासको कथा** (वि.स.१८७२) **स्वस्थानी ब्रतकथा** (वि.सं. १८७८) प्रकाशित भए भने भवानीदतले अनुवाद गरेको **मुद्राराक्षस** (वि.सं. १८८२) **सुन्दरानन्द वाँडा**को '**त्रिरत्न सौन्दर्यगाथा**' (वि.स.१८९०) र **अध्यात्मरामायण** (वि.स. १८९६) **बहत्तर सुगाको कथा** (वि.स. १८९३) **देवराज शर्माको स्वस्थानी ब्रतकथा** (वि.सं. १९४२) **हरिहर शर्माको भगवत भक्ति विलासिनी** (वि.स. १९४५) जस्ता कृतिहरु देखा परेको छ । (बराल र एटम २०५८ दो.सं. पृ. ७७)

ऐतिहासिक दृष्टिबाट हेर्दा पृष्ठभूमि कालमा वि.स. १८७५ को **दशकुमार रचित** पछि भगवत भक्ति विलासिनीले नै नेपाली उपन्यासको पृष्ठभूमि तयार गरेको देखिन्छ । यसप्रकार जम्मा ११८ वर्षको समयवधिमा देखापरेका साना तथा ठूला आकारका आख्यानहरूले नेपाली उपन्यासको विकासमा जग बसालेको देखिन्छ ।

**ख) माध्यमिक काल (१९४६-१९९० सम्म)**

अधिकतम् साहित्यका इतिहासकारहरुको विचार अनुसार 'वीरसिक्का' को प्रकाशन मिति वि.स.१९४६ हो । **रुपमती** (१९९१) सम्मको समयवधिलाई नेपाली उपन्यासको निर्माणकाल वा माध्यमिक काल भनिन्छ । सदाशिव शर्माद्वारा सम्पादित 'उपन्यास तरङ्गिणी' वि.स. १९५९ भन्ने उपन्यास प्रधान पत्रिकाले निर्माणकालको इतिहास नै तैयार गरेको पाइन्छ ,

यसै पत्रिकामा प्रकाशित शर्माकै 'महेन्द्रप्रभा' (वि.स.१९५९) लाई पहिलो मौलिक उपन्यास मानिन्छ । यस समयमा बेनामीको 'अद्‌भूत्‌ मिलाप' ( वि.स.१९५८) ऋषभदेव शर्माको 'किस्सा सुकसारिका' (वि.स.१९५९) प्रकाशमा आए पनि **महेन्द्रप्रभा नै** उत्कृष्ट देखिन्छ ।

माध्यमिककालीन उपन्यासको विकासमा **गिरीशवल्लभ जोशीको** 'वीरचरित्र' (वि.स.१९६०) ले महङ्खवपूर्ण योगदान दिएको पाइन्छ । यस कालको उपन्यास विधालाई उर्वर पार्न विभिन्न पत्रपत्रिकाहरूले पनि बहुमूल्य योगदान दिएको देखिन्छ । **गोरखापत्र** (१९५८), **सुन्दरी** (१९८३), **चन्द्र** (१९७३), **गोर्खा संसार** (१९६३) लगायतका पत्रपत्रिकाहरूमा प्रकाशित रचनाले यस अवधिका उपन्यासको विकासमा महङ्खवपूर्ण योगदान दिएका छन् (**बराल र नेत्र एटम, पूर्ववत्: पृ.-८०**)

माध्यमिक कालमै, धार्मिक, पौराणिक, रोमाञ्चक र औपदेशिक उपन्यासहरु पाइन्छन । हरिहरशर्माको **'दुर्गासप्तसती'** (१९४८), चिरञ्जीवी शर्माको **'सुर्खार्णव** (१९५०), **बेनामी', एकादशी महात्म्य** '(१९५२) गंगाधार शास्त्रीको' **सर्व संग्रह** '(१९५०) देवकी नन्दन खत्रीको ' **चन्द्रकान्ता** (१९५६) **'नरेन्द्रमोहिनी'** (१९५८) आदि औपन्यासिक कृतिहरू महङ्खवपूर्ण देखिन्छन् । ( **कृष्णचन्द्रसिंह प्रधान पूर्ववत् पृ. - ९४**) ।

लगभग साढेचार दशकको निर्माणकालमा नेपालली उपन्यासले धेरै प्रगति गरिसकेको देखिन्छ । यसै अवधिका उपन्यासहरूले विस्तारै आधुनिकताको आभास दिन थालेको महसुस गर्न सकिन्छ ।

**ग) आधुनिक काल (१९९१ देखि हाल सम्म)**

वि.स. १९९१ मा प्रकाशित भएको रुद्रराज पाण्डेको **'रुपमती'** मा सर्वप्रथम सामाजिक यर्थथवाद पाइनु नै आधुनिकताको लक्षण थियो (**श्रेष्ठ, र शर्मा २०४० पृ.:१०५**) विकासको क्रमिक इतिहास भित्र अनेक प्रवृत्ति तथा परम्पराको स्थापना भइरहेको देखिन्छ । पाण्डेको रुपमतीबाट आधुनिकताको वरण भएपछि आधुनिक कालसँग **आदर्शोन्मुख यथार्थवादको** जन्म भएको देखिन्छ ।

विचारको उत्तरोत्तर विकासको क्रममा आधुनिक नेपाली उपन्यासले धेरै विचारधाराको जन्म दिदै गइरहेको देखिन्छ । यसकाललाई यथार्थवादी धारा, आलोचनात्मक धारा, सामाजिक यथार्थवादी धारा, अस्तिङ्खववादी धारा, समाजवादी यथार्थवादी, विसङ्गगतिवादी धारा, अस्तित्ववादी धारा, समाजवादी यथार्थवादी धारा, विसङ्गतिवादी धारा, अस्तित्ववादी धारा, समाजवादी यथार्थवादी धारा, नवचेतनावादी धाराको विकास हुँदै गइरहेको छ । यिनीहरूको सङ्क्षिप्त परिचय दिनु यहाँ सान्दर्भिक
देखिन्छ ।

**३.६ आधुनिक नेपाली उपन्यास परम्परामा देखापर्ने विभिन्न धाराहरू:-**

**३.६.१ मनोविश्लेषणवादी धारा**

आधुनिक नेपाली उपन्यास परम्परामा मनोविश्लेषणवादी धाराको पनि महङ्खवपूर्ण स्थान रहेको छ । यस धाराले मानिसका आन्तरिक निरीक्षण, विश्लेषण, अवलोकन र उसको वैविध्य, वैचित्र्यहरूमा सूक्ष्म अवलोकन गर्ने काम गर्दछ । अचेतन मनको अज्ञात रहस्यमय शक्तिबाट परिचित हुने र त्यसलाई उदघाटित गर्ने मुख्य उद्देश्य मनोविश्लेषणवादको रहेको छ । यस धाराका कृति तथा कृतिकारहरु निम्नलिखित छन् -

गोविन्द बहादुर मल्ल (गोठाले) - पल्लो घरको झ्याल (२०१६)

विजय मल्ल - अनुराधा (२०१८)

तारिणी प्रसाद कोईराला -सर्पदंश (२०२६)

विश्वेश्वरप्रसाद कोइराला -'तीन घुम्ती' (२०२४), सुम्निमा (२०२५), नरेन्द्र दाइ (२०२६)

नकुल सिलवाल - तेस्रो पाइला (२०४५)

नयराज पाण्डे - अतिरिक्त (२०५०)

**३.६.२ सामाजिक यर्थाथवादी धारा**

लैनसिंह बाङ्देलको **मुलुक वाहिर** (२००४) उपन्याससँगै आधुनिक नेपाली उपन्यास परम्परामा सामाजिक यथार्थवादी धाराको सुरुवात भएको देखिन्छ । यस धाराले समाजमा रहेका सत्य-तथ्य घटनालाई यथार्थरूपमा चित्रण गरेको देखिन्छ । आदर्शमा मात्रै सीमित राखी वास्तविक समाजको चित्रण गर्न सक्ने परम्परालाई पूर्णरुपेण तिलाञ्जली बाङ्गदेलले गरेका हुन । यस धारालाई कायाकलप गर्नमा निम्न उपन्यास र उपन्यासकारहरू संलग्न रहेका पाइन्छन् ।

बाङ्गदेलकै **'माइतघर'** (२००५), **लङ्डाको साथी** (२००८०, **रेम्ब्रान्ट** (२०३३) लीलबहादुर क्षेत्रीको **बसाइँ** (२०१४), **अतृप्त** (२०२६), **ब्रह्मपुत्रको छेउछाउ** (२०४३), दौलतविक्रम विष्टको **'मञ्जरी'** (२०१६) शंकर कोइरालाको **'खैरेनीघाट'** (२०१६), भवानी भिक्षुको **आगत** (२०३२), ध्रुबचन्द्र गौतमको **'घामका पाइलाहरु'** (२०३५) राजेश्वर देवकोटाका **आवर्तन** २०४१, **पूर्वकथाा र उत्सर्ग प्रेम** २०४४ आदि सामाजिक महङ्खवपूर्ण उदाहरणहरू हुन् (**बराल र एटम, पूर्ववत्, पृ १०६**) ।

### ३.६.३ **ऐतिहासिक यथार्थवादी धारा**

आधुनिक नेपाली उपन्यास परम्परामा सामाजिक यथार्थवादपछि ऐतिहासिक यथार्थवादको थालनी भएको देखिन्छ। ऐतिहासिक विषयवस्तुलाई टिपेर त्यसमा भएका यथार्थताका परिप्रेक्ष्यलाई जीवन्तता प्रदान गर्न यस धारामा प्रयास भएको देखिन्छ । यस धाराको प्रारम्भ डायमन समशेरले गरेका हुन् । उनका **'बसन्ती'** (२००६) बाट ऐतिहासिक यथार्थबादी धाराको शुरुवात भएको मानिन्छ । हुनत टुकराज पद्यराज मिश्रको **रजबन्धकी** ( १९९६) र **रामकृष्ण कुँवर राणा** (१९९९) ऐतिहासिक विषयबस्तुमा आधारित उपन्यास हुन् ।

डायमन शमशेरको, **प्रतिबद्ध** (२०३४), **सत्यप्रयास** (२०३८) र **अनिता** ( २०४३) सुन्दरप्रसाद साहका प्रतिवाद (२०४०) र त्रिफट् (२०४२) दौलत विक्रम विष्टको **फाँसीको फन्दामा** (२०५३) आदि प्रमुख रहेका पान्इछन् । ( **बराल र एटम २०५८ दो.स. पृ.११३**) ।

### **३.६.४ अतियथार्थवदी धारा**

"यथार्थको अतिकमण गर्ने र आन्तरिक पक्षलाई उदाङ्गो पार्ने साहित्यिक सिद्धान्तलाई अतियथार्थवाद भनिन्छ" । (**प्रधान, पुर्ववत्, पृ.१४८**) । नेपाली उपन्यासमा बाङ्देलको **'लङ्डाको साथी'** (२००८) मा अतियथार्थवादको प्रयोग प्रशस्तै गरिएको पाइन्छ । त्यसपछि गोविन्द वहादुर मल्ल गोठालेको **पल्लो घरको झ्याल** (२०१६) र **अपर्णा** (२०५२) अर्जुन निरौलाको **घाम डुबेपछि** (२०३३), हिरण्य भोजपुरेको **गोरी** (२०५४) आदिमा पनि यस धाराको आंशिक प्रभाव पाइन्छ । (**बराल र एटम, पूर्ववत पृ-११६**) ।

### ३.६.५. आदर्शोन्मुख यथार्थवादी धारा

नेपाली उपन्यासको प्रारम्भ नै आदर्शोन्मुख यथार्थवादी उपन्यास **रुपमती** (१९९१) बाट भएको पाइन्छ । नेपाली आदर्श र मर्यादाका पाठहरु पढाउने उद्देश्य राखी यथार्थवादी चित्रणको पद्धति अङिकार गरेर उपन्यासहरू लेखिएका छन् । रुद्रराज पाण्डेकै **'चम्पाकाजी'** (१९९३) **प्रायश्चित** (१९९५) र **प्रेम** (२००५) काशि बहादुर श्रेष्ठको **उषा** (१९९५) र वचन (२००१), शोभा चन्द्र उपाध्यायको **पाटलीपुत्र**, (२००३) मोहन बहादुर मल्लको **समयको हुरी** (२०१५) भारती खरेलको '**गंगाजमुना**' (२०४६) आदि आदर्शोन्मुख यथार्थवादी धाराका नेपाली उपन्यासहरू हुन् । **(बराल र एटम पूर्ववत् पृ- ९९) ।**

### ३.६.६. आलोचनात्मक यथार्थवादी धारा

समाजमा देखिएका कुरीति, शोषण र अन्य विसङ्गतिका तङ्खवहरूलाई औंल्याएर तिनको विरोध गर्ने तथा तिनलाई सुधार्नु पर्ने आकाङ्क्षा राख्ने लेखन पद्धतिलाई आलोचनात्मक यथार्थवाद भनिन्छ । नेपाली साहित्यमा यस धाराको प्रारम्भिक झझल्को लैनसिंह वाङदेलको **लङ्गडाको साथी** (२००८) मा पाइन्छ ।

हृदयचन्द्रसिंह प्रधानको **स्वास्नी मान्छे** (२०११) बाट यस धाराको आरम्भ भएको भेटिन्छ यिनका **एक चिहान** (२०१७) यस प्रकृतिका उपन्यास हुन् भने अन्य उपन्यासहरुमा दौलत विक्रम विष्टको **मञ्जरी** (२०१६), **एक पालुवा अनेकौं याम** (२०३५), **विग्रिएको बाटो** (२०३२) आदि तारानाथ शर्माको **मेरो कथा** (२०३५), **ओझेल पर्दा** (२०२६), कविताराम श्रेष्ठको

**वकपत्र** (२०३६) आदि यस धारामा आधारित उपन्यासहरू हुन् । (**बराल र एटम पूर्ववत्, पृ. ११९-१२०**) ।

**३.६.७. नारीवादी धारा**

नेपाली उपन्यासको परम्परामा नारीलाई आत्मनिर्णय गर्न पाउने अवस्थाको चित्रण प्रथम पटक रुपनारायण सिंहको **'भ्रमर'** (१९९३) मा गरेको भेटिन्छ । पुरुषप्रधान देश नेपालमा पुरुषको सेरोफेरोमा मात्रै नाचेका उपन्यासहरुको भन्दा फरक नारीहरुको हितका लागि चलाइएको औपन्यासिक भावावेग नै नारीवादी हो । यौनका रुढिलाई चिरेर जीवनको नयाँ आकाशमा सामाजिक जिजीविषाका साथ उड्ने प्रवृत्ति पनि नारीवादका मूल तन्तुका रुपमा देखापर्दछ । यस धाराका उपन्यासहरुमा कृष्णचन्द्र सिंह प्रधानको **'स्वास्नी मान्छे'** (२०११), **'एक चिहान'** (२०१७), विजय मल्लको **'अनुराधा'** (२०१८), विश्वेश्वरप्रसाद कोइरालाको **'तीन घुम्ती'** (२०२४) आदि मुख्य रूपमा देखा पर्दछन् । (**बराल र एटम पुर्ववत्, पृ. १२७**) ।

**३.६.८. प्रकृतवादी धारा :**

प्रकृतिलाई नै परम सत्य र पूर्ण ठानेर वाह्य हस्तक्षेपका विरुद्ध यसले विद्रोह गर्दछ । प्रकृति स्वसम्पन्न (क्भाा( कगााष्अभलत० स्वअस्तित्ववान (क्भाा(भहष्कतभलत० स्वव्याख्येय क्भाा( भहउजयलभतभचथ तथा स्वसन्चालित (क्भाा(यउभचबतष्लन० भएको हुँदा यसलाई चलाउने अन्य संस्था छैनन् अनि मानवीय व्यवहार पनि प्रकृतिकै नियमका आधारमा बुझ्न सकिन्छ । नेपाली उपन्यास परम्परामा आंशिक रुपमा गोविन्द बहादुर मल्ल गोठाले को **पल्लो घरको झ्याल** (२०१६) मा भएको पाइन्छ भने

शंकर कोइरालाको **खैरिनीघाट** (२०१८) मा यसको विशेष प्रयोग भएको भेटिन्छ भने मुख्य कार्यथलोको रूपमा भवानी भिक्षुको **पाइप नं. २** (२०३४) रहेको पाइन्छ । यसका साथै इन्द्रबहादुर राईको **आज रमिता छ** (२०११) ध्रुवचन्द्र गौतमको **उपसंहार अर्थात चौथो अन्त्य** जस्ता उपन्यासहरु भेटिन्छ । (बराल र एटम, पूर्ववत् पृ.-१२९-१३१) ।

### ३.६.९ विसङ्गतिवादी धारा

विसङगति भनेको निस्सारता वा शून्यता हो । विभीषिका, सन्त्रास, अभाव, आक्रमण, पलायन, हस्तक्षेप एकातिर र सहअस्तित्व असंलग्न निशस्त्रीकरण आदिको नारा अर्कोतिरबाट जन्मेको विसङ्गति ईच्छा, अभीप्साको सन्दर्भबाट जन्मेको विसङ्गति भूत र वर्तमान एवं जीवन चक्रका आवर्तन र प्रत्यावर्तनका विसङगति मान्छेले भोग्दै आएको छ । यसरी मान्छेका विसङ्गत र विशेष अवस्था समेत यस धाराका साहित्यमा देखा पर्दछ । नेपाली उपन्यासका क्षेत्रमा विसङ्गतिवादी धाराकोसुरुवात इन्द्रबहादुर राईको **'आज रमिता छ'** (२०१८), परिजातको **'शिरीषको फूल'** (२०२२), **बैसको मान्छे** (२०२९) ध्रुवचन्द्र गौतमको **'अन्त्य पछि'** (२०२४), **डापी** (२०३३) **अलिखित** (२०४०) सरुभक्तको **पागल वस्ती** २०४८, **तरुनी खेती** २०५२, **चुली** २०६०र ध्रुव सापकोटाको **विखण्डित** (२०५७) अदि उपन्यासहरुले यस धारामा रहेर जीवनको निस्सारता र शून्यतालाई अधिब्यक्त गरेका छन् (**सुवेदी, पुर्ववत् पृ-२९६-२५७**)

### ३.६.१० अस्तित्ववादी धारा

विसङगतिवादसँगै अस्तित्ववादी उपन्यासहरु देखा पर्दछन् । अस्तित्ववादको मूल सिद्धान्त व्यक्ति सत्ता वा अस्तित्वको खोजी हो । यो

विसङ्गतिका बीचबाट मान्छेले आफ्नो जीवनको अर्थ आफै खोज्नु पर्छ, आफ्नो बारेमा निहित रहेको छ । मानवीय मूल्यको खोजी मानिसले यही विसङ्गतिका बीचबाट खोज्नुपर्छ भन्ने मान्यता नै अस्तित्ववादको सार हो ( **राई पूर्ववत् पृ २०८**) । यस धाराका सुरुवात गर्ने प्रथम उपन्यासकार पारिजात हुन् । उनकै **'शिरिषको फूल' (२०२२)** उपन्यासबाट अस्तित्वको खोजी हुन थालेको देखिन्छ । यस पछिका उपन्यासहरूमा विश्वेश्वर प्रसाद कोइरालाको '**तीन घुम्ती**' (२०२४), धुंवचन्द्र गौतमको '**अन्त्यपछि'** (२०२४), **डापी** (२०३३), **अलिखित** (२०४०) आदि यस धाराका महङ्खवपूर्ण उपन्यासहरू हुन् ।

### ३.६.११ प्रगतिवादी धारा

प्रगतिवादी धारा आधुनिक नेपाली उपन्यासका पछिल्लो चरणमा देखा परेको छ । यस धारामा कलम चलाउने उपन्यासकारहरू आलोचनात्मक यथार्थवादी धारालाई हाँक्नेहरु नै हुन् । प्रगतिवादि आलोचनात्मक यथार्थवादकै उतरवर्ती रूप भने होइन । मार्क्सवादी धारा नै प्रगतिवादी हो । यस धारालाई अगाडि बढाउने क्रम निम्न उपन्यासकार तथा उपन्यासहरूबाट भएको देखिन्छ -

डि.पी अधिकारी - **आशामाया** (२०२५)

खगेन्द्र संग्रौला - **चेतनाको पहिलो डाँक** (२०२६)

परिजात - **बैसको मान्छे** (२०२९), **पर्खाल भित्र र वाहिर** (२०३५),

रमेश विकल - **अविरल बग्दछ इन्द्रावती** (२०३९) रहेको छ ।

### ३.६.१२ मिथकीय धारा

मिथक भनेको सम्पूर्ण मानव संस्कृतिको दस्तावेज र मानव प्रकृतिको अन्वेषण गरिएको प्रतीकात्मक अभिव्यक्ति हो । आदिकालका मानवका मनमा लुकेका काल्पनिक भावनालाई व्यक्त गर्ने पुरान, दन्त्यकथा एवम् अन्य जनशक्तिमा पाईने कथाहरू नै मिथक हुन् । यस धारालाई अगाडि बढाउने काम उपन्यासकार विश्वेश्वरप्रसाद काइरालाको **'सुम्निमा'** (२०२७) ले गरेको छ । यस धारालाई विस्तार गर्ने काम कोइरालाका **मोदिआइन** (२०३६), **हिटलर र यहुदी** (२०४०), मदनमणि दिक्षितका **'माधवी'** (२०३९) र **'त्रिदेवी'** (२०५१), दौलत विक्रम विष्टको **ज्योति ज्योति महाज्योति** (२०४५) र विनोदप्रसाद धितालको **योजनागन्धा** (२०५२) । जस्ता महङ्खवपूर्ण उपन्यासहरू रहेको पाइन्छ ।

### ३.६.१३ प्रयोगवादी धारा

नेपाली उपन्यासको आधुनिक कालमा प्रयोगमा आएको सम-सामयिक धारा प्रयोगवादी धारा हो । उपन्यासको प्रचलित मान्यता र स्थापनाबाटै हटेर अनिर्मित अघिल्लतिरको जमीन जोड्ने आकाक्षाँले उत्साहित भई केही नवीनता र प्रयोगोन्मुखता नै मुल धर्म हो । नेपाली औपन्यासिक साहित्यमा लैनसिह बाङ्गदेलले **लङ्गडाको साथी** (२००८) क्षीण कथ्यको प्रयोग गरेर गोविन्द बहादुर गोठालेले **पल्लो घरको झ्याल**मा मनोविश्लेषणको प्रयोग गरेर तथा इन्द्रबहादुर राईको **आज रमिता छ** ले यर्थाथको सूक्ष्म अङ्कलन गरेर प्रयोगधर्मिता देखाएका छन् । ध्रुवचन्द्र गौतम **अन्त्यपछि (२०२४),** मञ्जुलको **छेकुडोल्मा** (२०४४) कवितारामको **बकपत्र** (

२०४६), कृष्णधरावासीको **शरणर्थी** (२०५६) आदि यस धाराका महङ्खवपूर्ण उपन्यास हरु हुन् । (सुवेदी पुर्ववत् पृ. १५३, १५४)

### ३.६.१४ नवचेतनावादी धारा

नेपाली समाजको समग्र चिन्तन जीवनशैली, सांस्कृतिकचिन्तन, राजनैतिक, धार्मिक र भौतिक जस्ता समग्र पक्षलाई समीक्षात्मक रूपमा प्रयोग गर्ने आजको नवचेतनावादी युगमा यस विधाको प्रस्तावना केवल विधा विभग्नताको सन्दर्भमा प्रस्तुत भएको देखिन्छ (**सुवेदी, पुर्वतत, पृ.-४९८**) विधाभञ्जन चेतनराज तेजराज खतिवडाको घोषणा नेपाली साहित्यले प्रयोग गरेका विविध विशेषता लाई सम्बोधन गर्न सक्षम नभए पनि विधाभग्नताको सङ्केत भने देखिन्छ । यस धारालाई मलजल गरेर बढाउने शंकर लामिछाने, भैरव अर्याल, इन्द्रबहादुर राई, ध्रुवचन्द्र गौतम हुन् । यस धाराका केही उपन्यास र उपन्यासकारहरू हुन - तेजराज खतिवडा- टेस्टयुव बेवी (२०५६) ,यहाँ अझै उस्तै छ (२०५३), भयविधाहरु र रातको बाह्र बजे (२०५५),र सरुभक्त - समय त्रासदी (२०५८ं) (सुवेदी, पूर्ववत्, पृ - ४९९)

यसरी उपन्यास विधाले नेपाली उपन्यास परम्परा प्राथमिककालीन परम्परागत संस्कृत कथा, लोक अभियानबाट सुरु भएको नेपाली गद्याख्यानले ऐयारी, तिलस्मी जस्ता अनुवादमूलक औपन्यासिक प्रवृत्तिबाट विस्तार हुँदै आजको परिष्कृत उपन्यासको रूप ग्रहण गर्न सफल भएको छ । यस विधाले दिन-प्रतिदिन साहित्यको एउटा महङ्खवपूर्ण विधाको रूपमा अगाडि लम्किदै गईरहेको स्थिति छ ।

### ३.७ निष्कर्ष

उपन्यासको सन्दर्भमा कुरा गर्दा पूर्वीय तथा पश्चात्य जगतलाई नसम्झी हुँदैन । पूर्वीय तथा पश्चात्यका विद्धानहरुको आ -आफ्नै किसिमका मतहरु रहेका पाइन्छन् । पूर्वीय मान्यता अनुसार उपन्यास भनेको जीवनको सत्य पक्षलाई भाषाद्वारा आफ्नै नजिक ल्याएर देख्नु हो भने पश्चिमी विद्वान्हरूका अनुसार उपन्यास भनेको समाचार सम्प्रेषण गर्ने सन्दर्भसँग सम्बन्धित हुन आउँछ । उपन्यास साहित्यको रूपमा समाजलाई चित्रण गर्ने, मार्गदर्शन गर्ने गरेको पाइन्छ ।

उपन्यास भित्र घटना, दृश्य, स्थान, चरित्र, उद्देश्य र आदि संगठानात्मक रूपमा आई मनोरञ्जात्मक तथा व्यापक परिवेश, बन्धहीनता आदि बारे साहित्यिक आख्यानात्मक विधा नै  उपन्यास हो । उपन्यास साँच्चिकै एउटा जीवनको यथार्थ पक्षलाई तारतम्य मिलाई प्रस्तुति गर्ने गद्यको औपन्यासिक कलात्मक रचना हो ।

उपन्यास विकासको क्रममा प्राथमिक काल, माध्यमिक काल, हुदै आधुनिक काल तर्फ विकास हुँदै आएको छ । सर्वप्रथम नेपाली साहित्यमा सामाजिक यथार्थवादको रूपमा लैनसिंह बाङ्गदेल देखा परेका हुन् । यिनले देखेका र भोगेका कुराहरुलाई आफनो साहित्यमा उतार्न सफल रहेका छन् । त्यस्तै गरी आधुनिक नेपाली उपन्यास परम्परामा मनोविश्लेषणवादी धाराको महङ्खवपूर्ण स्थान रहेको छ । यस धारा अर्न्तगत निरीक्षण, विश्लेषण, अवलोकन र उसको वैविध्य-वैचित्रयहरुमा सूक्ष्म रुपमा अवलोकन गर्ने काम गर्दछ ।

# अध्याय- चार

# एकचिहान उपन्यासको विश्लेषण

प्रस्तुत एकचिहान उपन्यासको विश्लेषण कथावस्तु चरित्रचित्रण परिवेश भाषाशैली दृष्टिविन्दु, उद्देश्य र सन्देश आदि विभिन्न कोणबाट गरिएकोछ ।

**४.१. कथावस्तु : कथासार**

प्रस्तुत एक चिहान उपन्यासको कथासारलाई तल सङ्क्षेपमा प्रस्तुत गरिएकोछ ।

**खण्ड १**

१. बिरामी परी ओछ्यान परेका अप्टनारां आफ्नो अन्तिम अवस्था सम्भिएर मर्ने समयसम्म परिवारका लागि केही गर्न नसकेको आफूलाई कुरेर वरिपरि बसेका छोराहरुसँग असन्तुष्ट व्यक्त गर्छन् । पृ. १

२. अप्टनारां आफूलाई बाँच्ने आशा नभएकाले आफ्नालागि औषधीमा व्यर्थ खर्च नगर्न परिवारलाई सम्झाउछन् । पृ. २

३. बाबु बिरामीपरेर कमजोर भएकाले बोलिरहँदा ज्यादा परिश्रम र शक्ति खर्च हुने हुँदा छोराछोरीहरु बाबुलाई नबोल्न र आराम गर्न अनुरोध गर्दछन् । पृ. ३

४. अप्टनारां एक स्वाभिमानी र दूरदर्शी व्यक्ति भएकाले आफ्नो मृत्यु हुँदा कात्रो किन्नसमेत पैसा नहोला भनेर खाइनखाई जम्मा गरी गाडेर लुकाई राखेको पच्चीस रुपैयाँ परिवारलाई जिम्मा लगाँउछन् । पृ. ३

**खण्ड २**

५. बिरामी अप्टनारांलाई सुरुमा टोलकै गुभाजु लगाइन्छ तर बिराम निको नभएपछि नाम चलेका गुभाजु र वैधसमेत लगाएर भ्फारफुक, भाकल पूँजा गर्न ऋण र घरमा भएको चामल बेचिन्छ तर रोग निको हुदैंन । पृ. घ-५

६. अप्टनारांलाई विराम भ्फन बढ्दै गएकाले बाबुले अत्येष्टिको लागि जोगाएर राखेको पैसा खर्च गरेर भए पनि एकपटक डाक्टरलाई देखाउँन परिवारमा सल्लाह हुन्छ । पृ. ६-७

७. सेवालाई भन्दा पैसालाई बढी महङ्खव दिने डाक्टरर गोदत्तप्रसादको घरमा शिवनारा पुग्दा शिवनाराको आर्थिक अवस्था बुभ्फेका डाक्टर गोदत्तप्रसादले शिवनारालाई बेवास्ता गर्दा आधा घण्टाभन्दा बढी उभिएरै बिताउँछन् । पृ. ७.९

**खण्ड ३**

८. शिवनारां डाक्टर बोलाउँदा गएको धेरै समयसम्म नआएपछि लदमायाले पुननारांलाई डाक्टरको घरमा पठाउँछिन् । पृ. ४

९. ससुराका सङ्गतले असल सिकर्मी भएका पुननारांले एकजना साहुले उनलाई आठ दिनको ज्याला बराबरको पैसा पेश्कीको रुपमा लिएका र काममा जान नपाएकाले पुननारांलाई खोज्दै साहू शिवनारां घरमा आइपुग्छन् । पृ. ९-१०

१०. नम्र स्वाभाव भएका पुननारांले रिसाउदै आएका साहूलाई बाबु निको भएपछि आएर छिट्टै काम सकिदिने भनी नम्रतासाथ सम्भ्फाएर पठाउँछन् । पृ. १०-११

११. पुननारां पनि आएको देखेर किताब हेरेको बाहना गरेर बसेको डाक्टरलाई आफूसँग जान पुनः अनुरोध गर्दा डाक्टर गोदत्तप्रसाद शिवनारांलाई गुभाजू लगाउन सल्लाह दिन्छन् । पृ. ११

१२. शिवनारां डाक्टरको फीस महँगै भए तापनि एकपटक डाक्टरलाई नै देखाउने विचार भएको हुँदा अहिले आफूले पैसा लिएर नआएको हुँदा घरमा पुग्नसाथ डाक्टरको फीस दिने कबुल गराएअनुसार दिने मञ्जुरी गरि डाक्टरलाई लिएर घर फर्कन्छन् ।

**खण्ड ४**

१३. शिवनारांको घरमा पुगेर डाक्टर बिरामी अप्टनारांलाई जाँची एउटा प्रेस्किप्सन लेखी त्यसमा लेखिएको औषधीको आधामात्रा खुवाउने र दुई दिनसम्म लगातार इन्जेक्सन लगाउनु पर्ने कुरा गर्छन् । पृ. १३

१४. नानीथकुँको यौवनले भरिएको रुप देखेर लोभिएका डाकटर बेलुका सुई लगाउन पनि आफैँ आइदिने भएर आफ्नो कबुलअनुसारको फीस लिएर गोदत्तप्रसाद घर फर्कन्छन् । पृ. १४

१५. नानीथकुँ यौवन, सौन्दर्य, स्वास्थ्य शरीर देखेर लोभिएका डाक्टर गोदत्तप्रसादलाई घर पुगेपछि नानीथकुँको झझल्कोले ड्युटीमा जानसमेत ढिला हुन्छ । पृ. १४-१५

१६. अस्पतालमा सयौँपटक घडी हेरेर बल्लबल्ल चार बज्नसाथ आफ्नो घर नगई सोझै अप्टनारांको घरमा पुगी बिरामी जाँचेर आधाघण्टासम्म नानीथकुँको सौन्दर्य हेरेर बिताउँछन् र फीससमेत बिरामी निको भएपछि मात्र लिउँला भन्दै उदारताको भाव देखाउँछन् । पृ. १५-१६

**खण्ड ५**

१७. श्रमजीबीहरुका लागि औषधि उपचारको सुविधा पाँचभन्दा बाहिर कुरा भएकाले ऋण गरेर उपचार गराएर दुई वर्ष बढी बाँचेर सुख नहुने अप्टनारांको अगाडिका पूर्खा उपचार गराउन नपाई मरे, आफ्ना आउने कति पुस्ता विनाउपचार मर्नुपर्ने हुन भनी अप्टनारां दुःख व्यक्त गर्छन् । पृ. १७-१८

१८. अप्टनारां उपचार गराउन धेरै पैसा लाग्छ भनी पीर गर्दा डाक्टरले फीस नलिने भनेको कुरा शिवनारांले बाबुलाई सुनाउँदा डाक्टरको स्वभाव थाहा पाइसकेका अप्टनारां डाक्टरको नियतमाथि शङ्का गर्छन् । पृ. १९

१९. उपचार गराउँन छोराछोरीको कर्तव्य भएको विचार लतमायाको भए पनि सरकारले सर्वसाधारणको लागि कुनै व्यवस्था नगरेकोमा अप्टनारां त्यसप्रति दुःख व्यक्त गर्छन् । पृ. १९

२०. छोराहरुलाई ऋण लिन नहुने कुरा सम्झाउदै बाजेको पालाको बाह्र रोपनी जमिन आज ऋणकै कारणले तीन रोपनी बाँकी रहेको र अझै ऋण लिएर सबै सन्तान ऋणको भुमरीमा पर्ने र आफ्ना लागि कुनै उपचार नगराउन छोराहरुलाई सम्झाउँछन् । पृ. १९-२१

**खण्ड ६**

२१. धेरै दिनपछि अप्टनारां राम्रोसँग निदाएकाले घरका सबैसदस्यहरु आरामसाथ निदाउँन पाउँछन् । पृ. २१-२२

२२. आफूलाई कुरेर बसेका परिवारका सवै सदस्यहरुलाई काम गर्न सल्लाह दिदै किसानको पहिलो धर्म धर्तीमाताको सेवा गर्नु भएको र आफ्नो हक दावी गरे एकदिन अवश्य किसानहरुले आफ्नो अधिकार प्राप्त गर्नेछन् भनी अप्टनारां आफ्ना परिवारलाई सम्झाउँछन् । पृ. २२-२३

२३. एक असार बिग्रिए साहूको ऋण तिर्न नसक्दा पुस्तौँपुस्ता साहुको पञ्जामा पर्ने भएकाले आफ्नो काममा इमान्दारी भएर लाग्न छोराहरुलाई अप्टनारांले उपदेश दिन्छन् । पृ. २३-२४

२४. पुनरानांको ३/४ महिना काम गरेर वर्षभरि खानु पर्ने पेसा भएकाले आमा लतमायालाई कुर्न छाडेर कामकाममा जान र आफ्नो अन्तिम अवस्था भए आमाले नै सबैको वारिस भएर पानी खुवाई दिने भनि छोरालाई सम्झाउँछन् । पृ. २४-२५

**खण्ड ७**

२५. बिरामी अप्टनारांको अवस्था बिग्रदै गए पनि डाक्टर बिरामीसँग केही भन्दै सान्तवना दिदै परिवालाई बिरामीको अवस्था बिग्रीएको बताउदै एकजना कुरुवाले बिरामीलाई सल्लाह दिँा परिवारका सबै सदस्य चिन्ताग्रस्त हुन्छन् । पृ. २४-२५

२६. आफ्नो -आफ्नो काममा गइसकेका छोराछोरी एकाएक फर्किएर आएको देखेर अप्टनारां छोराछोरीलाई आफ्नो ममतामा भन्दा आफ्नो -आफ्नो पेसामा लगनशील भएर लाग्न र भावुकता नबहकिन परिवारलाई सल्लाह दिन्छन् । पृ. २८

२७. जन्मिएपछि सबैले मर्नु पर्ने सत्यतालाई बझी आफू उमेर पुगेरै मर्न लागेको भनी लतमायालाई अप्टनारां सम्झाउँछन् । पृ. २८

२८. दानदक्षिणा गर्ने परम्पराको विरोध अप्टनारां आफ्नो होस भएसम्म कुनै दानदक्षिणा गर्न नदिन र आफू बेहोस भए पनि आफ्नो लागि कुनै प्रकारको दानदक्षिणा नगरिदिन छोराछोरीहरुलाई सम्झाउँछन् । पृ. २९-३१

२९. आफ्नो जीवनमा गुन गर्नेहरुको गुणगान गाउँदागाउँदै अप्टनारांको कमजोर हुँदै गएर केही क्षणमा मृत्यु हुन्छ र परिवारका सबै सदस्यहरु शोकाकुल बन्छन् । पृ. ३१

**खण्ड ८**

३०. अप्टनारां एक मिलनसार व्यक्ति भएकाले उनको मृत्यु सबै टोलबासीहरु शोकाकुल हुँदै अप्टनारांको घरमा आएर परिवारका सदस्यहरुलाई सम्झाउँछन् । पृ. ३१-३३

३१. अप्टनारांको उपचार गराउँदा घरमा कात्रो किन्ने पैसा समेत नहुनु र अप्टनारां सबैमर्दा एउटै कात्रो प्रयोग गर्न 'देवा' प्रथाको विरोधी भएकाले शिवनारालाई ठुलो पीर पर्छ । पृ. ३२-३५

३२. पैसाको अभावले अप्टनारांको घरमा ठूलो खुल्दुली परिरहेको बेला डाक्टरसँग सापट लिएर अन्त्येष्टिको काम चलाउने सल्लाह भएअनुसार नानीथंकु र पुननारांले डाक्टरबाट २५ रुपैँया सापट लिएर आउँछन् । पृ. ३५-३९

३३. शिवनारांको घरमा गुठीयारहरु भेला भई शिवनारांलाई हतारो लगाउने गर्दा पुननारांले अन्त्येष्टिका लागि आवश्यक सामग्री लिएर आउँछन् र अप्टनारांको अन्त्येष्टि कार्य हुन्छ । पृ. ४०-४१

### खण्ड ९

३४. अप्टनारां विचार ल्याउने चलनको विरोधी भए पनि उनका सबै छिमेकीहरु विचार लिएर उनको घरमा आउँछन् । पृ. ४१-४३

३५. बाबु अप्टनारांको विचारबाट परिवारका सबै सदस्यहरु प्रभावित थिए । पृ. ४३

३६. पितृशोकबाट पीडित भएका शिवनारांका सबै परिवार दुई दिनसम्म केही नगरी बसेर तेस्रो दिनदेखि सबै आफ्नो -आफ्नो काममा लाग्छन् । पृ. ४३

३७. साहुको पुरानो ऋण तिरेर ऋणमुक्त हुने बावु अप्टनारांको विचारबाट प्रभावित भएका शिवनारां खेतीको काममा एकचित्त भएर लाग्छन् । पृ. ४३-४४

### खण्ड १०

३८. शिवनारां खेतीको काम, पुननारां सिकर्मी, हर्षनारां ज्यामीकाममा, लतमाया र नानीथकुँ घरमै बसी तान बुनी परिवारका सबै श्रममा जुटे पनि घरमा गरिबीले भने झनझन पिरोलिरहेको हुन्छ । पृ. ४४-४५

३९. सुब्बा सुरमानको कारिन्दा रामबहादुर शिवनारांको गरिबीबाट फाइदा उठाउने देशीतान किनिदिएर नानीथकुँलाई सुब्बा सुरमानको हात पारिदिने उद्देश्य लिई शिवनारांको घरमा आउँछ ।

४०. जाली र षड्यन्त्रकारी रामबहादुर जाली र बनावटी कुरा गरेर लतमायालाई अपटनारांले नानीथकुँलाई सुब्बा सुरमानसँग बिहे गरिदिन वचन दिइसकेको कुरा गरी देशीतान लिएर फेरि आउने भन्दै घर फर्किन्छन् । पृ. ४५-४९

**खण्ड ११**

४१. शिवनारांले डाक्टर गोदत्तप्रसादसँग २५ रुपैंया पुनः सापटी लिएर आधुनिक तरिकारले तरकारी खेती गर्छन र डाक्टरको सहयोगप्रति उनी खुसी देखिन्छन् । पृ. ४९

४२. डाक्टर गोदत्तप्रसाद हेरविचारको रुपमा शिवनारांको घरमा बराबर आइरहने हुँदा उनको नानीथकुँसँगको हेलमेलको मात्रा बढ्दै गएर ख्यालठट्टासम्म पुगेर लतमाया भान्सामा गएको मौकामा जिस्किएर चलेर घण्टौ बित्न थाल्छ । पृ. ५०-५५

**खण्ड १२**

४३. शिवनारांको परिवारमा सबैले बराबर भाग लगाएर एकैसाथ खाना खाने चलन अप्टनारां हुदाँदेखि चलेको चलन हो । पृ. ५६-५८

४४. बेलुकाको खाना खादैं गर्दा रामबहादुर आएको र गतसालको बाँकी बाली सुरमानले माफी गरिदिएको र आफ्ना परिवारको सहयोगको लागि देशीतान किनिदिने कुरा गरेर गएको कुरा लतमायाले आफ्ना छोराहरुलाई सुनाउँछिन् । पृ. ५६-५७

४५. तल्सिङ यो सहयोगमा कुटिलता लुकेको शङ्का गर्दै डाक्टरको सहयोगबाट थिचिई सकेकोले अरुबाट पनि थिचिन नहुने कुरा गर्दै

सुब्बा सुरमानको सहयोग स्वीकार गर्न नहुने विचार परिवारलाई सुनाउँछन् । पृ. ५८-५९

### खण्ड १३

४६. शिवनरां आफ्नो सबैकाम आफैँ गर्ने भएकाले हाकुमायाले श्रीमानका लागि केही काम पनि गर्नु पर्दैन् । पृ. ५९-६०

४७. खाना खाइसकेर सुत्ने कोठामा गएर तमाखुँ खाँदै ठट्यौलो गफ चलिरहेको बेला हाकुमाया नानीथकुँको बिहेको कुरा उठाउँछिन् । पृ. ६०-६२

४८. नानीथकुँको बिहेको हतार भए पनि आफूसँग पैसा नभएकाले अहिले बिहे गर्न नसक्ने कुरा शिवनारां हाकुमायासँग गर्छन् । पृ. ६२

४९. हाकुमायाले नानीथकुँ र डाक्टरको चर्तिकलावारे आफूलाई पुनचाकी स्वास्नीले सुनाएको कुरा शिवनारांलाई सुनाउँदा उनलाई डाक्टरप्रति रिस उठ्छ । पृ. ६३

५०. अरुको कुरा सुनेर रिसाउनु नहुने कुरा शिवनारांलाई सम्झाउँदै नानीथंकुको उमेर पनि यस्तै भएको र अबदेखि आफूसँग खेतमा लगे समस्या नरहने सल्लाह शिवनारांलाई हाकुमाया दिन्छिन् । तर पनि शिवनारांको मनमा खिन्नता र चिन्ताले छोड्दैन् । पृ. ६४

### खण्ड १४

५१. डाक्टरको बदमासीमा भन्दा उदारताको आडमा दुष्टता लुकेको र बहिनीको चरित्र बिग्रिएको देखेर बिरक्त र दिक्दारी भएको शिवनरां बिहान छिट्टै उठ्ने भए तापनि त्यस दिन बिहान ढिला सम्म सुतिरहन्छन् । पृ. ६४

५२. बिहानको खाना खाएर आमाको कोठामा गएर नानीथकुँ र डाक्टरको चर्तिकला कुरा सुनाउँदै अबदेखि नानीथकुँलाई बेलुका भान्सामा काम लगाउनु डाक्टरलाई बिनाकममा घर नआउन सम्झाउनु र सुब्बाको तान पनि स्वीकार नगर्नु भन्दै शिवनारां खेतीतिर जान्छन् । पृ. ६४-६६

५३. छोरीको चरित्रको कुार सुनेर लतमायालाई दिक्दारी दुःख र पीर मान्दै शिवनारांको कुार र डाक्टरको व्यवहारले लतमायालाई शङ्का सुरु हुन्छ । पृ. ६६

**खण्ड १५**

५४. डाक्टरको उदारताभित्र दानवता लुकेको देखेर सोझी लतमायालाई दिक्दारी, पीडा र छट्पटि भएकाले तानमा बसेर काम गर्न पनि मन लाग्दैन । पृ. ६७

५५. मद्दतदारहरुको मद्दतको बाटो गरी जिन्दगीमा हमला गरेको कुरा गर्दै रामबहादुरले बोकाएर ल्याएको तान राख्न लतमाया अस्विकार गर्छिन् । पृ. ६८

५६. लतमायालाई एउटा गोप्य कोठामा लगेर रामबहादुर अनेक षड्यन्त्रकारी, जाली र बनावटी कुरा गरी झुट्टो कसमसमेत खाएर सोझी लतमायालाई विश्वास गराउँछन् । पृ. ६९७३

५७. रामबहादुरको जाली कुरामा विश्वास गरेर लतमाया खुसी हुन्छिन् र रामबहादुर बिहेको कुाराको निधो लिन अर्को दिन आउने भएर घर फर्कन्छ । पृ. ७३-७४

## खण्ड १६

५८. रामबहादुर र लतमायाको बीचमा भएको सबै कुरा लुकेर सुनेकी नानीथँकुलाई लतमायाले जिस्क्याउँछिन् । पृ. ७४-७६

५९. डाक्टर गोदत्तप्रसाद आउँदै गरेको देखेर नानीथकुँलाई बेलुकादेखि भन्साको काममा जान र आफू तानमा बस्ने कुरा गर्छिन् । पृ. ७६-७७

६०. गोदत्तप्रसाद आफूलाई स्वदेशी बस्तुप्रति प्रेम भएको स्वदेशी उद्योगको विकासले रोजगार अवसरमा वृद्धि भई गरिबी हट्ने भएकाले अबदेखि आफू पनि तानमा बुनको कपडा लगाउने विचार भएकोल आफ्नो लागि उनी लतमायासँग कपडा बुनी माग्दछन् । पृ. ७७-७८

६१. कुराकानी चलिरहेको बेलामा लतमायाले नानीथकुँलाई भान्साको कममा जान अराउँछिन् । पृ. ७८

६२. डाक्टर र नानीथकुँ दुवैलाई आमालाई तानको काममा परिश्रम पर्ने हुँदा आमालाई भान्साको काममा जान सल्लाह दिन्छन् तर आमाले आफूलाई गाह्रो भएकाले भान्साको काममा जान नमानेपछि गाह्रो मन लिएर नानीथकुँ भान्सामा जान्छिन् । पृ. ७८-८०

६३. डाक्टर आफ्नो भलादमीपन देखाउन मन नलागे पनि केही क्षण लतमायासँग गफ गरेर बसिरहँदा नानीथकुँ विभिन्न वाहना बनाएर पटकपटक तान भएको कोठामा आइरहन्छिन् । पृ. ८०

६४. डाक्टर गइदिए हुन्थ्यो भने लतमायाको भावनाअनुसार एकजना बिरामीको मान्छे डाक्टरलाई खोज्दै आउँछ र मौका पारेर डाक्टर नजाने मनसाय बुझेपछि लतमायाले बिरामी हेर्ने डाक्टरको कर्तव्य

हो जानुपर्छ बरु बिनाकाम आफूहरुकोमा आएर दुःख नगर्न डाक्टरलाई भन्दा मन नभईनभई त्यहाँबाट हिँड्छन् । पृ. ८०-८१

**खण्ड १७**

६५. डाक्टर नानीथकुँको चरित्र बुझ्ने उद्देश्यले शिवनारां घर फिर्दै गर्दा डाक्टरलाई बाटोमा भेट्दा बेवास्ता गर्छन् तर डाक्टर शिवनारांसँग गफ गर्नुपर्छ भनी शिवनारांको घरतिरसँगै आउँछन् । पृ. ८५-८६

६६. डाक्टर फेरि फर्किएको देखेर लतमाया छक्क परेपनि नानीथकुँ भने खुशी हुन्छिन् । पृ. ८५

६७. शिवनरां कोठामा गएर सुतेका देखेर डाक्टर शिवनारांकै कोठामा गएर उनको अवस्था सोध्दा शिवनारांले बेवास्ता गर्छन् र डाक्टर घरतिर फर्किन्छन् । पृ. ८५-८६

६८. डाक्टर नानीथकुँ प्रति नराम्रो दृष्टि राखेर बारम्बार आइरहेकाले आमा लतमाया र नानीथकुँ सँग बेलुकाको खानाखाने बेलामा शिवनारां रिसाउँछन् । पृ. ८७-८८

६९. यसअघि त्यसरी कहिले नरिसाउने शिवनारांलाई त्यति साह्रो रिसाएको हाकुमायाले सम्झाउँन् खोज्दा शिवनारां उल्टै रिसाउछन् । पृ. ८९

७०. डाक्टरलाई यहाँ आउँन नानीथकुँले मात्र रोक्न सक्ने र नानीथकुँलाई रोक्नु भन्दा नानीथकुँले आफू त्यसो गर्न नसक्ने जवाफ दिएपछि शिवनारां झन बढी रिसाएर गाली गरेको सुनेर स्थितिलाई लतमायाले शान्त पार्छिन् । पृ. ९०-९३

## खण्ड १८

७१. नानीथकुँ बेलुकाको घट्नाको कारण बिना टाउको दुखेको निहुँ गरेर खाना नखाई बिहानभरि सुती घरको सबै सदस्य कामकामा गएको मौका पारी डाक्टरको घरमा पुगी बेलुका आफ्नो घरमा भएको सबै वृत्तान्त डाक्टरलाई सुनाउँछिन् । पृ. ९४-९५

७२. डाक्टरको बिरामी जाँच्ने कोठामा ड्युटीमा समेत नगई बिदा लिने विचार गरेर डाक्टर र नानीथँकु भावुक र प्रेमलाप गरेर धेरै समय बिताउँछन् । पृ. ९६-१०३

७३. आफ्नो श्रीमानको चरित्र बुझेकी रञ्जनादेवी बिरामी जाच्ने कोठामा बारम्बार आएर चियो गरी डाक्टर र नानीथकुँको सम्बन्ध र दुईविचको सबै कुराकानी थाहा पाउँछिन् । पृ. १०३ -१०५

७४. रञ्जनादेवीले गोदत्तप्रसादलाई खानाखान बोलाउँन गएपछि नानीथकुँलाई एक बज आफ्नो घरमा बोलाउदै डाक्टर भान्सामा लाग्छन् । नानीथकुँ मनमा अनेक कुरा खेलाउदै घरतिर लाग्छिन् । पृ. १०४ -१०५

## खण्ड १९

७५. खाना खाँदै गर्दा आफ्नो श्रीमानलाई सम्झाउदै आफ्नो इज्जतको ख्याल गर्न र हाँसेर यथार्थ कुरा नपचाउन स स्वास्नीमान्छे भौतिक सुखमा भन्दा आफ्नो रोजाई र प्रेमी एकलौटी भएकोमा बढी खुसी हुने कुरा गर्दै आफूले सर्वस्वः सम्पिएको व्यक्तिले स्वास्नी मान्छेलाई कमजोरी सम्झिनाले गर्दा संसारको दुःखको कारण बनेको कुरा श्रीमानलाई सुनाउँछिन् । पृ. १०५ -१०७

७६. रञ्जनादेवी प्रोफेसरकी छोरी र शिक्षित महिला थिइन् । पृ. १०७

७७. डाक्टरको पेशाको नाममा तरुना जम्मा गरी पैसामा दाग बन्न लागेका देखेर सभ्यता र लाज राखेर काम गर्न सम्झाउँछिन् । पृ. १०७ -१०९

७८. डाक्टर गोदत्तप्रसाद रञ्जनादेवीलाई चियो गरेर कुरा नसुन्न र नानीथकुँसँग ठट्टा गर्नमा आफ्नो गल्ती नभएको कुरा गर्छन् । पृ. १०९

७९. रञ्जनादेवीले डाक्टरले यस भन्दा अगाडी गरेका कुकर्मलाई सम्झाउँदै अबदेखि त्यस्तो गल्ती गर्न नदिने कुरा गर्दा डाक्टर केही कुरा नसुने जस्तो गरी हतारिँदै अस्पतालतिर लाग्छन् । पृ. ११०

**खण्ड २०**

८०. रञ्जनादेवी नानीथकुँलाई बोलाउन पठाएर आफ्नो घरमा ल्याई आदर्श, मूल्य, इज्जत, आदि बारेमा सम्झाउँदै सृष्टिको गतिलाई र प्रगतिको लागि नारी पुरुष एकअर्काको परिपूरक भएकाले आफूलाई पुरुषको खेलौना बन्न दिन नहुने कुरा सम्झाउँछिन् । पृ. १११ -११५

८१. प्रेम गर्न सबैको अधिकार भएको कुरा सम्झाउँदै प्रेम पवित्र र आदर्श हुनुपर्ने र नारी आदर्श र मूल्यको लागि रञ्जनादेवी 'सीता' र 'सुपर्णखा' को पौराणीक उदाहरण दिएर नानीथँकुलाई सम्झाउँछिन् । पृ. ११६ -११८

८२. नानीथँकुलाई आफूले डाक्टर र नानीथकुँ बीच भएका सबै कुरा थाहा पाएको उनले बाटो बिराउन लागेको, सौता भएर आउँदा बर्बाद हुने दुःख भोग्नुपर्ने कुरा सम्झाउँछिन् । पृ. ११९ -१२०

८३. सल्लाह भएअनुसार डाक्टर गोदत्तप्रसाद एक बजेसम्म घरमा आइपुगेका हुँदैनन र नानीथकुँ रञ्जनादेवीको सार कुरा सुनेर मनमा अनेक कुरा खेलाउँदै घरतिर लाग्छिन् । पृ. १२०

**खण्ड २१**

८४. रञ्जनादेवीबाट डाक्टर चरित्र, नारी आदर्श र महत्वको कुरा सुनेपछि नानीथकुँको मनमा प्रेमवियोग र कहिले घृणा बीचको द्वन्द्व हुन्छ । पृ. १२१

८५. रञ्जनादेवी भविष्यमा आइपर्ने घाँडो पन्छाउने उद्देश्यले शिवनारांलाई भेट्न शिवनारांको खेतीतिर लाग्छिन् । पृ. १२१

८६. शिवनाारां र हाकुमायाले बारीमा रञ्जनादेवीको स्वागत गर्छन् । हाकुमायाको बाठी र ठट्यौलीपन देखेर रञ्जनादेवी छक्क पर्छिन् । पृ. १२२ -१२४

८७. रञ्जनादेवी, शिवनारां परिवारको इमानदारी, निःस्थार्थभावना, गुणी प्रवृत्ति र अप्टनारांको गुणगान गर्दै डाक्टर र नानीथकुँको सम्बन्धको बारेमा कुरा गर्दै यस सम्बन्धले दुवै परिवारको इज्जतमा दाग लगाउन आँटेको र यस सम्बन्धलाई रोक्नु पर्ने कुरा शिवनारांसँग गर्छिन् । पृ. १२४ -१२६

८८. शिवनारां यो सम्बन्ध प्रेम नभएर एक बदमासी मात्र भएकोले यस्तो कार्य समाजमा हुन नदिने अलिक रिसाएर भावमा व्यक्त गर्छन् । पृ. १२७

८९. शिवनारांको विचारको तारिफ गर्दै स्वतन्त्रताको नाममा समाजमा रावण र सुर्पणखाको जन्म हुन लागेका भन्दै सानै प्रयासबाट डाक्टर र नानीथकुँ बीचको सम्बन्ध छुटाउन सकिने कुरा गर्छिन् । पृ. १२७

९०. शिवनारांले आफ्नो कुरा सकरात्मक रुपमा लिएकाले उनीहरुप्रति खुसी हुँदै उनीहरुको श्रमको कदर गर्दै आफ्नो घरमा समय मिलाएर आउने निम्तो दिएर रञ्जनादेवी आफ्नो घरतिर फर्किन्छन् । पृ. १२८-१२९

**खण्ड २२**

९१. डाक्टरको घरबाट फर्किएपछि नानीथकुँको मनमा प्रेमको आदर्श र समाजको आदर्शबीच ठूलो द्वन्द्व भएपछि उनी धेरै बेर छटपटाउँछिन् । पृ. १२९ -१३१

९२. नानीथकुँलाई दिएको समयभन्दा दुई घण्टा ढिला गरी फर्किएका डाक्टर नानीथकुँ आएर धेरै बेर बसेर फर्किएको कुरा नोकरबाट थाहा पाएपछि धेरै बेर छटपटाउँछिन र नानीथकुँको घरतिर लाग्छन् । पृ. १३१

९३. घरमा अपर्झट आएको गदत्तप्रसाद कोठामा लगी अबदेखि नआउन र आफूलाई रञ्जनादेवीको कुराले होस आएको बताउदै आफूहरु बीच भएको प्रेम, प्रेम नभएर अपराध भएको र नारीजातीको कलङ्क बन्न लागेको कुरा नानीथकुँ डाक्टरलाई सुनाउछिन् । पृ. १३१ -१३२

९४. डाक्टर नानीथकुँलाई अनेकन उदाहरणहरु दिएर आफूलाई विश्वास गर्न अरुको भनाईमा नबहकिन र प्रेमपथमा आउँने अवरोधहरुसँग नडराउन सम्झाउँछिन् । पृ. १३३ -१३६

९५. रञ्जनादेवीको आदर्शको कुरा डाक्टरको प्रेमको कुराले दोधारमा परेकी नानीथकुँलाई छिट्टै छिट्टै घरको व्यवस्था मिलाएर लिन आउँने कुरा गर्दै डाक्टर घरतिर फर्किन्छन् । पृ. १३७

**खण्ड २३**

९६. रञ्जनादेबीले खेतमा आएर सुनाएको कुराले शिवनारांको मनमा अनेकन कुरा खेल्छन् र छिट्टै घर फर्किदै गर्दा बाटोमा डाक्टर फिर्दै गरेको र छरछिमेकले झ्यालझ्यालबाट चिहाएर हेर्दै गरेको देख्दा शिवनारांलाई ज्यादै रिस उठ्छ र घरमा पुगेर डाक्टर शिवनारां रिसाउँछन् । पृ. १३७ -१३९

९७. रिसाउँदै शिवनारांले नानीथकुँलाई बोलाउँदा नआएपछि उनकै कोठामा गएर नानीथकुँलाई सातो लिन्छन् । पृ. १३९ -१४१

९८. रोजेर बिहे गर्ने स्वतन्त्रता परिवारका सबै सदस्यहरुलाई भए पनि अर्काको भइसकेको प्रेमी, बाबु, आमा, स्वास्न, लोग्ने खोस्नु नहुने जसले गर्दा अशान्ति आउँने र राष्ट्रिय एकता र संस्कृति एकताको लागि आफू अन्तजातीय विवाहको पक्षमा भएको विचार आफ्नो परिवारलाई सुनाउँछन् । पृ. १४१ -१४४

९९. भोलिपल्ट रोपाइँ भएकाले सबै जना लतमायाले बनाएको खाना खाएर छिट्टै सुन्तन् तर नानीथकुँ मनमा अनेक कुरा खेलाउँदै भोक्कै सुत्छिन् । पृ. १४४ -१४६

**खण्ड २४**

१००. अप्टनारां हुदाँ नै २/४ पैसा खर्च गरी रोपाइँमा रमाइलो गर्ने प्रचलन अनुसार रोपाइँको दिन शिवनारांको खेतमा रमाइलो भएकाले

रोपाइँको रमाइलो हेर्न दर्शकहरु पनि ताँती लागेर रोपाइँको रमाइलो हेरिरहेका छन् । पृ. १४६ -१४७

१०१. खेतालालाई पानसुपारी बाँडी रमाइलो गर्ने निहुँमा दुईजना मानिसलाई किस्तीमा महङ्गा खालका पानसुपारी लिएर आएर गोदत्तप्रसादले सबैलाई पानसुपारी र मसाला बाँडी रमाइलो गर्छन् । पृ. १४८ -१५९

१०२. हिलो खेली जाँडरक्सी खाई रमाइलो गरिरहेका खेतालाहरुलाई देखी नानीथकुँले डाक्टरलाई समातेर हिलोमा खसाल्छिन र उनीहरु चलेका देखी शिवनारां नानीथकुँसँग रिसाउँछन् । पृ. १५० -१५१

१०३. रोपाइँ सकिने बेलासम्म रमाइलो हेरी सबैजनासँग बिदा भएर डाक्टर गोदत्तप्रसाद घरतिर फिर्छन् । पृ. १५१

**खण्ड २५**

१०४. रोपाइँको थकाइ मार्न घरमा बसेका शिवनारांका परिवारका बीचमा गफका क्रममा लतामाया छोरीको बारेमा चलेका हल्लाका कारण दःखित हुन्छिन् भने शिवनारां बहिनीले असल जीवनसाथी रोजेर आफूखुशी बिहे गरुन भन्ने बिचार सुनाउँछिन् । पृ. १५१ -१५२

१०५. लतामायाले नानीथकुँलाई सरमानसँग बिहे गरिदिने बिचार सनाउँदा शिवनारां लोभमा परेर बहिनीलाई बेच्न नहुने बरु खोजेरै भए पनि असल केटासँग बिहे गरिदिनु पर्छ भन्ने शिवनारांको विचार थियो । पृ. १५२ -१५४

१०६. सुब्बा सुरमानले शिवनारांको कुनै समस्या छ कि बुझ्न पठाएको भन्दै आएका रामबहादुरलाई शिवनरांको परिवारले राम्रोसँग स्वागत सत्कार गर्छन् । पृ. १५५

१०७. आफ्नो खेतमा रोपाइँ सकिएको र हाललाई कुनै समस्या नपरेकोले कुनै सहयोगको आवश्यकता नपरेको र परे फेरि भन्ने कुरा शिवनारां रामबहादुरसँग गर्छन् । पृ. १५६

१०८. रामबहादुर कुराकै प्रसङ्गमा नानीथकुँ र सुब्बाको बिहेको कुरा पक्का गर्न आएको कुरा निकाल्दा शिवनारांले त्यो हुन नसक्ने कुरा गर्छन र रामबहादुर रिसाउँदा शिवनरां र रामबहादुरबीच भनाभन र कुटकुटसम्मको अवस्थामा पुग्छ । पृ. १५७ -१५९

१०९. शिवनरांको झम्टाई भेटेका रामबहादुर पुरोनो बाँकी र तानको पैसा माग्दा उनले रामबहादुरलाई तान नै उठाएर लैजान भन्छन् । पृ. १६० -१६१

११०. हाकुमायाले रामबहादुरालाई धम्क्याउँदै उजुर गर्न जान भन्दै तान लैजान नदिएपछि जिल्ल परेर घर फर्किन्छन् ।

**खण्ड २६**

१११. शिवनारांको घरबाट कुटाइ खाएर आएको रामबहादुरले उनलाई पर्खी बसेको सुब्बा सुरमानलाई भएनभएको कुरा थपेर सुनाएपछि सुब्बको रिसको पारो चढ्छ र दुईचार जना गोठालाहरुलाई लिएर शिवनरांलाई रिस पोख्न उनको घरमा पुग्छन् । पृ. १६१ -१६३

११२. रिसाएर आएका सुब्बा सुरमानको भनाइ केही क्षण सहेर बसेका शिवनारांलाई रामबहादुरले बहिनी दिने कुरा स्वीकार गर्न र

सुब्बासँग जोरी नखोज्न भन्नसाथ शिवनारांलाई रिसको आवेग थपिँदा सुरमान र रामबहादुरसँग हात हालाहालको अवस्था सुरु हुन्छ । पृ. १६३ -१६५

११३. सुब्बा सुरमानले उनका कामदारहरुलाई तान झिकेर ल्याउन भन्छन् । तर तान झिक्न नपाउँदै कुटाकुटको अवस्था सुरु हुन्छ र शिवनारां र हर्पनारांले सुब्बा र रामबहादुरलाई लखेटेर पठाउँछन् । पृ. १६५ -१६६

११४. झगडा छुट्याउने पुननारां शिवनारांबाट सबै कुरा थाहा पाए पछि उल्टै सुब्बा सँग रिसाउँछन् । पृ. १६७

११५. लतमाया त्यस घट्नासँग डराउँदा, समय परिवर्तन भइसकेको हुँदा नडराँउन सम्झाउँछन् । पृ. १६७

**खण्ड २७**

११६. छाडा गाइवस्तु 'नेपाल खेतीवाल सङ्घ' को गठन भएपछि केही नियन्त्रण भए पनि छाडा गाइवस्तुले बाली खाइदेला भनी शिवनारां हाकुमाया र दुई छोराछोरी खेतीमै रात बस्ने गरी जान्छन् । पृ. १६७ -१६९

११७. सुतिसकेकी हाकुमायालाई बोलाएर धेरै बेर लोग्नेस्वास्नी गफ गरी रहेको बेला खेतमा गाई चरेको आवाज सुनी शिवनारां र हाकुमाया खेतमा पुगी गाईलाई थला बस्ने गरी पिट्छन् र भोलिपल्ट थानामा बुझाइदिन्छन्। पृ. १७० -१७४

११८. हाकुमायाको गाईलाई गोमाता भन्ने धारणाको विरोधमा शिवनारां आफ्नो तर्क अघि सार्छन् । पृ. १७४

### खण्ड २८

११९. समयमा नै राम्रो वर्षात भएकाले सबै किसानहरुले जेष्ठ १५ सम्ममा रोपाइँ सिध्याउँछन् । पृ. १७४

१२०. गरिबीका कारण हातमा सीप भए पनि मर्मत गर्न नपाएको घर ठूलो पानी पर्दा भत्किएर पुर्ला भन्ने शिवनारांको परिवारलाई ठूलो पिर परेको छ । पृ. १७४ -१७६

१२१. अलिक ऋण लिएरै भएपनि यस वर्ष घरमर्मत र हर्षनारां र नानीथंकुको बिहे गर्ने परिवारमा सल्लाह हुन्छ । पृ. १७५ -१७६

१२२. बेलकाको खाना खाएर सुन्तली भाँडा माभिरहेको बेला अँध्यारोमै नानीथंकुलाई लिन भनेर आएका गोदत्तप्रसादलाई नानीथकुँले आफ्नो विचारमा परिवर्तन आइसकेको भन्दै उनीसँग जान इन्कार गर्दा खिन्न भएर फर्किन्छन् । पृ. १७६ -१८०

### खण्ड २९

१२३. हर्षनारां, माइला तामाङकी छोरी पुतली भेटेर खुसी हुँदै आमालाई अब आफू बिहे गर्ने कुरा सुनाउँदा पैसा धनसम्पत्ति, रुपसँग नहुने भएकाले तामाङकी छोरी बिहे गर्दा साम्प्रदायिक भावना अन्त्य भएर देशको उन्नतिमा सहयोग पुग्ने कुरा लतमाया गर्छिन् । पृ. १८० -१८२

१२४. पुनारांको कुरा हर्षनारांलाई सुनाउँदा उनी पनि खुसी हुँदै खेतीमा गएर शिवनारासँग सल्लाह गरी भोलिपल्टै बिहे गर्ने र भोज पछि खुवाउने निधो लिएर घर फर्किन्छ । पृ. १८३ -१८६

### खण्ड ३०

१२५. शिवनारांको घरमा बेलुकातिर दुलही ल्याइने हुँदा घर अरु दिनको भन्दा सजिसजाउ देखिन्छ । पृ. १८६ -१८७

१२६. स्वास्नी मान्छेलाई बिहेको दिनमात्र नभएर सधै स्वागत सत्कार मान मर्यादाको व्यवहार गर्नुपर्ने भएकाले दुलहीलाई हिंडाएरै ल्याउन तयारी शिवनारांको सल्लाहअनुसार निधो हुन्छ । पृ. १८७ -१८८

१२७. छोरी पुतलीको रोजाइमा माइला तामाङ्ग पनि खुसी थिए । उनी पनि जातीय एकताको पक्षमा थिए । पृ. १८८ -१८९

१२८. महिला तामाङ्गले आफ्नो क्षमताअनुसारको हर्षनारांलाई राम्रो स्वागत सत्कार गर्दै पुतलीलाई एकजोर नँया लुगा किनिदिएर, साथमा डोको, नाम्लो र हँसिया उपहार दिएर बिदाई गर्छन् । पृ. १८९ -१९१

१२९. दुलही लिएर आउन ढिला हुँदा शिवनारां बाटोसम्म लिन गएर दुलही लिएर आउँछन् । पृ. १९१

१३०. घरमा आफ्नो परिवारको लागि २/३ रुपैयाँ सापट लिएरै भए पनि जाडँरक्सीको व्यवस्था गरिएको हुँदा खाएर सबै रमाइलो गरेपछि १० बजेतिर शिवनरां खेतीतिर सुत्न जान्छ । दुलाहा र दुलही पनि ठट्टा गर्दै जिस्किदै सुत्छन् । पृ. १९१ -१९५

**खण्ड ३१**

१३१. शिवनारां र रञ्जनादेवीका कुराले परिवर्तन भएको नानीथकुँको मन हर्षनारा र पुतलीको प्रेमविबाह देखेर झन परिवर्तन हुन्छ र आफूले भूल गर्न आँटेकाले नानीथकुँ डाक्टरबाट टाढा हुन चाहन्छिन् । पृ. १९५ -१९७

१३२. सूई दिएको एक घण्टा पछि र रञ्जनादेवीले बोलाउन पठाएको भनेर एकजना स्वास्नी मान्छेले नानीथंकुलाई झुक्याएर कालिकास्थानको एउटा घरमा पुऱ्याउँछिन् । जहाँ गोदत्तप्रसाद बसिरहेका हुन्छन् । पृ. १९९ -२०४

१३३. नानीथकुँलाई अघि दिउँसो हैजा र टाइफाइट विरुद्धको सूई भनेर झुकयाएर बेहोस हुने सूई लागाइदिएकाले उनी कालिका स्थानको घरमा बेहोस हुन्छिन् । पृ. २०४

१३४. नानीथकुँ हराएपछि तीनै जना दाजुभाई आफूले चिनेजानेको र डाक्टरको घर सबैतिर खोज्दा नभेटर निराश भएर घर फर्किन्छन् । पृ. २०४-२०६

१३५. नानीथकुँलाई खोज्दै उनका दाइहरु डाक्टरको घरसम्म आएको कुरा डाक्टरलाई नानीथकुँलाई बोलाउन जाने स्वास्नीमानिसबाट थाहा पाउँछन् । पृ. २०६

१३६. होस आएपछि आफूलाई छाडिदिन, नारीको चरित्र आदर्श र मूल्य बुझ्न डाक्टरसँग रोई कराई अनुरोध गर्दासमेत डाक्टरले नानीथकुँको कुमारीत्व जबर्जस्ती लुट्नन् । पृ. २०६-२०८

**खण्ड ३२**

१३७. नानीथकुँ हराएको करिब डेढ महिनापछि रञ्जनादेवीले डाक्टरले नानीथकुँलाई लुकाइ राखेको ठाँउ पत्ता लगाउँछिन र शिवनारांसँग डाक्टर नानीथकुँलाई कुनै हानी नगर्ने सर्त गराई लुकाई रखेको ठाँउ देखाइदिन्छन् । पृ. १०८ -११०

१३८. ठेगाना पाएपछि तीनै जना दाजुभाई नानीथकुँलाई लुकाएर राखेको ठाउँमा पुगी डाक्टरलाई तर्साउदा रञ्जनादेवीले एकपटक दुवैलाई माफ गरिदिन अनुरोध गर्छिन् र नानीथकुँलाई दाजुहरुसँगै फर्किएर जान सम्झाउँछिन् । पृ. ११० -११४

१३९. नानीथकुँ आफू दोजिया भइसकेकीले घर फर्केर नजाने कुरा गर्दा शिवनारां बहिनीलाई सम्झाउँदै जबर्जस्तीबाट रहेको गर्भ भएकाले गर्भपतन गराउनुपर्ने नत्र त्यसबाट पनि असल व्यक्तिको जन्म नहुने र कुनै असल व्यक्तिसँग बिहे गर्नुपर्छ भनी सम्झाउँदै बहिनी नानीथकुँलाई लिएर घर फर्कन्छन् । पृ. २१४-२१६

**खण्ड ३३**

१४०. नानीथकुँ घर फर्किएर आउँदा घरका परिवारहरु खुसी हुन्छन् र सबै पविारलाई होसियारी गराएर खेतीतिर जान्छन् । पृ. २१७

१४१. शिवनारांको चाहनाअनुसार एक हप्ताभित्र एक जना एस्. एल्. सी. पास भएका तराईबासी रामलखन राउतसँग भेट हुन्छ र केही दिन पछि नानीथकुँसँग प्रेम भई बिहे हुने हुन्छ । पृ. २१७-२२०

१४२. अनावश्यक तडकभडक बिना जन्ती ल्याउने परम्पराको विरुद्ध २ दिनपछि बहिनीलाई नै दुलाहाको घरसम्म पुऱ्याउन पठाउने सल्लाह हुन्छ । पृ. २२०-२२१

१४३. बिहेको दिन हाकुमायाको एकजोर कपडा सापटी लिएर सबैले आशिर्वाद दिएर भावविह्वल हुँदै एक जना मानिसको साथ कुटो, कोदालो, हँसिया, चर्खा, खर्पन, खुकुरी भादगाँउले टोपी र नेपालको

एउटा चित्रसाथ बोकाएर रामखेलवानको डेरासम्म पुऱ्याउछन् । पृ. २२१-२२४

**खण्ड ३४**

१४४. भाइ पुननारां, बहिनी नानीथकुँको बिहे भएको समयमै खेतीका काम सकी धानका विरुवाहरु पनि राम्रोसँग फस्ट्याएको हुँदा शिवनारां मनमा अनेक अधुरा रहेका इच्छाहरुलाई पूरा गर्न सपना देखी मख्ख हुन्छन् । पृ. २२४-२२६

१४५. आजसम्म जस्तै बाली राम्रो भए पनि न त कुनै किसानले दरबार नबनाएको न त भरपेट नै खानपाएको भन्दै हाकुमाया शिवनारासँग आफ्नो असनतुष्टि पोख्छिन् । पृ. २३६-२२७

१४६. आफूले भरपेट खान नपाए पनि संसारलाई खुवाउन पाएका र एकदिन किसानले पनि भरपेट खाने दिन आउँछ भन्दै हाकुमायालाई सम्झाउँछन् । पृ. २२७

१४७. फेर्ने लुगा नभए पनि पानीझरीमा रुझ्दै धान खेतमा झार उखेल्दै धानवाली राम्रो भए पुरानो ऋण तिरी परिवारका सबैजनाको इच्छा पूरा गराउँने कुरा शिवनारां खेतमा काम गर्दै परिवारलाई सुनाउँछन् । पृ. २२७-२२८

१४८. लगातार तीन दिनको वर्षातले शिवनारांको खेत, गोठ, बाढीले बगाउँदा, शिवनारांका चारजना परिवार बाढीसगैँ बग्छन् र भोलिपल्ट उनीहरुको लास क्वेनामा भेटिन्छन् तर लाश बुझ्ने कोहि हुदैंनन् । पृ. २२८-२३२

१४९. गरिबीका कारणले मर्मतसमेत गर्न नपाएको घर तीन दिनको वर्षातलाई थेग्न नसक्दा भत्किएर घरमा सुतेका सबै परिवारको मृत्यु हुन्छ । पृ. २३२-२३३

## ४.२. कथावस्तु : विकास र व्यवस्थापन

संस्कृत साहित्यमा नाटकको सन्दर्भमा कथावस्तुको तीनवटा स्रोत मानिएका छन् - प्रख्यात, उत्पाद्य र मिश्रित । (शर्मा-२०४८:२६) । पाश्चात्य साहित्यका विद्वान अरिस्टोटलले ट्रेजेडीको व्याख्या गर्ने क्रममा कथा बस्तुको तीनवटा श्रोत उल्लेख गरेका छन् : दन्त्यकथा, इतिहास र कल्पना । ( थापा, २०४० : ६२) पुराण, दन्त्यकथा, आदि लोक प्रचलित हुने भएकाले तिनलाई प्रचलित मानिन्छ भने रचनाकारको मौलिक कल्पनालाई उत्पाद्य भनिन्छ । कथाबस्तुको श्रोत सम्बन्धी पूर्विय र पाश्चात्य मान्यता बीच खास भिन्नत रहेको देखिन्दैन । आजका आधुनिक उपन्यासहरु प्रख्यात कथाबस्तु भन्दा गुतीन प्रवृति र समसामयिक विषयबस्नुलाई आधार बनाएर वर्तमान सन्दर्भलाई उद्घाटन गर्ने लक्ष्य राखिएको पाइन्छ ।

**एक चिहान** उपन्यास पुराण, इतिहास वा दन्त्यकथा जस्ता प्रख्यात विषयवस्तुमा आधारित नभएर विशुद्ध रूपमा उपनयासकारको मौलिक कल्पनामा आधारित विषयबस्तुको स्रोत प्रख्यात नभएर उत्पाद्य हो । यस उपन्यासमा काठमाण्डौको गाउँको एउटा निम्न वर्गीय किसान चरित्रहरूको जीवन वृतान्त चित्रित छ । प्रस्तुत उपन्यास नितान्त मौलिक उपन्यास हो ।

शैली वैज्ञानिक समीक्षकहरूले उपन्यासको निम्ति कथावस्तु प्राप्त गर्ने चारवटा स्रोतहरू उल्लेख गरेका छन् । इतिहास, राभाव यथार्थ र स्वैरकल्पना । ( शर्मा, २०४८ : १२२) प्रजातन्त्र आगमन पछि सामाजिक,

आर्थिक, राजनैतिक, स्थितिमा अपेक्षाकृत सुधार नहुँदा स्थितिको थिचाइको परिणामस्वरुप देखापरेको परिवर्तनकारी सोच रहेको जीवनको चित्रण हुन पुगेको छ । स्पष्ट रुपमा भन्नुपर्दा प्रस्तुत उपन्यासको कथावस्तुको स्रोत परम्परागत दृष्टिले उत्पाद्य हो र शैली वैज्ञानिक दृष्टिले यथार्थ हो ।

प्रस्तुत उपन्यासको कथावस्तु वृत्ताकारीय नभएर रैखिक छ र व्यक्तिक्रमिक नभएर काल्पनिक कथावस्तुको रुपमा छ । कथावस्तु कुनै एक बिन्दु र समयबाट आरम्भ भई मध्य हुँदै अन्त्यसम्म पुगेको छ ।

**एकचिहान** उपन्यासमा अष्टनारांको गरिब किसान परिवारको मूलकथासँगै डाक्टर गोदत्तप्रसाद र नानीथंकुको प्रेम प्रसङ्गको उपकथा पनि परम्परा अनुसार नै अघि बढेको छ । प्रस्तुतिका दृष्टिले **एकचिहान** उपन्यासको कथावस्तु विश्लेषणात्मक नभएर वर्णनात्मक रहेको छ । उपन्यासकारले आफ्नो टिप्पणी प्रस्तुत गर्दा भने व्याख्यात्मक शैली पनि अङ्गालेका छन् । प्रस्तुत उपन्यास जटिल नभएर सरल छ ।

**एकचिहान** उपन्यासको कथावस्तु विकासलाई विश्लेषण गर्दा निम्ननुसार आदि, मध्य र अन्त्यको क्रममा कथावस्तु विकास भएको पाइन्छ ।

### आदि (खण्ड १ देखि ११ सम्म)

१. काठमाडौँको कुरिया गाउँको एउटा गरिब किसान ज्यापू परिवार ।

२. ज्यापू परिवारका मुख्य सदस्य-अप्टनारां बिरामी प्रगतिशील स्वभावका छन् । शिवनारां खेतीको काम गर्ने पुननारां सिपालु सिकर्मी, हर्षनारा ज्यामी, लतमाया र नानीथकुँ घरमै बसेर तान बुन्ने काम गर्छन् । नानीथकुँ एक सुन्दर युवती हुन् ।

३. डाक्टर गोदत्तप्रसाद पेसाले डाक्टर सेवामा भन्दा पैसामुखी स्वभावका छन् , कामुक स्वास्नीमान्छे प्रति आशक्त स्वार्थी छन् ।

४. सुरमान, सरकारी अड्डामा सुब्बा, उमेर ढल्किसकेका विदुर कामुक जमिनदार, स्वार्थी शोषक व्यक्ति हुन् ।

५. रामबहादुर सुरमानको कामदार, जाली, कुरौटे, षड्यन्त्रकारी, लोभी व्यक्ति हुन् ।

६. बिरामी जाँच्न आएको डाक्टर नानीथकुँको सौन्दर्य, यौवन देखेर लोभिनु र एकाएक सहयोगी बन्नु।

७. अष्टनारांको उपचारको लागि पैसा नहुनु घरको धानचामल बेचेर पनि नपुग्नु र साहूसँग पचार रुपैँया ऋण लिनु ।

८. गरिबीको कारण उमेर पुगिसकेकी नानीथकुँको बिहे गरिदिन नसक्नु ।

९. अष्टनारांको मृत्यु हुँदा अन्त्येष्टिको लागि पैसा नहुनु र डाक्टरसँग सापटी लिन बाध्य हुनु ।

१०. खडेरीको कारण उत्पादन हुन नसक्दा बाली तिर्न बाँकी हुनु र साहूले पच्चीस प्रतिशत थपेर तमसुक लेख्नु ।

११. नानीथकुँको सौन्दर्य र यौवन देखेर लोभिएका सुरमान रामबहादुरलाई माध्यमा बनाएर शिवनारांलाई देशीतान किनिदिने लोभ देखाएर नानीथकुँलाई हात पार्ने विचार गर्नु ।

१२. हेरविचार बाहानामा डाक्टर दिनदिनै शिवनारांको घर आउनु र नानीथकुँसँग जिस्किएर बस्नु ।

**मध्यम-खण्ड १२-३२**

१. सुब्बा सुरमानको तान किनिदिएर सहयोग गर्ने कुार शिवनारांवाट अस्वीकार हुनु ।

२. शिवनारांले डाक्टर नानीथकुँको सम्बन्धको बारेमा आफ्नी श्रीमती हाकुमायाबाट थाहापाउनु ।

३. रामबहादुरले तान बोकाएर ल्याउँदा लतमायाले तान राख्न अस्वीकार गर्नु ।

४. रामबहादुरले लतमायालाई एकान्तकोठामा लगेर अप्टनारां हुँदा नै नानीथकुँलाई सुब्बा सुरमानलाई दिने वचन दिइसकेको र अनेकन जाली कुरा गरेर लतमायालाई आफ्नो कुरामा विश्वास गराउनु र तान छोडेर जानु ।

५. शिवनारां डाक्टरको व्यवहार देखेर रिसाउनु ।

६. डाक्टर दिनदिनै तानकोठामा आएर बस्नु र शिवनारांले पटकपटक बाटोमा भेट्नु ।

७. नानीथकुँ र डाक्टरको सम्बन्ध गाउँभरिकाले थाहा पाउनु र डाक्टर आएगएको गाउँलेहरुले झ्याल- झ्यालमा बसेर हेर्नु ।

८. यी सबै कारणले शिवनारांलाई रिस उठ्नु, बहिनीलाई बोलाएर गाली गर्नु र डाक्टरलाई घरमा आउनबाट रोक्न नानीथकुँलाई भन्नु ।

९. नानीथकुँलाई तानमा बस्दा डाक्टर आएर जिस्किने हुँदा त्यो मौका नदिन नानीथकुँलाई बेलुकाबेलुका भान्सामा काम गर्न लगाउनु भन्नु ।

१०. नानीथकुँले आफ्नो र डाक्टरको सम्बन्ध परिवारका सबैले मन नपराउने थाहा पाई घरमा भएका सबै कुरा डाक्टरको घरमा गएर सुनाउँदा र

डाक्टरलाई अबदेखि आफ्नो घरमा आएको कसैलाई मन नपराउने भएकोले नआउन भन्नु ।

११. डाक्टर र नानीथंकु बीच बिरामी जाँच्ने कोठामा भएका सारा कुरा डाक्टरकी श्रीमती रञ्जनादेवीले थाहा पाउनु ।

१२. रञ्जनादेवीले डाक्टरलाई आफ्नो इज्जतको ख्याल र चरित्रमा सुधार गर्न खबरदारी गर्नु ।

१३. नानीथकुँलाई बोलाएर नारीचरित्र र महत्को बारेमा रञ्जनादेवीले सम्झाउनु र डाक्टरको चरित्रको बारेमा पुराना कुरा सुनाउनु ।

१४. शिवनारांको बारीमा गएर नानीथकुँ आफ्नो घरमा आएको, डाक्टर र नानीथकुँ बीचको सम्बन्धको सबैकुरा शिवनारांलाई सुनाउनु र सम्बन्ध छुटाउँनु पर्ने सल्लाह दिनु ।

१५. रञ्जनादेवीको कुराले नानीथँकुको मनमा द्वन्द्व हुनु र उनको मनमा परिवर्तन हुनु ।

१६. नआउनुभ ने पनि डाक्टर शिवनारांको घरमा कसैले थाहा नपाउने गरी आउनु र नानीथँकुलाई भेटेर जानु ।

१७. डाक्टर, शिवनारांसँग गफ गर्नुपर्छ भनेर शिवनारांसँगै फर्कनु, तर शिवनारांले उनलाई बेवास्ता गर्नु।

१८. डाक्टर आएर नानीथंकुलाई भेटेर जाँदासमेत आमा लतमायाले थाहा नपाएकाले शिवनारां रिसाउनु र नानीथँकुलाई उनको कोठैमा गएर गाली गर्नु ।

१९. रोजेर बिहे गर्ने स्वतन्त्र सबैलाई भएको जातीय अवरोध कसैलाई नभएको तर चोखो र आदर्श प्रेम मात्र मान्य भएको र प्रेम गर्दा अरुको खुसी, बसोबास र घर बिगार्न नहुने कुरा परिवारसँग गर्नु ।

२०. रोपाइँको दिन पानसुपारी बाड्ने निहुँ गरी डाक्टर शिवनारांको खेतमा आउनु र मौका छोपेर नानीथकुँसँग हिलो खेलेर चल्नु, त्यो देखेर शिवनारां रिसाउनु ।

२१. लतामायाले नानीथकुँलाई सुरमानसँग बिहे गरिदिने बिचार सुनाउनु तर शिवनारां सम्पत्तिको लोभमा परेर उमेर नमिल्नेसँग बिहे गरिदिन नहुँने बरु खोजेरै भएपनि असल केटासँग बिहे गरिदिने कुरा गर्नु ।

२२. बिहेको निधो गर्न आएका रामबहादुरालाई शिवनारांले कुटेर पठाउनु ।

२३. पिटाइ खाएर गएका रामबहादुरले सुरमानलाई भएनभएका कुरा सुनाउनु र सुरमान रिसाएर २/४ गोठाले लिएर शिवनारांको घरमा पुग्नु, दुबैबीच भनाभन भई कुटाकुटसमेट हुनु ।

२४. सुरमानले पुरानो बाँकी माग्नु र तान पनि उठाएर लैजान खोज्नु तर हाकुमायाले तान लैजान नदिनु र धम्कीपूर्ण गाली गर्नु ।

२५. गरिबको कारणले जीर्णभएको घर मर्मत गर्न नसक्नु र पानी पर्दा सबै पानी चुहिनु ।

२६. नानीथकुँलाई लैजाने उद्देश्य लिएर डाक्टर गोदत्तप्रसाद राती भइसकेपछि पानीभरीमा भिज्दै आउनु तर नानीथकुँले आफ्नो विचारमा परिवर्तन आइस्केकाले आफूलाई भूलिदिन अनुरोध गर्दै डाक्टरसँग इन्कार गर्नु

२७. हर्षनारांले एउटी तामाङ्गकी छोरीलाई मन पराउनु, परिवारका सबै सदस्यहरुले स्वीकार्नु र दुबैको बिहे हुनु ।

२८. दाजु हर्षमानको बिहे, रञ्जनादेवीको उपदेश, शिवनारांको विचार र कुराले नानीथकुँको मनमा द्वन्द्व हुन, उनमा सचेतता आउनु र डाक्टरको स्वार्थी प्रेमबाट टाढा हुन खोज्नु ।

२९. डाक्टर गोदत्तप्रसाद हैजाको सूई दिने निहुँले शिवनारांको घरमा आउनु र नानीथकुँलाई झुक्याएर कालिकास्थानको एउटा घरमा पुऱ्याउनु ।

३०. नानीथकुँलाई एउटा घरमा पुगेपछि नानीथकुँ बेहोस हुनु र डाक्टरद्वारा बलात्कृत हुनु ।

३२. बहिनी हराएपछि चिनेजानेको सबै ठाउँमा सबै दाजुभाई मिलेर खोज्नु तर कहीँ पत्ता नलाग्नु ।

३३. डेढ महिनापछि रञ्जनादेवीले डाक्टरले नानीथकुँलाई लुकाउन राखेको ठाँउ पत्ता लगाउनु र दुवैलाई केही नगर्ने कबुल गराएर शिवनारांलाई लुकाई राखेको ठाँउ बताइदिनु ।

३४. तीनै जना दाजुभाई नानीथकुँलाई लुकाईराखेको ठाँउमा पुगी डाक्टरलाई तर्साउनु र दोजिया भएकी बहिनी नानीथकुँलाई फर्काएर घरमा लैजानु

**अन्त्य (खण्ड ३३-३४)**

१. एकजना तराईबासी रामखेलवान राउतसँग नानीथँकुको बिहे गरिदिनु ।

२. लगातार तीन दिन सम्म पानी पर्नु ।

३. खोलामा ठूलो बाढी आउनु ।

४. गरीवीका कारणले मर्मत गर्न नपाएको घरले तीन दिनसम्मको लगातार परेको बर्षालाई थेग्न नसक्दा घरमा सुतेका सबै परिवारलाई घर भत्किएर पुर्नु र सबैको निधन हुनु ।

यस प्रकार प्रस्तुत एकचिहान उपन्यासको कथावस्तुको विकास र व्यवस्थापन पक्षलाई हेर्दा कथावस्तुको विकास क्रमिक रुपमा भएको छ । कथामा एकपछि अर्को घटना क्रमिक रुपमा घटेको र कथानकको गति अघि बढेको छ । कथावस्तुमा आदि खण्डका सङ्कटावस्थाको परिचय र सङ्कटावस्थाको पृष्ठभूमि तयार भएको छ । उपन्यासमा आदिको घटना वा सङ्कटावस्थाका खण्ड १ देखि ११ खण्डसम्म विस्तार भएको छ । कथावस्तुको विकास हुने क्रममा उपन्यासको आदिकै मध्य खण्डमा विकास र विस्तार भएको छ अर्थात मध्य खण्डमा आएका वा देखा परेका सङ्कटावस्था आदि भाग वा खण्ड कै कारण विकसित भएका छन् । यसरी कथावस्तुको मध्य खण्ड १३ देखि ३२ सम्म विस्तार भएको छ । आखिर मध्य खण्डकै निष्कर्षको रुपमा रहेको अन्त्य खण्ड ३३ देखि ३४ सम्म विस्तार भएको छ । यसरी प्रस्तुत उपन्यासको कथावस्तुको विकास र व्यवस्थापन पक्षलाई हेर्दा कथाबस्तुको विकास आदि, मध्य र अन्त्यको क्रममा रहेको छ ।

**४.३ चरित्र चरित्रचित्रण**

**एकचिहान** उपन्यास प्रगतिवादी समाजिक उपन्यास भएकोले यस उपन्यासमा निम्नवर्गीय पात्रहरुको संख्या बढी रहेको छ । यस उपन्यास काठमाण्डौ एउटा गाउँको घटना प्रस्तुत भएकोले सोहीअनुरुपको एउटा

ज्यापू परिवारको दुःखद र कारुणिक चित्रणको सेरोफेरो मै कथावस्तुले फेरो मारेको छ । प्रस्तुत उपन्यासमा प्रयुक्त पात्रहरु चरित्रका प्रकार निम्नानुसार प्रस्तुत गरिन्छ । (शर्मा २०४८ : १२५)

उपर्युक्त तालिकामा प्रस्तुत एकचिहान उपन्यास जम्मा ३३ जना पात्रहरुको चरित्रका आधारमा विश्लेषण गरिएको छ । जसअनुसार यस उपन्यासमा २० जना पुरुष पात्र र १० जना स्त्री पात्रहरु र ३ जना महिला र पुरुषकृ समूह सामुहिक पात्रहरुको रुपमा उपस्थित छन् । प्रस्तुत उपन्यासमा ५ जनाको प्रमुख, ८ जनाको सहायक र २० जना पात्रहरुको गौण भूमिका रहेको छ । चार जना पात्र प्रतिकूल चरित्रका छन् भने बाँकी सबै २९ जना अनुकूल चरित्रका छन् । ६ जना वर्गीय पात्र रहेको प्रस्तुत उपन्यासमा बाँकी व्यक्तिपात्रहरु रुपमा प्रस्तुत भएका पाइन्छन् । आवद्धताका दृष्टिले १४ जना पात्र उपन्यासको घटनासँग बद्ध रुपमा प्रस्तुत भएका छन् भने बाँकी पात्र मुक्त पात्रको रुपमा उपस्थित छन् ।

### ४.३.२ चरित्रका प्रमुख अभिलक्षण

(क) **अष्टनारां**

अष्टनारां ६५ बर्ष पुगेका रोगी, शिवनारां, पुननारां, हर्षनारां, नानाथकुंका बाबु लतमायाका लोग्ने र घरका मूली पात्र हुन् । गरिब आर्थिक अवस्था भएका निम्नवर्गीय ज्यापू किसान परिवार भएकाले सामान्य रोगले आक्रमण गर्दासमेत उपचार गराउन सकेका छैनन् । अशिक्षित भए तापनि प्रर्याप्त व्यवहारिक ज्ञान भएका अष्टनारां एक दूरदर्शी पात्र हुन् । आफू मर्दा कात्रो किन्नेसमेत पैसा नहोला भनेर कात्रो किन्नका लागि भनेर २५ रुपैयाँ जोगाएर राखेका हुन्छन् । उनले गोदत्तप्रसादको नियतिप्रति सचेत रहन सङ्केत गरेका छन् । उपन्यासमा उनी एक विद्रोही पात्रका रुपमा प्रस्तुत भएका छन् । समाजमा व्याप्त अन्धविश्वास। कुरीति, कुसंस्कार, तडकभडक र धार्मिक रीतिरिवाजको अष्टनारां खुलेर विरोध गर्छन । साहूबाट व्याजमा

ऋण लिने प्रचलनको विरोध गर्दै आफूहरुको यो आर्थिक अवस्थाको मूल कारण यसै प्रचलनलाई दोषी ठान्दै छोराहरुलाई कहिल्यै ऋण नालन ज्ञान मूलक उपदेश दिन्छन् उनी ऋण काढेर उपचार गराएर २/४ वर्ष बाँच्नुभन्दा उपचार नगराई नै मर्नु उचित सम्झन्छन् ।

अष्टनारां यस उपन्यासमा अर्न्तजातीयतावादी पात्रका रुपमा प्रस्तुत भएका छन् । आफू नेवार भए तापनि उनले पवतेकी छोरी लतामाया (रत्नमाया) सँग बिहे गरेका छन् र छोराछोरीहरुलाई पनि अन्तरजातीय बिहे गर्ने प्रेरित गरेका छन् । सकारात्मक चरित्र भएका अष्टनारां कर्मठ, इमान्दार, सहयोगी, मिलनसार, परिश्रमी पात्र हुन् । उनी आफ्ना छोराछोरीहरुलाई लगनशील भएर आफ्नो-आफ्नो काममा लाग्न प्रेरित गर्छन र समयको सदुपयोग गरी खेर जान दिन नहुने कुरा सम्झाउँछन् ।

अष्टनारां उपन्यासकारको मुखपात्रका रुपमा प्रस्तुत छन् । उपन्यासकारले आफ्ना प्रगतिशील विचार उनैका माध्यमबाट प्रस्तुत गरेका छन् । उनी एक क्रान्तिकारी पात्र हुन् । उनि काजक्रियाको विरोध, दानदक्षिणा गर्ने कार्यको विरोध, ऋणमा फसाउने साहूहरुको विरोध, खराब प्रचलनका विरोधी, अन्तर्जातीयवादी र सबैले आफ्नो हकको दावी गर्नुपर्छ र एक दिन अवश्य परिवर्तनका नयाँ दिन आउँनेछ भन्ने आशावादी व्यक्ति रुपमा उपन्यासमा प्रस्तुत भएका छन् । उपन्यासमा एक प्रमुख पात्रका रुपमा रहेका अष्टनारांको भूमिका छोटो भए तापनि महत्वपूर्ण रहेको छ । यसरी हेर्दा उनी घरमूली, वर्गपात्र, असाक्षर, रोगी, दूरदर्शी, अर्न्तजातीयवादी सकारात्मक चरित्र, उपन्यासकारको मुखपात्र र क्रान्तिकारी पात्रको रुपमा उपन्यासमा उपस्थित छन् । (शर्मा र लुईटेल पूर्ववत पृ. २७६)

**(ख) शिवनारां**

शिवनारां अष्टनारां जेठा छोरा हुन् । उपन्यासको सुरुदेखि अन्त्यसम्म प्रमुख पात्रका रुपमा उपस्थित छन् । उनी स्थिर, किसान वर्गको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हुन् । उनी एक इमान्दार पात्र हुन् । साहूको ऋणको प्रमाण हराए पनि बेइमान गर्नु नहुने र ऋण तिर्नुपर्छ भन्ने भनाइबाट उनको इमान्दारिता प्रष्ट हुन्छ । उनी आज्ञापालक, परिश्रममा दिनरात लागिरहने परिश्रमी, विवेकी, स्वाभिमानी, कर्मठ, धैर्यशील, जागरुक, संघर्षशिल, कर्तव्यपरायण, समभ्फदार, उत्तरदायी, नैतिकवान र सत्पात्रका रुपमा उपन्यासमा प्रस्तुत भएका छन् ।

उनी समाजका गोदत्तप्रसाद, तल्सिङ सुरमान सुब्बा र उनका कारिन्दा रामबहादुर जस्त शोषक व्यक्तिहरुको विरोध गर्ने उन्यायविरोधी छन् । उनी पितृभक्त पात्र हुन् । ऋण लिएरै भए पनि आफ्ना बाबुको उपचार गराउँछन् । उनी आफ्ना बाबुको प्रगतिशील विचारबाट प्रभावित छन् र बाबुजस्तै समाजमा व्याप्त अन्धविश्वास, कुरीति, धार्मिक, सामाजिक शोषणको विरोध गर्छन् । उनी सच्चा र पवित्र प्रेममा विश्वास गर्छन तर डाक्टर र नानीथकुंको बीचको जस्तो स्वार्थी वासनात्मक र उच्छृङ्खला प्रेमको सधै विरोध गर्छन् ।

उनी महिलाको इज्जत गर्ने नारी स्वतन्त्रताको पक्षपाती व्यक्तिका रुपमा प्रस्तुत छन् । उनी आफ्नी श्रीमतीलाई तमाखु भराउने काम गराउँदैनन् र आफ्ना लुगासमेत आफै धुने गर्छन् । स्वास्नीमान्छेलाई विहेको २।४ दिन मात्र मान गर्ने हैन सधैं उनीहरुको आदर र सम्मान गर्नुपर्छ भनी नारी सम्मान गर्ने पात्र हुन् । उनी अन्तजातीय बिहेलाई प्रश्रय दिने पात्र हुन्

। उनले बहिनी नानुथकुको बिहे एकजना मधिसे जातको कुर्मी (राउत) जातको केटासँग र भाइ हर्षनारांको एउटी तामङ्गकी छोरीसँग बिहे गरिदिन्छन् । शिवनारां उपन्यासका सबैभन्दा सशक्त, जीवन्त र प्रभावकारी पात्र हुन् । यसरी हेर्दा उनी अन्यायका विरोधी, सत्पात्र प्रगतिवादी, उच्छृङ्ख प्रेमको विरोधी, नारीस्वतन्त्रताको पक्षपाती असाम्प्रदायिक र स्थिर पात्रका रुपमा उपन्यासमा प्रस्तुत छन् । (शर्मा र लुईटेल पूर्ववत पृ. २७६, ७७)

**ग. गोदत्तप्रसाद**

गोदत्तप्रसाद **एकचिहान** उपन्यासका प्रमुख खलपात्र हुन् । उनी अस्पतालमा काम गर्ने र घरमा क्लिनिक चलाउने, सेवामा भन्दा पैसामुखी, बिरामीको घरमा जाँच्न जनकपुरे पहिले नै फीस कबोल गराउने र उपचार गराउँदा बाँकी रहेको फीस बिरामीको मृत्यु भइसक्दा पनि उसको घरको थाल बेचेरै भए पनि असुल गरिछाड्ने एक द्रव्यपिसाचका रुपमा उपन्यासमा प्रस्तुत भएका छन् । घरमा तीनजना छोराछोरी र शिक्षित श्रीमती रञ्जनादेवी हुँदाहुँदै पनि डाक्टर गोदत्तप्रसाद स्त्रीप्रति अशक्त भाव राख्ने पात्र हुन् । घरमा बसेकी नोकर्नीलाई समेत उनले बलत्कार गरेका छन् । नानीथंकुको सोन्दर्यता देखेर आफ्नो स्वार्थ पूरा गर्न सहयोगीको रुपमा प्रस्तुत हुने धोकेबाज, भ्रष्ट, अनैतिक, निर्दयी, धूर्त, रण्डो र नकारात्मक चरित्र भएको पात्रको रुपमा यस उपन्यासमा उनि प्रस्तुत भएका छन् । नानीथंकुले उनले प्रतिकार गर्दा गर्दै पनि धोकापूर्ण तरिकाले बेहासे हुने सूई दिएर बलत्कार गर्छन् । उनी गाउँघरका शोषक, जालीफटाहहरुको प्रतिनिधिङ्खव गर्ने वर्गीय पात्रका रुपमा उपन्यासमा प्रस्तुत भएका छन् । यसरी हेर्दा उनी उपन्यासमा एक खलनायक, नकरात्मक चरित्र, द्रव्यपिचास,

कामुक, कपटी पात्रको रुपमा प्रस्तुत भएका छन् । ( मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ. २७६) ।

**घ. नानीथंकु**

नानीथंकु अष्टनारांकी छोरी, शिवनारांकी बहिनी, २० बर्ष उमेर पुगेकी सुन्दर युवती हुन् । सरल स्वभाव भएकी नानीथकुं, उनको कारणले गर्दा डाक्टर र सुब्बा सुरमान लोभिएका छन् । सोझी, अशिक्षित भएकोले उनी डाक्टरले उनलाई नक्कली प्रेममा फसाउँछन् । उञ्जनादेवीबाट नैतिक मूल्य र नारी अस्मिताको कुरा सुनेपछि उनलाई आफू गलत मार्गमा लागेको महसुस हुन्छ र डाक्टरबाट टाढा हुन चाहन्छिन् तर कपटी जाली र स्वार्थी डाक्कटर उनलाई छलकपटपूर्ण तरिकाबाट अपहरण गरेर बलत्कार गरी छाड्छन् । सुरुमा डाक्टरको झूटो प्रेमजालमा फसेकी नानीथुंक, दाजु शिवनाराले सम्झाउँदा, गाली गर्दा उल्टै डाक्टरको घरमा पुगेर आफूलाई श्रीमतीको रुपमा स्वीकार गर्न अनुरोध गर्छिन् । तर रञ्जनदेवीले उनलाई नारी मूल्य, मान्यताका कुरा सुनेपछि र डाक्टरको चरित्र बारे थाहा भएपछि उनको सचेतताको आँखा खुल्छ र गतिशील पात्रको रुपमा प्रस्तुत भएकी छन् । उनी गाउँघरका शोषकहरुबाट पीडित हुने नारी पात्रको प्रतिनिधित्व गर्ने एक वर्गीय पात्र हुन् ।

डाक्टरबाट जबर्जस्ती बलत्कृत भएर दोजिया बनेकी नानीथकुं आफ्नो अस्मिता लुटिइसकिएकोले डाक्टरलाई नै श्रीमान मानेर दाजुहरु लिन आउँदा घर फर्किन मान्दिनन् । तर दाजु शिवनारांले उनलाई सम्झादै इच्छाविपरीत रहेको गर्भलाई हुर्कन दिन हुदैन भन्दै सम्झाएर घर फर्काएर। लैजान्छन् । केही दिनपछि एकजना तराईबासी केटासँग केही प्रेम भई बिहे

हुन्छ । यसरी हेर्दा उनी एक सरल, स्वच्छ हृदय भएकी, निष्कष्ट र अन्तर्जातीय विवाहलाई स्वीकार्ने एक गतिशील पात्रको रुपमा उपन्यासमा प्रस्तुतत भएकी छन् । सङ्क्षेपमा भन्नुपर्दा उनी उपन्यासमा एक प्रमुख नारीपात्र, सुन्दर युवती, सरल, निश्चल र सकारात्मक चरित्र भएकी अर्न्जातीय विवाहलाई स्वीकार गर्ने, नारी अस्मिताप्रति सचेत पात्रको रुपमा प्रस्तुत भएकी छन् । (शर्मा र अरु २०५५ : २७६ )

**(ङ) रञ्जनादेवी**

रञ्जनादेवी डाक्टर गोदत्तप्रसादकी श्रीमती तीनजना छोराछोरी आमा र एक कुशल गृहिणी हुन् । उनी शिक्षित परिवारमा जन्मिएकी थिइन् । उनका बाबु निरञ्जनराज प्रोफेसर हुन्। उनी पनि आई.ए. द्वितीय वर्षसम्मको अध्ययन पूरा गरेकी शिक्षित भएकीले समस्या सुल्झाउन र विवेक प्रयोग गर्न सक्ने नारी हुन् । उनी एकचिहान उपन्यासमा आदर्श पात्रको रुपमा प्रस्तुत भई नारीसम्बन्धी उपनयसकारको विचार प्रकट गर्ने माध्यमका रुपमा उपस्थित भएकी छन् । समाजका आम नारीमा झैँ उनमा पनि सौताको डर र पीर रहेको देखिन्छ । आफ्नो श्रीमान गोदत्तप्रसादसँग नानीथकूंको सम्बन्धलाई छुटाउन उनी चतुरतासाथ लागेकी देखिन्छिन् । उनी उक तार्किक नारीको रुपमा उपन्यासमा प्रस्तुत भएकी छन्। उनले आफ्नो श्रीमानलाई काबुमा राखेकी देखिन्छ । उनमा रामायण जस्तो धर्मग्रन्थ र “लैलामज्नु” जस्ता प्रेमीहरुको कुराको समेत ज्ञान भएको देखिन्छ पात्र हुन् । यसरी हेर्दा उनी उपन्यासमा उक महत्वपूर्ण नारी पात्र, उपन्यासकारको मुखपात्र, असर चरित्र भएकी, निर्भीक, सचेत, तार्किक,

स्थिर र व्यक्ति पात्रको रुपमा प्रस्तुत भएकी छन् । (शर्मा र लुईटेल पूर्ववत पृ. २२८)

**(च) पुननारां**

पुननारां अष्टनारांका महिला छोरा हुन् । उनी एक सिपालु सिकर्मी हुन् । आज्ञापालक र पितृभक्त, पुननारां बाबु र दाजुको प्रगतिशील विचारबाट प्रभावित भएका छन् । उनी दाजुका हरेक दुःख-सुखमा साथ दिने एक परिश्रमी पात्र हुन् । उनी नम्र स्वभावका पात्र हुन् । रिसाएर आएको साहूलाई उनले नम्रतासाथ सम्झाएर पठाएकोबाट उनको नम्रताको लक्षण बुझ्न सकिन्छ । उनी पनि बाबु र दाजु जस्तै अन्याय, अन्धविश्वास, शोषण । अत्चारका विरोधी छन् । यसरी उनको चरित्रलाई हेर्दा उनी एक सरल, परिश्रमी, कर्मठ, सहनशील, मिलनसार, सहयोगी, आज्ञाकारी, नम्र स्वभाव भएका व्यक्ति, सिपालु र अनुकूल प्रवृत्ति भएका गतिहीन व्यक्ति पात्रका रुपमा उपन्यासमा प्रस्तुत भएका छन्

**(छ) सुब्बा सुरमान**

सुब्बा सुरमान सरकारी जागिर भएका र एक जमिनदार पात्रको रुपमा उपन्यासमा प्रस्तुत छन् । उनी ५७ वर्षका उमेर भएका एक विधुर व्यक्ति हुन् । उनका छोराछोरी सबै आफ्ना-आफ्नै मेलोमा लागी सकेका छन् । उनीसँग प्रशस्त जग्गा भएकोले आफ्नो जग्गा किसानहरुलाई कमाउन दिएर उनीहरुबाट अन्न उठाउने एक सामन्ती व्यक्तिका रुपमा उपन्यासमा प्रस्तुत छन् । बृद्धअवस्था भइसके पनि अझ उनलाई बिहे गर्ने रहर छ र आफ्नो कारिन्दा लगाएर नानीथकुंसँग बिहे गर्ने योजना बनाउँछन् । उनी गाउँघरको शोषक र सामन्तको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हुन् ।

समग्ररुपमा उनी एक सम्पन्न, जागिरे जमिनदानर, शोषक, कामुक, स्वार्थी, अनैतिक, विधुर, बृद्ध, प्रतिकूल, गतिहीन प्रमुख खलपात्रको रुपमा उपन्यासमा प्रस्तुत भएका छन् ।

**(ज) लतामाया**

लतमाया अष्टनारांकी श्रमती, शिवनारां, हर्षनारां, पुननारां र नानीथकुंकी आमा हुन् । पवर्ते जातकी भएर पनि उनले नेवारसँग अन्तर्जातीय बिहे गरेकी छन् । उनी सरल स्वभाव भएकी नारी भएकोले अरुको कुरामा छिट्टै विश्वास गर्छिन् । उनलाई रामबहादुरले जाली र बनावटी कुरा गरेर छिट्टै विश्वास दिलाउँछन् । उनी अरु भन्दा केही परम्परावादी पात्रका रुपमा देखापर्छिन् । उनी एउटा अविभावक पात्रको रुपमा उपन्यासमा प्रस्तुत भएकी छिन् । समग्ररुपमा भन्नुपर्दा उनी एक वृद्ध अवस्थामा पुगेकी अशिक्षित, अभिभावक, सरल स्वभाव भएकी परिश्रमी, पतिव्रता, अन्तर्जातीय विचारबाट प्रभावित अनुकूल चरित्र भएकी सहायक नारी पात्र हुन् ।

**(झ) हाकुमाया**

हाकुमाया शिवनारांकी श्रीमती हुन् । उनी परिश्रमी, परम्पराको विरोध गर्ने एक पतिव्रता नारी हुन् । सहयोगी, ठट्यौली स्वाभाव भएकी अन्य सामान्य नारीहरु भन्दा चेतनशील, प्रगतिशील, शीमानको दुःख-सुखमा साथ दिने, अन्यायको विरोध गर्ने र निर्भीक नारी पात्रको रुपमा उपन्यासमा प्रस्तुत भएकी छिन् । हिन्दूधर्ममा आस्था भएकी उनि अनुकूल, गतिहीन, सहायक नारी पात्र हुन् ।

**(ञ) रामबहादुर**

रामबहादुर सुब्बा सुरमानका कारिन्दा हुन् । आम सामन्तहरुका जस्तै उनी पनि एक जमिनदारको हिसाबकिताब राख्ने, उठ्ती उठाउने, सुरमानका विश्वासी पात्र हुन् । आफ्नो साहूका लागि इमानदार देखिए तापनि मोहीहरुलाई सताउने, प्रभावशाली व्यक्तिहरुलाई पनि गफ गरेर लठ्ठ पार्न सक्ने जाली र बनावटी कुरा गर्न सिपालु, झुट्टा कसमसमेत खाएर सोझा साझालाई आफ्नो पक्षमा पार्न सफल पात्रका रुपमा उनी उपन्यासमा प्रस्तुत छन् । षडेयन्त्रकारी र साहूबाट बक्सिस र इनामको लोभमा जस्तै काम गर्नसमेत पछि नपर्ने, कुरौटे स्वभाव भएका, उनि कुटिल पात्र हुन् । यसरी उनी एक जाली, कुरौटे, षड्यन्त्रकारी, स्वार्थी गतिहीन, सामन्तको चम्चे पात्रको रुपमा काम गर्ने आम कारिन्दाहरुको प्रतिनिधित्व गर्ने वर्गीय, प्रतिकूल, सहायक, पुरुषपात्रको रुपमा यस उपन्यासमा प्रस्तुत भएका छन् ।

**(ट) रामखेलावन**

रामखेलावन एक बाबु नभएका टुहुरो , शिक्षित तराईबासी किसान हुन् । उनलाई काठमाडौं उपत्यकाको खेतीपाती गर्ने तरिकाले आकर्षण गर्छ । अन्तर्जातीयवादी विचारबाट प्रभावित रामखेलावन राउत, नेवार जातकी केटी नानीथकुंसँग बिहे गर्छन् । उनको उपन्यासमा लामो भूमिका छैन् । खण्ड ३३ मा मात्र उनको भूमिका सीमित छ । उनले शिवनारांको बहिनीको बिहे गर्ने समस्यालाई समाधान गरिदिएका छन् । यसरी उनको उपन्यासमा छोटै भए तापनि प्रभावकारी भूमिका रहेको पाइन्छ । उनी उपन्यासमा अनुकूल सहायका पात्रको रुपमा उनी प्रस्तुत भएका छन् ।

**(ठ) माहिला तामाङ्ग**

महिला तामाङ्ग एक अशिक्षित मजदुर वर्गको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हुन् । उनी प्रजातन्त्रको आगमनपछि जातीय भेदभावविरुद्ध सजक देखिन्छन् । त्यसैले उनले आफ्नी छोरी पुतलीको बिहे नेवार जातको केटासँग खुशीसाथ गरिदिएका छन् । उनी एक गरिब मजदुर भए पनि उदार, शिष्ट स्वाभावका व्यक्ति हुन् । उनी उपन्यासमा एक अनुकूल, गतिहीन र वर्गीय पात्रको रुपमा प्रस्तुत भएका छन् ।

यस बाहेक हर्षनारां, सन्तली, टोलका गुभाजू, मसह्ना कसपँव, तुयू गुभाजू, पुतली, पुञ्चाकी स्वास्नी, नोकर्नी, तान बोकेर आउने भरिया, सुब्बा सुरमानका गोठालाहरु, डाक्टरको आठ बर्षे छोरो, सुरमानको कान्छो छोरो, शिवनारांका दुई छोराछोरी, एक ड्रेसर, पुननारांका ससुरा, पुननारांलाई पेश्की दिने साहू, खेतालाहरु, गुठियारहरु, छिमेकीहरु, पुतलीको आमा **एकचिहान** उपन्यासमा प्रस्तुत भएका अन्य पात्रहरु हुन् । यसमध्ये हर्षनारां, सन्तली, पुतली, नोकर्नी (नानीथकुंलाई बोलाउन आउने), शिवनारांको छोराछोरी, खेतलाहरु, गुठियारहरु, छिमेकीहरु र पुतलीकी आमा मञ्चिय पात्र भए पनि उपन्यासमा उल्लेख्य भूमिका रहेको छैन् । यी सबै सहायक पात्रका रुपमा मात्र उपन्यासमा उपस्थित भएका छन् । यसबाहेक टोलका गुभाजू, महिला कविराज, तुयू गुभाजू, तान बोकेर आउने दुई भरिया, सुब्बाका गोठालाहरु, पुञ्चाकी स्वास्नी, सुब्बा सुरमानको कान्छो ड्रेसर, पानसुपारीका किस्ती बोकेर आउने व्यक्ति र डाक्टरको आठ बर्षे छोरो जस्ता पात्र उपन्यासमा नेपथ्य रुपा प्रस्तुत भएकोले उनीहरुको उपन्यासमा गौण भूमिका रहेका छ र यी पात्रहरु चर्चा गर्न आवश्यक देखिदैन् ।

यो एउटा सामाजिक प्रगतिवादी उपन्यास भएकोले यस उपन्यासमा निम्नवर्गीय पात्रहरुको संख्या धेरै रहेको देखिन्छ । विचारप्रधान उपन्यास भएकोले पात्रहरु उपन्यासकारका नियन्त्रणमा रहेका देखिन्छन् । उपन्यासकारले पात्रहरुलाई आफ्ना प्रगतिशील विचारका प्रमुख बाहक बनाएका छन रञ्जनादेवीलाई नारी स्वतन्त्रता र समानताका लागि आवाज उठाउने एक शिक्षित र सचेत नारी पात्राके रुपमा प्रस्तुत गरेका छन् । यसरी पात्रगत दृष्टिले उपन्यासलाई नियाल्दा, पात्रहरुको प्रयोगका दृष्टिले प्रस्तुत उपन्यास सफल र सवल देखिन्छ र त्यस्तै पात्रहरुले राम्ररी प्रगतिशील विचारलाई आत्मासाथ गरेर अगाडि बढाएको पाइन्छ।

## ४.४. परिबेश

प्रस्तुत **एकचिहान** उपन्यासमा काठमाडौँ उपत्यकाको कुरिया गाउँको एउटा गाउँले परिवेशलाई लिएर निम्नवर्गीय किसान समाजको वर्णन गरिएको छ । २००७ सालपछि र खास गरी २०११ सालतिरको लगभग १ वर्षको समयावधिको घटनाको चित्रण प्रस्तुत उपन्यासमा रहेको पाइन्छ तर उपन्यासको कथावस्तुमा प्रस्तुत भएको घटनालाई हेर्दा महिला तामाङ्ग काठमाडौँ २०१५ सालमा भएको जनविद्रोह, आन्दोलन र टुँडेखेलमा एउटा विशाल जुलुसले देखेर “नेवार-पर्वत एक हौ”, नागरिक अधिाकर पाउनै पर्छ जस्ता नाराहरुबाट प्रभावित भएर नेवासँग छोरीको बिहे गरिदिन मञ्जुर भएको कुरा (प्रधान २०५६ : १८९) र २०११ साल भयङ्कर बाढीको चपेटामा परी शिवनारां र उनका सबै परवारको मृत्यु भई इतिहासको पानामा समेत पनि उनीहरुको नाम नरहेको कुराको (प्रधान २०५६ : २३१) उल्लेख भएकोले उपन्यासमा प्रस्तुत भएको समयमा सङ्गति नहरहेको

देखिन्छ । तर जे भए तापनि अउन्यासले अष्टनारां विरामी परेको अवस्थाबाट सुरु भएको प्रस्तुत उपन्यास उनको मृत्युको घटना, गोदत्तप्रसाद र नानीथकुंको प्रेम प्रशङ्ग र नानीथकुंलाई झुक्याएर कालिकास्थाना लगेर लुकाएको र पछि पत्ता लागेको सन्दर्भ, नानीथकु गर्भवती भएकी र उसलाई राखेलावनले बिहे गरेको, सुरमानले नानीथकुं हात पार्न षड्यन्त्र गरेको शिवनारां सुरमान र रामबहादुरसँग भएको भनाभन र कुटाकुटको घटना, लगातार बर्षाद्को कारणले भलबाढी आउँदा घरगोठ बगाएर लैजादा परिवारका सबै सदस्यहरुको सामुहिक मृत्यु भएको करिब एक वर्ष सम्मको घतजाको घेराभित्र समेटिएको देखिन्छ । तत्कालीन समाजमा धार्मिक विश्वास, परम्परागत मान्यता तथा विभिन्न सामाजिक कुरीतिहरु व्याप्त रहेका छन् जातीय उँचनीचको भावना साम्प्रदायिक विभेद, वातक विहे प्रथाहरु आदिले जीवन र समाजलाई गाँजेको देखिन्छ । समाज शोषणको पराकाष्टमा पुगेको छ । किसान आदि निम्नवर्गका मानिसहरु विशेषत: शोषकका पञ्जामा परेर दयनीय जीवन बिताउँदै गरेका देदिन्छन् । उनीहरुको आर्थिक अवस्था अत्यन्त कमजोर देखिन्छन् । मानिसहरु चेतनशील हुँदै गएको कुरा शिवनारांले सुरमान र रामबहादुरलाई पिटेर लखेटेको उपन्यासको घटनाबाट प्रस्तुत गरिएको छ । शिवनारांको "ठूलो भयो भन्दैमा गरिबलाई मनपरी गर्न पाइन्न र सकिन्न पनि, जमाना अर्कै आइसकेको छ।" (प्रधान २०५६ : १६७ ) भन्ने भनाइबाट समाजमा परिवर्तन हुँदै आएको संकेत गरिएको छ । समाजमा किसानहरु सङ्गठित हुन थालेको कुरा "नेपाल खेतीवाला सङ्घ" (प्रधान २०५६ : १६८) को स्थापना भएबाट प्रष्ट हुन्छ । प्रस्तुत उपन्यासमा रञ्जनादेवीको उपस्थितिले समाजमा नारीहरु

पनि शिक्षित हुँदै आएको, नारीले आफ्नो मूल्य आफैँले कायम गर्नुपर्ने कुरा गरी समाजमा नारी र पुरुष समान हुन् र समान हुनुपर्छ भन्ने सोचाइहरुले प्रबेश पाइसकेको समाजको चित्रण उपन्यासमा भएको पाइन्छ।

प्रस्तुत उपन्यासमा निम्नवर्गीय सामाजिकता साथै उच्चवर्गीय सामाजिकताको पनि वर्णन गरिएको छ । साहू र अन्य शोषकहरु गरिब किसानमाथि थिचोमिचो गर्न र हैकम चलाउन पल्किएका छन् । खुसी, सम्पन्न, आडम्वरपूर्ण र विलासीजीवन बिताउने वर्गले नारीहरुलाई वासना पूर्तिको वस्तु ठान्दछन् भन्ने कुराको प्रस्तुति भएको छ। अनेक षड्यन्त्र रचेर उनीहरुलाई फसाउने, ऋण दिएर पासोमा अल्भाउने कार्यमा खुब संलग्न भएका देखिन्छन् । गरिबलाइए धम्क्याउने र प्रलेभन देखाउन अस्त्रहरु प्रयोग भएका छन् । उपन्यासमा प्रस्तुत भएको समाजमा धनी र गरिब दुईवर्गका बीच ठूलो खाडलको सिर्जना भइसकेको र वर्गसङ्घर्षको थालनीसमेत भएको समाजको महत्वपूर्ण ढङ्गले प्रस्तुत भएको देखिन्छ । प्रस्तुत उपन्यासले मुलतः गरिब किसानहरको जीवन र अवस्था प्रस्तुत गरेको हुँदा यसको सामाजिकता यसै वर्गको यथार्थवादी वर्णनसँग सम्बद्ध रहेको पाइन्छ ।

प्रस्तुत **एकचिहान** उपन्यासको परिबेश काठमाडौँ जिल्लाभित्रको सहरको छेउको गाउँको एउटा गरिब किसान परिवारको परिवेशलाई आधार बनाई तयार भएको देखिन्छ । अन्धविश्वास, कुरीति, कुसंस्कारले जकडिएको समाजका साथै ठूलावर्गका मानिसले निम्न वर्गका मानिसमाथि शोषण गरिएको सामाजिक परबेशका साथै समयको परिवर्तनसँगै समाजका निम्नवर्गका मानिसहरुमा पर्ना चेतना आउन थालेको सामाजिक परिबेशको चित्रण प्रस्तुत उपन्यासमा पाइन्छ । उपन्यासमा प्रस्तुत भएको समाजमा

शिक्षित महिलाको उपस्थिपति र नारीहरुमा पनि जागरणको सुरुवात भएको देखिन्छ । प्रगतिवादी उपन्यासका दृष्टिले हुनुपर्ने निम्नवर्गीय चरित्रका साथै शोषितपीडित एउटा गाउँको परिबेश प्रस्तुत उपन्यासले प्राप्त गरेको देखिन्छ । निम्न वर्गीय परिवार शोषण, अन्याय, अत्याचार, अन्धपरम्परा, कुरीति र विसङ्गतिहरुले थिचिएको समाज र त्याँका किसान तथा नारीहरुमा परिवर्तन र जागरण आउँदै रहेको सामाजिकथा नै प्रस्तुत उपन्यासको परिवेश हो ।

**४.५ दृष्टिबिन्दु**

उपन्यासमा कथायिताले कथावाचनका लागि उभिन रोजेका ठाउँ नै दृष्टिबिन्दु हो । ( कृष्णहरी बराल र नेत्र एटम, उपन्यास सिद्धान्त र नेपाली उपन्यास, (काठमाडौँ : साझा प्रकाशन, २०५५), पृ. ३८ । अर्थात उपन्यासमा कोही न कोही समाख्यता हुन्छ त्यसैलाई दृष्टिविन्दु भनिन्छ । दृष्टिविन्दुबाटै कथायिताले कसरी घटना एवं चरित्रहरुको वर्णन तथा उपस्थापन गर्दछ भन्ने कुराको निर्धारण हुन्छ । समाख्याताको कथावाचनमा उपस्थितिको आधारमा दृष्टिविन्द आन्तरिक र बाह्य दृष्टिविन्दु गरी दुई प्रकारका हुन्छन् । (मोहनराज शर्मा, शैली विज्ञान पूर्ववत पृ. १२३ ।

आन्तरिक दृष्टिबिन्दु भएको उपन्यासमो कथयिताले घटना र पात्रको वर्णन गर्दा आफूलाई पनि उपन्यासभित्र संलग्न गर्दछ । कथयिताले चाहेको जुनसुकै कुरा ‘म’ का रुपमा व्यक्त गर्दछ अर्थात् उपन्यासमा ‘म’ पात्रले आफ्नो कथा आफै भनेमा आन्तरिक केन्द्रीय दृष्टिबिन्दु र कुनै गौण पात्रले ‘म’ भई मुख्य पात्रहरुको कथा प्रेक्षकको रुपमा कथा भन्छ भने परिधीय आन्तरिक दृष्टिबिन्दु भनिन्छ ।

बाह्य दृष्टिबिन्दु भएको उपन्यासमा कथयिता सम्पूर्ण कुराको ज्ञाता हुन्छ र उसले घटनास्थलभन्दा बाहिर बसेर अरुको बारेमा टिप्पणी गर्दछ । आफ्ना पात्र र घटनाका कुरालाई सर्वज्ञझैँ बनेर कथायिताले वर्णन र टिप्पणी गर्दै सबै कुरा आफ्नै नियन्त्रणमा लिएको छ भने त्यसलाई सर्वज्ञ बाह्य दृष्टिबिन्दु भनिन्छ । त्यस्तै उपन्यासको कथयिताले कथावाचन गर्दा आफूलाई कुनै पात्र वा वर्गको अनुभव र विचारमा लुप्त गराउँछ र सिमित पक्षबाट मात्र कुनै कुराको चर्चा गर्छ भने त्यसलाई बाह्य दृष्टिबिन्दु भनिन्छ ।

प्रस्तुत **एकचिहान** उपन्यासका सम्पूण क्रियाकलाप, घटना तथा वर्णनहरु कथयिताले उपन्यासको घटना स्थलभन्दा बाहिर बसेर गरेको देखिन्छ । यसरी वर्णन गर्ने कथयिताले घटनाका साथसाथै गोप्य कुरा र पात्रको मानसिक उथलपुथलसमेत वर्णन गरेकाले कथयिताका दृष्टि बिना रोकटोक उपन्यास भरि छरिएको पाइन्छ । त्यसैले प्रस्तुत उपन्यासमा बाह्य सर्वज्ञ दृष्टिबिन्दुको प्रयोग भएको छ । संवादको प्रयोग गर्दा कथयितो तटस्थ बसेर कार्य अगाडि बढाएको जस्तो देखिए तापनि उनले सम्पूर्ण कुराको नियन्त्रण आफ्नै हातमा लिएका छन् । उपन्यासको सुरुमा अप्टनारां बोलिरहेको भए पनि त्यो कुरा कथयिताले सुनाएको हो भन्ने कुरा यसरी प्रस्तुत गरेको छन् । "आफ्ना तीनै छोराछोरी र बुढिया लतमाया सबै जम्मा भइरहेका बेला पारी आफ्नो अन्तिम अवस्था सम्झेर अप्टनारां बोलिरहेका थिए । (हृदयचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. २९) । उपन्यासमा कथयिताले पात्रहरुको अवस्था स्थलकै छेउमा बसेर गरिरहेझैं लाग्छ । नानीथंकु र हर्षनारां बाबु अष्टनारांको मृत्यु भएपछि कात्रो किन्नेसमेत पैसा नभएर

डाक्टर गोदत्तप्रसादसँग पैसा सापटी माग्न पुग्दा उनीहरु बीच संवाद भइरहदा पात्रहरुको स्थिति कथयिताले यसरी प्रस्तुत गरेका छन् । "नानीथंकुले बोल्न साहस गरिनन् तर यो पटक पनि लाजले घाँटी नै समाइदियो, अनि डाक्टरले अझै आफन्तको भावना भने हर्षनारां पनि लाजले मुनटो निहुराएर उभिइरहेका थिए । (हृदयचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. २९) । यस्तै कथयिताको शिवनारांको गरिबीले जीर्ण भएको बिछ्याउनामा पनि आफ्नो दृष्टि पुगेको छ र उनको बिछ्याउनाको कथयिता यसरी टिप्पणी गर्छन्- "बिछ्याउना झुत्रो भएर धुजाधुजा भइसकेको थियो । त्यसैले टिकाउ गराउनको निम्ति उठ्नसाथ विछ्याउना पनि उठाइराख्थिन् । धुजाधुजा, झुत्रो भएर कागजझैँ पातलो भए पनि विछ्याउनाको नाउँमा मानिसलाई अलिक सुख र सुविधा हुन्छ ।"

(हृदयचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. १६६) ।

त्यस्तै शिवनारां र सुरमानको झगडा भएपछि सुरमान डराएर भाग्दै गरेको कुरा कथयिताले यसरी प्रस्तुत गर्दछन्- "सुरमान सुब्बा डराउँदै छिटो-छिटो लम्कन थाले सुरमान जानासाथ रामबहादुर र नोकरहरु पनि लम्कदै पछिपछि लागे ।" (हृदयचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. १३३) ।

उपन्यासको अन्त्यसम्म पनि उपन्यासकारले आफ्नो दृष्टि यसरी प्रस्तुत गरेका छन्- "उनीहरुको यस्तो हृदयविदारक हालत देखेर सारा मानिसहरुले शोक प्रकट गरका थिए । सबैको घर बनाउने सिकर्मी र विचरा ज्यामीहरु घरमर्मत गर्न नपाएर आज आफ्नै घरले थिचिएर मरे ।" ( हृदयचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. २३३) ।

यसरी उपन्यासको सारा घटना पात्रहरुको मनोदसा क्रियाकलाप साथै पात्रहरुको गोप्य कुराहरु कथयिताले आफ्नो नियन्त्रणमा लिएर आफैंले उनीहरुको वर्णन र टिप्पणी प्रस्तुत गर्दै उपन्यासलाई अघि बढाएर उपन्यासको अन्त्यसम्म पुऱ्याएका छन् । उपन्यासमा भएका सबै क्रियाकलाप घटना पात्रहरुको अवस्था कथयितालाई थाहा छ । उपन्यासमा भएका सारा घटनारा कथयिताले सर्वज्ञ भएर प्रस्तुत गरिएकाले पस्तुत उपन्यासमा सर्वज्ञ बाह्य दृष्टिबिन्दु रहेको छ।

**४.६. भाषाशैली**

उपन्यास भाषा द्धारा मूर्तरुपमा प्रकट हुने साहित्यिक कला हो र यो भाषाकै रुपमा शक्तिशाली बन्छ । उपन्यास यथार्थलाई वरण गर्ने साहित्यविधा भएकाले यस गद्य भाषाको प्रयोग भएको हुन्छ । उपन्यासमा कथ्य र लेख्य दुवै प्रकारको भाषा आवश्यकताअनुसार प्रयोग हुन्छ । साहित्यिको अन्य विधामाभन्दा जीवनको विस्तृत आयामलाई समेट्ने् हुँदा यस विधामा भाषाको सम्पूर्ण शक्ति प्रयोग पनि गरिएको हुन्छ । उपन्यासमा भाषाको प्रयोग मूलतः दुई किसिमबाट गरिएको हुन्छ पहिलो किसिमको भाषा उपन्यासकार आफैले प्रयोग गरेको हुन्छ र दोस्रो किसिमको भाषा उपन्यासका पात्रहरुको संवादमा प्रयोग गरिन्छ । संवाद पात्रहरुको स्तर परिवेशअनुकुल हुनुपर्ने भएकाले यसमा प्रशस्त विविधता हुन सक्छ । संवादलाई बढी स्वभाविक बनाउनका लागि यसमा कथ्यभाषा तथा भाषिकाको प्रयोग अपेक्षाकृत बढी हुने गर्छ ।

प्रस्तुत एकचिहान उपन्यास सामाजिक यथार्थलाई प्रस्तुत गर्ने उपन्यास भए पनि भाषिका प्रयोगका दृष्टिले भने यसमा अमिल्दा कुराहरु

रहेकाछन् । प्रस्तुत उपन्यास काठमाडौँ उपत्यकाको एउटा निम्नवर्गीय किसान परिवारलाई मुख्य केन्द्र बनाएर लेखिएकाले भाषिक प्रयोगका दृष्टिले प्रस्तुत उपन्यासमा अमिल्दा कुराहरु भेटाइन्छन् । काठमाडौँ ज्यापू त्यसमाथि पनि अशिक्षित पात्रहरुले स्तरीय नेपाली भाषाको प्रयोग गरेको भेटिँदा भाषिक प्रयोगका दृष्टिले प्रस्तुत उपन्यास केही अस्वभाविक देखिन्छ । पात्रहरुले प्रयोग गरेको भाषामा स्थानीय भाषा र परिवेशको असर परेको पाइदैन् । अशिक्षित पात्र शिवनारांले हिन्दू दर्शन र जन्ती जाने परम्पराको व्याख्या र टिप्पणी गरेको कुरा स्वाभाविक देखिदैन ।

प्रस्तुत उपन्यास विचारप्रधान उपन्यास भएकाले उपन्यासकारले पात्र अनुरुपको भाषाको प्रयोगमा भन्दा पात्रहरुलाई आफ्ना विचारहरु प्रस्तुत गर्ने माध्यम बनाएका छन् । उपन्यासको भाषा पात्रअनुरुप स्वाभाविक नभएर केही कृतिम भएको देखिन्छ । अष्टनारांमार्फत तत्कालीन अवस्थाको विरुद्ध विद्रोह गराई सामाजिक परिवर्तनको पक्षमा बहस गर्न लगाइएको छ । उनले प्रयोग गरेको भाषा त्यति स्वाभाविक देखिदैन । भाषिक प्रयोगमा स्थानीय रङ्ग पाइदैन् । उनले बोलका भाषहरु एउटा शिक्षित र उच्च पात्रले बोलको भाषा जस्तो देखिन्छ । अष्टनारांले प्रयोग गरेका भाषालाई हेर्दा -“किसानका छोराहरुका लागि पसिन भोलि बाली भएर हाँस्नेछ, अन्न भएर तिम्रो प्राण बन्नेछ । एकछिन नेपालमाताले त्यो छोरा पनि जन्माउने छिन् जसले तिमीले कमाउको फल तिमीलाई नै भोग्न सहायता गर्नेछ । रातदिन पसिना चुहाएर अन्न फलाउने किसान हुनाले आफ्नो हकको दावा तिमीले नै गर्न सक्नु पर्ने हो म पनि इतिश्री हुन लागिरहेको छु । (हृदयचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. २३) । एउटा सामान्य अशिक्षित किसानले प्रयोग गर्ने सामान्य र स्वभाविक

भाषा देखिदैन । यसै प्रकार लतमाया नानीथकुं आदिले प्रयोग गरेको भाषा पनि कम स्वाभाविक देखिन्छ ।

उपन्यासलाई स्वाभाविक बनाउन उपन्यासमा प्रयोग भएका भाषामा नेपाली समाजमा प्रचलित केही उखानटुक्काहरुको पनि प्रयोग भएका छन् । जसको प्रयोगले भाषालाई स्वभाविक बनाउन सहयोग गरेका छन् ।

**उपन्यासमा प्रयुक्त उखानटुक्का**

१. 'सास भएसम्म आश' - पृ. २

२. 'बखतमा हीरा पनि फोर्नुपर्छ' - पृ. २०

३. 'चोक्टा खान गएकी बुढी, झोलमा डुबेर मरी' - पृ. ४७

४. 'धर्मको जय पापको क्षय' - पृ. ४८ ।

५. 'आफ्नो थैलीको गाँठो बलियो पार्नू, साथीलाई दोष नलगाउनू' -पृ. ६३ ।

६. 'न राहे बाँस, न बजे बाँसुरी' - पृ. ६३ ।

७. 'एक तीरले दुई सिकार' - पृ. ७८ ।

८. 'उल्लो चोर कोटवालको डाँटे' - पृ. १०९ ।

९.'जात फ्याँक्नु गहतको झोलमा' - पृ. ११३ ।

१०. 'सानो मुख ठूलो कुरा' - पृ. १५७ ।

११. 'जस्तालाई त्यस्तै, ढिंडालाई निस्तै' - पृ. १६० ।

उपन्यासमा शब्द प्रयोगबाट दृष्टिले हेर्दा तत्सम् तत्भव र विभिन्न भाषाका आगन्तुक शब्दहरुको पनि प्रयोग भएको पाइन्छ ।

**उपन्यासमा प्रयुक्त अङ्ग्रेजी शब्दहरु**

फीस (पृ. ४), ब्याग (पृ. ४), सीसी (पृ. ४), टेबिल (पृ. ७), प्रस्किनपसन (पृ. १२), मिक्स्चर (पृ. १२), इन्जेक्सन (पृ. १२), कम्पाउण्डर ( पृ. १२), ब्लाउज (पृ. १४), ड्रेसर (पृ. १४), ड्युटी (पृ. १४), डाक्टर (पृ. ६), बार्ली (पृ. २२), बेलाइत (पृ. ७८), क्याजुयल (पृ. १००), टेलिफोन (पृ. २२), सेकण्डइयर (पृ. १०७), एस.एल.सी. (पृ. १०७), प्रोफेसर (पृ. १०७), टाइफाइट (पृ. १९८), नेगेटिभ (पृ. २१९), सिरिन्ज (पृ. १९९), बाइस्कोप (पृ. २२८),

**उपन्यासमा प्रयुक्त केही तत्सम शब्दहरु**

नित्य (पृ. ४) दृष्टिपात (पृ. ४), शोक, पीडा, संकट (पृ. १३), शोभा (पृ. १४), गोडा पीडित, नाडी (पृ. १६), कृतज्ञ, अहलादित (पृ. १५), श्रद्धाभक्ति (पृ. १७), विधा, किमार्थ (पृ. १८), परलोक, चीरायू पतन, भोग ( पृ. १८), माता, पिता, कर्तव्य (पृ. २०), सशङ्कित हृदय, दया, शङ्का, निर्दयी, लेश (पृ. १९), परमधाम, पृथ्वीमाता (पृ. २०), सोभाग्य, सर्वस्व, नरक, नीद, ज्योति, साहस (पृ. २१), शान्ति, भ्रम, तत्क्षणत्, शिथिल, खेद, सर्वप्रथम, ग्रीष्म, ऋतु, वज्र (पृ. २२), सेवा, धर्म, अन्त, इतिश्री, पूँजा, रक्षा, लोकसेवा, मन्त्र, भविष्य, मरणासन्न, प्राण, दीक्षा महामन्त्र (पृ. २३), मायामोह, (पृ. २४), सन्तोष, अकस्मात, व्यथा (पृ. २५), लक्षण (पृ. २६), व्यान, आत्मा, नैराश्य (पृ. २७) विधर (पृ. २९) वेदना, अपूर्ण, सहयोग, असम्भव, धैर्य, दृष्य (पृ. २९) कदापि, बाणी, यशोगान (पृ. ३०), मृत्यु, प्रतीत, अभूतपूर्व, अमूल्य, सहदय (पृ. ३२), शोकविह्वल, श्रद्धाञ्जली, रोदन, संचालन, शोक सनतप्त, वेदना (पृ. ३३), दुरदर्शी, दाहासंस्कार, मूर्दा, सङक्रामक, हेतु, स्वयं, पाप (पृ.

३४), ताप, चिन्ता (पृ. ३५), वेदना, अर्थी स्रोत (पृ. ३८), आयु  (पृ. ३९), खाग (पृ. ४०) दागवत्ती, परचक्री, (पृ. ३९), सम्पूर्ण, प्रस्थान, शवयात्रा, श्रद्धा (पृ. ४०), धर्मात्मा, स्नेह, अर्धनिद्रा, दुर्जन, समवेदना (पृ. ४१), सान्त्वना, धैर्य (पृ. ४१), कुटुम्ब, धर्मपत्नी (पृ. ४२), पितृशोक, परमश्रद्धा, सङ्कल्प, तीब्र, उत्तराधिकारी (पृ. ४३), दत्तचित्त (पृ. ४४), आयु, तृप्ति (पृ. ४५), आश्वासन (पृ. ४६), पीर, मनसुवा (पृ. ४९), अतृप्त (पृ. ५५), दानव (पृ. ५७), निगाह, हर्ष (पृ. ५७), दोत्य, शिर (पृ. ५८), हृदयश्वर (पृ. ८०), वायु (पृ. १०१), तृण (पृ. १०६), अश्वत्थामा हतो तारो वा कुञ्जरो वा (पृ. १११), व्रत (पृ. ११९), सपूत (पृ. १२७), आसन (पृ. १२९), दृष्य (पृ. १२९), क्षमा, वैरी (पृ. १३२), यद्यपी (पृ. १३५), गोदान, बृपोत्सर्ग, पुरोहित (पृ. १६८), शुक्लपक्ष (पृ. १७०), शुभस्यः शीघ्रम् (पृ. १८४), गोमुत्र (पृ. १७३), गोवर ( पृ. १७३), त्राहिमा (पृ. १७१), गोमाता (पृ. १७२), सत्कार (पृ. १८७), विशाल, उदार (पृ. १८८), स्वर्गकी परी (पृ. १९०), ग्रहण (पृ. १९२), परन्तु (पृ. १९३), हत्या, हिंसा (पृ. १९६), दूर (पृ. १९७), वेदना, आन्तरिक (पृ. १९८), गुप्त (पृ. १९९), क्षुब्ध (पृ. २०२), त्रास (पृ. २०३), शङ्का (पृ. २०५), किन्तु (पृ. २०६), निराश (पृ. २०९), नगर (पृ. २१०), नीच (पृ. २१४), वर (पृ. २१७), विच्छेद (पृ. २१९), सहर्ष (पृ. २२१), प्रतीक्षा (पृ. २२४), कदाचित् (पृ. २२५), प्रथमतः (पृ. २२६), ईश्वर (पृ. २२७), भयङ्कर (पृ. २३१), अतिवृष्टि (पृ. २३२), तपस्वी (पृ. २२७),

**उपन्यासमा प्रयुक्त अनुकरणात्मक शब्दहरु**

टन्टलापुर (पृ. ५), कचकच (पृ. ९), सरर्रर (पृ. १०ं), टवाङट्वाङ ( पृ. १५), मुसुमुसु (पृ. १५), पुलुक्क (पृ. १५), झडङ्ग (पृ. १८), झल्याँस्स (पृ.

१९), फाटफुट (पृ. ३३), क्वारक्वरती (पृ. २६), झ्वास्स (पृ. २८), पुलुपुलु (पृ. २५), रिमझिम (पृ. २२), सिमसिम (पृ. २२), धुरुधुरु (पृ. ३८), भुसुक्क (पृ. ४८), टुप्लुक्क, झुरुङ्ग, खित्त, मुसुक्क (पृ. ५०), खिस्स (पृ. ५१), टुमटुम छयाँय (पृ. ५४), स्वीःस्वीः (पृ. ६०), सरासर (पृ. ७४), झसङ्ग (पृ. ७६), ख्वाक्क (पृ. ७६), हिँ-हिँ (पृ. ७८), च्वाट्ट, चट्टै (पृ. ८०), खिस्स-खिस्स, घुटुघुटु (पृ. ८८), प्वाक्क (पृ. ९१), च्वासच्वासी (पृ. ९३), सरासर (पृ. ९५), भुतुक्क (पृ. ९७), चुइँक्क (पृ. १०७), खुरुखुरु (पृ. १०७), चुर्लम्म (पृ. १०८), टुलुटुलु (पृ. ११८), जुरुक्क (पृ. १२९), झडङ्ग (पृ. १४८), खुरुक्क (पृ. १६४), घार्रघुर्र (पृ. १६६), लुरुलुरु (पृ. १६६), घुर्रघुर्र (पृ. १७०), थचक्क (पृ. १७२), क्यार्रकुर्र (पृ. १७४), अकमक, झमक्क (पृ. १७७), हस्याङफस्याङ (पृ. १७७), सुत्त (पृ. २०१), धपक्क (पृ. २०३), घुत्रुक्क (पृ. २७), गरर्र (पृ. २३१), गररर ग्राम (पृ. २३३),

**उपन्यासमा प्रयुक्त नेवारी भाषाका शब्दहरु**

प्रस्तुत उपन्यासमा ज्यापू परिवारका सदस्यहरुको नाम नेवारी भाषा छन् : अष्टनारां, शिवनारां, हर्षनारां, पुननारां, हाकुमाया, पुनचा, लतमाया, नानीथकुं, जस्ता नामले उपन्यासमा नेवारीपनको अनुभव गराउँछ । साथै अन्य नेवारी संस्कृति र संस्कार झल्काउने शब्दहरुको प्रयोग पनि भएका छन् ।



गुभाजु (पृ. ३), सिकर्मी (पृ. ९), डकर्मी (पृ. १६), ज्यामी (पृ. १६), खर्पन (पृ. ३५), बिचाः (पृ. ४१), ब्याहबिचाः (पृ. ४३), भ्यातल (पृ. ४४), लाखे (पृ. ४४), हमा (पृ. ९०), खतामुगाः (पृ. १२४), ज्यापू/ज्यापूनी (पृ.

१३३), फेन (पृ. ५२), बलेचा (पृ. १७३), माचाछी (पृ. १७५), नाङ्गे (पृ. २२८),

**उपन्यासमा प्रयुक्त फारसी शब्दहरु**

इलाज (पृ. ५), माफत (पृ. १३), किफायत (पृ. ११), इराद (पृ. ७८), शाहज्यादी (पृ. १३), इश्तिहार (पृ. १६८), गौर (पृ. ३६), आशक (पृ. १६९), अदव (पृ. १८२),

**केही फारसी शब्दहरु**

नाखुश (पृ. २५), दोस्तान (पृ. ७५), नदारत (पृ. १३१), ताबाताबा ( पृ. १७४), अदना (पृ. १८०), चिराग, (पृ. १८६)

**प्रस्तुत उपन्यासमा प्रयुक्त केही सुक्तिहरु**

'धनीको जीवनमा इच्छाले सुखलाई निम्तो दिन्छ, तर गरिबको जिन्दगीमा त्यही इच्छाले आँखामा आँसु बोलाउँछ' (पृ. ४६), 'चलाक मानिसको स्वार्थ र धुत्याइँ असल कुरा भित्रै लुकेको हुन्छ ।' (पृ. ६६), 'बिनासेवा र परिश्रममा पाइने इलम, धोका सिवाय अरु केहि हुदैंन' । (पृ. ६६), 'अपमान लाई सहने मूल सक्ति सितिमिति मानिसमा हुदैंन ।' (पृ. ९10, 'नरिसाइकन मुसुमुसु हाँस्ने मानिस डरलाग्दाँ हुँदारहेछन्' (पृ. १०५), 'बनाउन नसक्ने मानिससित भत्काउने शक्ति र बुद्धि खुब हुँदो रहेछ' (पृ. १४६), शुमस्य शीघ्रम : (पृ. १८४), ।

प्रस्तुत **एकचिहान** उपन्यास भएकाले पात्रगत भाषामा भन्दा उपन्यासकार आफ्नो विचारलाई प्रस्तुत गर्न बढी सक्रिय देखिन्छन् । उपन्यासमा प्रस्तुत भएको भाषा, पात्र र परिवेश अनुरुपको देखिँदैन । त्यसैले भाषा प्रयोगका दृष्टिले उपन्यास कम स्वाभाविक लाग्छ । संक्षेपमा भन्दा

प्रस्तुत उपन्यासको भाषा निकै खारिएको छ । परिमार्जीत र परिनिष्ठित भाषाको सर्वत्र प्रयोग यस उपन्यासमा पाइन्छ । भाषा कतैकतै आलङ्कारिक र काव्यात्मक पनि देखिन्छ । उखानटुक्काको प्रयोग पनि प्रशस्त भएको छ । त्यति हुदाँहुदैं भाषा त्यति स्वाभाविक हुन सकेको छैन । उपन्यासमा तत्सम तत्भव र अग्रंजी अरबी, फारसी भाषाका आगन्तुक शब्दहरु अनुकरणात्मक र नेवारी भाषाका शब्दहरु पनि प्रशस्त मात्रमा प्रयोग भएका छन् । संवादहरु लामालामा र पात्रका तहअनुरुप नभएकाले त्यति आकर्षक र रोचक भने छैन्

**४.७. उद्देश्य र सन्देश**

सामाजिक प्रगतिशीलता व्याख्या गरी समाजमा रहेका शोषण कुरीति, अन्धविश्वास, धार्मिक तथा जातीय सङ्कीर्णत आदिलाई निमिट्यान्न पारी सुधारिएको समाजको स्थापना गर्ने प्रयास देखाउन प्रस्तुत **एकचिहान** उपन्यासको प्रमुख उद्देश्य हो । प्रगतिवादी दृष्टिकोणका कारण प्रस्तुत उपन्यास विचारप्रधान हुन पुगेको छ । उपनयासभरि नै उपन्यासकारको वैचारिकता छाताछुल्ल भएर पोखिएको पाइन्छ । यसमा प्रस्तुत वैचारिकता समाजको सुधार गर्ने उद्देश्यमा अभिप्रेरित छ ।

**एकचिहान** उपन्यासमा ज्यापू परिवारलाई माध्यम बनाएर उपन्यासकारले धार्मिक रुढिवादी प्रचलन हटाउन, प्रचलित कर्मकाण्डीय अवधारणा छाड्न आह्वान गरेका छन् । अष्टनारां बिरामी परेर अन्तिम अवस्थामा पुगेको र आफ्नो होस भएसम्म कुनै प्रकारका् दानदक्षिणा गर्न नदिने, दानदक्षिणा गर्ने काम उचित नभएको, यो धाकरवाफको प्रतिस्पर्धा र अन्धविश्वासमा झोसेर मानिसहरुमाथि सनातनदेखि रजाँई गरेर आउने

पुरोहितहरुको जेब भर्ने काममात्र भएको र दान गर्नु भावुकता मात्र भएको ( हृदयचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. ३०) । कुरा गर्दै तत्कालीन समाजमा व्याप्त रुढीवादी परम्पराप्रति विरोध गर्दै परिवर्तनशील समाजको निर्माणका लागि यस उपन्यासमा आह्वान गरिएको छ ।

गरिबीको कारणले साहूसँग ऋण लिन बाध्य भएका गरिब निम्नवर्गीय किसानहरु पुस्तौ-पुस्तादेखि जमिनदारहरुको सिकार बन्दै आएको कुरा अष्टनारांले आफ्नो बाजेको पालामा भएको १२ रोपनी जग्गा आज आफ्नो पालासम्म आइपुग्दा ऋणकै कारणले ३ रोपनीमा सीमित भएको र अझै ऋण लिए सुकुम्बासी बन्नु पर्ने अवस्था आउने (हृदयचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. २०) । कुरा गर्दै साहुहरुसँग ऋण लिने परम्पराको पनि यस उपन्यासमा विरोध गरिएकोक छ ।

उचित नभए यो धाकरवाफको प्रतिस्पर्धा र अन्धविश्वासमा झोसेर मानिसहरुमाथि सन्ताना देखि रजाइ गरेर आउने पुरोहितहरुको जेब भर्ने काम मात्र भएको र दान गर्नु भावुकता मात्र भएको (ऐजन, पृ. ३०) कुरा गर्दै तत्कालिन समाजमा व्याप्त रुढीवादी परम्परा प्रति विरोध गर्दै परिवर्तनशिल समाजको निर्माणको लागि  यसमा आह्वान गरिएको छ ।

गरीवीका कारणले साहुसंग ऋणलिन वाध्य भएका गरीव निम्न वर्गिय किसानहरु पुस्तौं पुस्ता देखि जमिनदारहरुको शीकार बन्दै आएको कुरा अष्टनारांले आफ्नो छोराहरुलाई सुनाउँदै बाजेको पालामा भएको १२ रोपनी जग्गा आज आफ्नो पालासम्म आइपुग्दा ऋणकै कारणले ३ रोपनी सिमित भएको र अझै ऋण लिए सुकुम्बासी बन्नु पर्ने अवस्था आउने ( हृदयचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. २०) कुरा गर्दै साहूहरुसँग ऋण लिने

परम्पराको विरोध गरिएको छ । गरिबीको आडमा सहयोगका प्रलोभनमा पारेर उच्चवर्गका व्यक्तिहरुले गरिबहरुलाई आफ्नो स्वार्थको पूर्ति गर्ने साधनको रुपमा प्रस्तुत गरिएको छ । प्रस्तुत उपन्यासले समाजमा रहेका यस्ता कुकृत्य र सामन्ती प्रथाको विरुद्ध सङ्घर्ष गर्नु पर्ने आफ्नो अधिकारको प्राप्तिका लागि आफैँ अग्रसर हुनु पर्ने कुरा अष्टनारांले छोराहरुलाई..........किसान हुनाले आफ्नो हकको दावा तिमीले नै गर्न सक्नुपर्ने हो । (हृदयचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. २९) । भनेबाट अधिकार र हक प्राप्तिका लागि सजग रक्रिय हुनु पर्ने कुरा प्रस्तुत उपन्यासको सन्देश रहेको देखिन्छ ।

प्रस्तुत उपन्यासको अर्को पक्ष नारी स्वतन्त्रता र सम्मान हो । नारी आफैमा पूर्ण छन्, नारीलाई भोगवादी र पुरुषहरुले कामवासना पूर्ति गर्ने साधनका रुपमा मात्रै हेरिनु हुन्न भन्ने सन्देश उपन्यासमा रञ्जनादेवीको- “नारीले आफ्नो मूल्य आफैले कायम राख्नु पर्ने नारी पुरुषको खेलौना नभएर सहयात्री हो ।” (हृदयचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. ११५) । भनाइमार्फत प्रस्तुत गरिएको छ । नारीलाई सम्मान र आदर पुरुषले पनि गर्नुपर्छ भन्ने कुरा शिवनारांको माध्यमबाट यस उपन्यासमा सन्देश दिएको छ ।

प्रस्तुत उपन्यासको अर्को महङ्खवपूर्ण पक्ष जातीय उँचनीच र जातीय भेदभावको अन्त्य हो । समता मूलक समाजको स्थापना र राष्ट्रिय एकताको लागि अन्तर्जातीयसम्बन्धको विस्तार गर्नुपर्छ अर्थात् अन्त्जातीय विवाह प्रथाले राष्ट्रिय एकतामा बल पुऱ्याउँछ, साम्प्रदायिक समस्याको अन्त्य हुन्छ र विश्वबन्धत्वको भावनाको विकास हुन्छ, भन्ने सन्देश पनि प्रस्तुत उपन्यासले अगाडि सारेको छ ।

समग्रमा भन्दा प्रस्तुत उपन्यासले धार्मिक रुढिवादी प्रचलनको अन्त्य, आर्थिक शोषणको अन्त्य गर्न साहूहरुबाट ऋण लिने र उनीहरुको प्रलोभनमा नफस्ने, शोषणलाई हटाउन संघर्ष गर्ने हाँक, सामाजिक समानताको लागि नारीवर्गको सम्मान गर्न आर्गह, राष्ट्रिय एकता समता मूलक समाजको स्थापनाको लागि साम्प्रदायिक भावना हताउनु पर्ने र यसको लागि अन्तर्जातीयसम्बन्ध बढाउनु पर्ने सन्देश, र शोषक वर्गको जाल, झेल षड्यन्त्रबाट सचेत रहन आग्रह गरिएको छ । प्रस्तुत उपन्यासको मूल उद्देश्य तत्कालीन समाजमा व्याप्त रुढीवादी परम्परा, अन्याय अतयचार, नारी शोषण आदिको अन्त्य गर्दै सुधारवादी दृष्टिकोण राख्दै समाजवादीतर्फ उन्मुख गराउनु हो ।

**४.८. द्वन्द्वविधान**

बुद्धितत्व र कल्पनाले जीवनालाई जीवन बनाएजस्तै कथानकमा द्वन्द्वको स्थान अपरिहार्य छ । पात्रपात्रको बीचमा, पात्र र परिस्थितिको बीचमा पात्रको र प्रकृतिको बीचमा, पात्र र समाजको बीचमा, समाज र समाजको बीचमा तथा राष्ट्र र राष्ट्रको बीचमा हुने द्वन्द्व बाह्य द्वन्द्व हो र पात्रको अर्न्तमनमा हुने उहापोहलाई अथवा पात्रको अर्न्तमनमा हुने तनाव र छटपटी आन्तरिक द्वन्द्व हो ।

प्रस्तुत **एकचिहान** उपन्यासमा यी दुबै प्रकारका द्वन्द्व व्याप्त रहेको पाइन्छ । यो उपन्यास मुख्य रुपमा गरिब परिस्थितिबिरुद्ध द्वन्द्वमा केन्द्रित रहेको छ । गरिबीको कारणले अष्टनारांका पुर्खा उपचार गराउन नपाई मरेर जानु र अष्टनारांलाई पनि बिरामी अवस्थामा उपचार गराउन ऋण लिनु पर्ने बाध्यता पर्नु, उपचारको राम्रो व्यवस्था नहुँदा साधारण रोगकै कारण

मृत्यु हुनु, वर्षाद राम्रो नहुँदा उत्पादन नहुनु र बाली तिर्न नसक्दा उमेर पुगिसकेकी नानीथकुँको बिहे गर्न नसक्नु, अष्टनारांको मृत्यु हुँदा कात्रो किन्ने पैसासमेत नहुनु र डाक्टरसँग सापट लिनु, सहयोगको निहुँमा डाक्टरको कुदृष्टि नानीथकुँमाथि पर्नु र डाक्टरको सिकार बन्नु, गरिबीकै कारण सुरमानले पुरानो बाँकी माफी गर्ने र नयाँ तान किनिदिएर नानीथकुँ हात पार्ने बिचार गर्नु, जीर्ण भएको घरको मर्मत गर्न नपाँउदा र खेतको गोठ बलियो बनाउँन नसक्दा ज्यापू परिवारले अकालमा मर्नु पर्ने अवस्थाको सिर्जना हुनु सबै गरिब परिस्थितिले सिर्जिएका द्वन्द्व हुन् ।

अष्टनारांले मान्छे मर्दा दानदक्षिणा गर्ने परम्पराको विरोध गर्नु, एउटै कात्रो धेरैपटक सम्म प्रयोग गर्ने 'देवा' प्रथाको विरोध गर्नु, भोजभतेर खुवाउने परम्पराको विरोध गर्नु, परिवारका ठूला व्यक्तिलाई खाना पर्खिनु र ठूलाले खाना खाएपछि मात्र घरको भान्से र बुहारीहरुले खाने प्रचलनको विरोध गर्नु, जातीय उँचनीच र भेदभावको विरुद्ध अष्टनारां आफैले पर्वते जातकी केटी लतमाया (रत्नमाया) सँग बिहे गर्नु ( प्रधान पुर्ववत पृ १४४) शिवनारांले आफ्नो सबै काम आफै गर्नु र श्रीमतीलाई आफ्नो काम नलगाउनु, बिहे गर्न जातीय बन्धन नरहेको कुरा गर्नु, इच्छा विपरीतको गर्भपतन गराउनु (प्रधान पुर्ववत पृ २१५) जन्ती जाने र दुलहीलाई बोकेर ल्याउने परम्पराको विरोध गर्नु समाजिक मान्यता र परम्परा विरुद्ध द्वन्द्व हो ।

डाक्टर र शिवनारांबीच बहिनी नानीथकुँको कारणबाट सिर्जिएको द्वन्द्व, रामबहादुर र सुब्बा सुरमानबीच देखापरेको तनाव भनाभन र कुटाकुटको अवस्था सामाजिक शोषण, अन्याय बिरुद्धमा उच्च र निम्न वर्गको बीचको द्वन्द्व शोषक र शोषित बीचको द्वन्द्व हो । नानीथकुँको मनमा

रञ्जनादेवीले सम्झाएपछि डाक्टरप्रतिको प्रेम र समाजिक मूल्यमान्यता, नारीत्वको भावनाबीच देखापरेका तनाव, रामबहादुरले आमा लतमायालाई एकान्त कोठामा लगेर कुरा गर्दा नानीथकुँका मनमा उठेका तरङ्गहरु, नानीथकुँको अन्तर्मनमा सिर्जिएको आन्तरिक द्वन्द्व हुन् । यस्तै शिवनरांको मनमा बाबु अष्टनारांको मृत्यु हुँदा कात्रो किन्ने पैसा नहुँदा देखा परेको तनाव, बहिनी नानीथकुँ र डाक्टरबीचको सम्बन्ध थाहा पाएपछि देखापरेको तनाव, बहिनी हराएपछि नपाउन्जेलको तनाव र छटपटी शिवनारांको अन्तर्मनमा सिर्जिएको आन्तरिक द्वन्द्व हुन् ।

सङ्क्षेपमा भन्नुपर्दा प्रस्तुत उपन्यास आन्तरिक र बाह्य दुवै प्रकारका द्वन्द्वहरु सक्रिय रुपमा आए पनि एक विचारप्रधान उपन्यास भएकाले वैचारिक प्रतिपादनका लागि परम्परागत सामाजिक मान्यता, संस्कार, कुरीति, अन्याय र शोषण विरुद्धको द्वन्द्व बढी सक्रिय भएकोले यो बाह्य द्वन्द्व बढी सक्रिय र सशक्त रुपमा भएको छ ।

# अध्याय- पाँच

# उपसंहार तथा निष्कर्ष

**५.१. उपसंहार तथा निष्कर्ष** : वि.स. १९७२ साल माघ १२ गते काठमाण्डौं, ढोकाटोल, मरुहिटीमा जन्मिएका हृदयचन्द्रसिंह प्रधानको वास्तविक नाम चन्द्रप्रसाद प्रधान हो नेपाली स्रेस्ता परीक्षाको चार पाससम्म औपचारीक शिक्षा प्राप्त गरेका हृदयचन्द्रसिंह प्रधान आफ्नो नाम परिवर्तन गर्ने धुनमा वि.स. १९९२ मा **शारदा** पत्रिकामा प्रकाशित 'भातृस्नेह' नामक निबन्धको प्रकाशनपछि नेपाली साहित्यको लेखनका क्षेत्रमा देखा परेका प्रतिभा हुन् । स्वाध्ययनबाटै साहित्य लेखनका लागि क्षमता हासिल गरेका प्रधान वि.स. १९९५ सालमा 'नौसिन्दा' तहको जागिरमा प्रवेश गरी जागिरे जीवनको सुरुवात गरेका हुन् । नौसिन्दा पदबाट जागिर सुरु गरेका हृदयचन्द्रसिंह प्रधान बहिदार, राइटर, मुखिया, हुँदै वि.स. २००४ सालमा नेपालीभाषा प्रकाशिनी समितिमा 'ग्रन्थकार' को पदसम्म पुगे । जागिरको क्रममा उनी शिक्षक भएर पनि काम गरे । काठमाडौंको क्षेत्रपाटीमा एउटा विद्यालयको संस्थापक प्रधान नेपाली साहित्य परिषदको संस्थापक सदस्य र सञ्चालकसमेत भएका थिए । **साहित्यस्रोत, जागरण, जनचेतना,** जस्ता नेपाली भाषामा प्रकाशित हुने पत्रिकाहरुका साथै **नेपाल** नामक नेवारी भाषाको पत्रिकाको समेत सम्पादन गरी एउटा कुशल सम्पादकको रुपमा उनले काम गरेका पाइन्छ । निबन्धलेखनबाट नेपाली साहित्यको फाँटमा प्रवेश गरेका प्रधानले नेपाली ब्याकरण, समालोचना, कविता, कथा, एकाङ्की र उपन्यास जस्ता साहित्यका विविध विधामा कलम चलाएका छन् । उनका

अधिकांश साहित्य सिर्जनाहरुमा समाजमा रहेका अन्धपरम्परा, कुरीति, अन्याय, अत्याचार र शोषण विरुद्धका सन्देशहरु रहेका छन् । उनका कृतिहरुले सामाजिक यथार्थ चित्रण प्रस्तुत गर्दै प्रगतिशील समाजको स्थापनाको लागि अभिप्रेरित गरेका छन् । उनी एक मार्क्सवादी विचारबाट प्रभावित साहित्यकार हुन् । राजनैतिक सोच भएका व्यक्ति भएकाले उनले २००७ सालको प्रजातान्त्रिक आन्दोलनमा प्रत्यक्ष सहभागी भएको आरोपमा करिब ७५ दिनसम्म जेलजीवन बिताउनु परेको थियो । नेपालका विभिन्न जिल्लाहरु र उपचारका क्रममा दुईपटकसम्म भारतको भ्रमण गरेका प्रधानले वि.स. २००४ सालमा भएको प्रतियोगीतात्मक निबन्ध प्रतियोगितामा 'जुँगा' निबन्धमा प्रथम पुरस्कार प्राप्त गरेका थिए ।

पाँच वर्षकै उमेरदेखिनै दमको रोगबाट पीडित हृदयचन्द्रसिंह प्रधानको दम र टी.बी. रोगका कारण वि.स. २०१६ माघ १० गते ४४ वर्षको उमेरमा मृत्यु भयो ।

हृदयचन्द्रसिंह प्रधानद्वारा लिखित **एकचिहान** उपन्यास यथार्थवादी-समाजिक उपन्यास हो । काठमाडौँको एउटा गाउँको निम्नवर्गीय किसान परिवारलाई आधार बनाई लेखिएको प्रस्तुत उपन्यासमा प्रगतिशील विचार आएको छ ।  एउटा गरिब तर परिश्रमी किसान अष्टनारां बिरामी परेर गरीबी कै कारणले उपचार गराउन नपाएपछि साधारण रोगकै कारणबाट मृत्यु हुन्छ । उनी एक प्रगतिशील विचार भएका पात्र हुन् । उनी आफ्ना छोराहरुलाई परिश्रमी बन्न र अन्याय, अत्याचार, शोषण र समाजमा रहेका अन्धपरम्परा कुरीति र कुसंस्कारको विरोध गर्ने उपदेश दिन्छन् । अष्टनारांको गरिबी र यही गरिबीका कारणबाट सिर्जिएका विभिन्न समस्याहरुलाई मुख्य

कथावस्तु बनाई प्रस्तुत भएको यो उपन्यासमा डाक्टर गोदत्तप्रसाद र नानीथंकुको प्रेमप्रसङ्गको कथालाई सहायक कथाको रुपमा प्रस्तुत गरिएको छ । प्रस्तुत उपन्यासमा समाजमा उच्चवर्गीय व्यक्तिहरुले नारीमथि राख्ने गरेको कुदृष्टि र नारीहरुले त्यसको विरुद्ध आफ्नो मूल्य कायम राख्न सजक बन्नु पर्ने कुरा प्रस्तुत गरिएको छ। समाजमा रहेका शोषकहरुको अन्याय र अत्याचारलाई प्रतिकार गर्नु पर्छ भन्ने विचार भएका गरिब ज्यापू किसान परिवारको गरिबीकै कारण घर पनि मर्मत गर्न नपाउँदा प्राकृतिक प्रकोपमा परेर दुःखद अन्त्य हुन्छ र उपन्यासको कथा पनि त्यहीँ समाप्त हुन्छ ।

प्रस्तुत उपन्यास ३४ परिच्छेदमा संरचित छ । घट्नाको सविस्तार वर्णन गरिएको हुँदा यसको ढाँचा सङ्क्षिप्त नभई फुकेको छ । यसमा मुख्यतः विचारको प्रस्तुति भएकाले कथानक मन्द गतिमा अघि बढेको छ । बढी वर्णन र लामा संवादका कारण यो उपन्यास व्याख्यात्मक भएको छ र नाटकीयताको भने न्यून प्रयोग भएको छ । प्रगतिवादी र सुधारवादी दृष्टिबाट बढी महत्त्वपूर्ण देखिने प्रस्तुत उपन्यास, शिल्प र शैलीका दृष्टिले भने उति नवीन पाइदैन ।

यो बहुपात्र भएको उपन्यास हो । विचारप्रधान उपन्यास भएकाले यसमा वर्ग चरित्रहरुको प्रधानता पाइन्छ । यसमा जम्म ३३ जना पात्रहरु छन् । यसमा अष्टनारां, शिवनारां, डाक्टर गोदत्तप्रसाद, सुब्बा सुरमान, नानीथकुँ आदि प्रमुख पात्र हुन् भने रञ्जनादेवी, पुननारां, हर्षनारां, रामबहादुर, लतमाया, हाकुमाया, रामखेलावन आदि सहायक पात्र हुन् । गाउँले तथा शोषक र शोषित वर्ग रहेको परम्परा र अन्धविश्वासले गाँजेको

र भर्खर मात्र जागरण आउन सुरु गरेको सामाजिक परिवेश नै प्रस्तुत उपन्यासको परिवेश रहेको छ ।

तृतीय पुरुष शैली अर्थात सर्वज्ञ बाह्य दृष्टिबिन्दु अङ्गालेर लेखिएको प्रस्तुत उपन्यासमा निकै परिमार्जित र परिष्कृत नेपाली भाषाको प्रयोग भएको छ । कतैकतै आलङ्कारिक र काव्यात्मक शैली रहेको प्रस्तुत उपन्यासमा उखानटुक्का, सूक्तिहरुको प्रयोग र तत्सम, तत्दभव र विभिन्न भाषाका आगन्तुक शब्दहरुका साथ प्रशस्त अनुकरणात्मक शब्दहरुको प्रयोग भएका छन् । उपन्यासकारहरुले आफ्ना टिप्पणीहरु प्रस्तुत गर्ने क्रममा व्याख्यात्मक शैली अँगाले तापनि संवादशैलीको प्रयोग प्रशस्त रहेको छ । संवादहरु लामालामा र पात्र, परिवेशअनुरुपको भाषा प्रयोग नहुँदा भाषा प्रयोगको दृष्टिले उपन्यास त्यति आकर्षक र रोचक देखिंदैन । रैखिक शैलीमा लेखिएको प्रस्तुत उपन्यासको विकास विभिन्न घटनाहरुका साथै क्रमिक विकास र विस्तार भएर अन्त्यसम्म पुगेको छ ।

प्रस्तुत उपन्यासको मुख्य उद्देश्य समाजमा रुढीवादी परम्परा, आर्थिक शोषण, विरोध, सामाजिक समानताको लागि नारीवर्गको सम्मान गर्नु, साम्प्रदायिक भावनाको अन्त्य गर्नु र एउटा छुट्टै सुधारीएको र प्रगतिशील समाजको स्थापना गर्नु रहेको पाइन्छ । शीर्षकका दृष्टिले प्रस्तुत उपन्यासलाई हेर्दा **एकचिहान** शब्दको व्युत्पत्ति एक संस्कृत भाषाको पूर्ण राशिमा संख्या क्रमका हिसावले पहिलो संख्या अर्थ बुझाउने शब्द र 'चिहान' संस्कृत भाषाबाटै 'चिताधन' शब्दको अपभ्रंश भएर आएको मूर्दा गाड्ने ठाउँ वा मरेको मान्छे गाडिएको ठाँउ भन्ने अर्थ बुझाउने शब्दहरुको सन्धि भएर बनेको शब्द हो । **एकचिहान** शब्दले एउटा चिहान वा धेरै

मानिसहरु एकैपटक मरेर एकै ठाउँमा अन्त्यष्टि गरिएको ठाउँ भन्ने अर्थ दिन्छ ।

प्रस्तुत उपन्यासमा शीर्षकको औचित्य खोज्दा उपन्यासको कथासँग तादात्म्यता रहेको पाइन्छ । काठमाण्डौको एउटा गरिब ज्यापू परिवारका प्राकृतिक प्रकोपमा परी शिवनारां, हाकुमाया र दुई सन्तान खेतको गोठ बाढीले बगाउँदा मृत्यु हुन्छ भने यता गरिबीका कारण मर्मत गर्न नपाएर जीर्ण भइसकेको घरले लगातार तीन दिनको वर्षादलाई थेग्न नसक्दा राती नै भत्किदा घरमा सुतिरहेका लतमाया पुननारां, हर्षनारां, सुन्तली, पुतली सबैको घरले पुरिएर मृत्यु भएको कुरा उपन्यासको कथानकमा प्रस्तुत भएको छ । यसरी प्राकृतिक प्रकोपमा परी एउटा परिवारका सबै सदस्यहरु एकैपटक सामूहिक मृत्यु भएको घटनालाई उपन्यासको शीर्षक बनाइएको छ । यस तथ्यलाई हेर्दा उपन्यासको कथ्यसँग मिल्ने गरी यहाँ अभिधात्मक शीर्षक राखिएको छ ।

प्रस्तुत उपन्यासमा आफ्नो पसिना र परिश्रममा भर परी माटामा जीवन भर्ने किसानहरु एकातिर समाजिक शोषणहरुबाट उत्पीडित छन् भने अर्थअभावका कारण प्रकृतिक प्रकोपबाट पनि तिनै गरिबहरुकै सर्वनाश भएको देखाइएको छ । उपन्यासको उद्देश्य चाहिँ सामाजिक सुधार र प्रगतिशील विचारको स्थापना गर्नु रहेको छ । उपन्यासको कथानकमा हर्षनारां र नानीथकुँको अन्तर्जातीय बिहे भइसकेको समयमा नै वर्षाद भएकाले खेतीपाती राम्रो भइरहेको तथा समाजका शोषक र फटाहा सुब्बा सुरमान र उनका सहयोगी रामबहादुर, अनि कामुक डाक्टर गोदत्तप्रसाद जस्ता व्यक्तिहरुले पनि आ-आफ्ना कर्मको फल पाइसकेपछि सुखद अन्त्यतिर

उन्मुख भइरहेको कथानकलाई भीषण वर्षाद्को अवस्थाको सिर्जना गराई उपन्यासको दुःख समाप्त गरी शीर्षकलाई सार्थक बनाइएको छ । तर उपन्यासको मुख्य अभीष्ट अनुरुप अन्त्य नभएकाले यसको शीर्षकलाई उपन्यासको मूल मर्मलाई भने बेवास्ता गरेको हो कि भन्ने सङ्का उठ्नसक्छ । उपन्यासको अन्त्य भावुकतावश कारूणिक यथार्थमा गरिएको र शीर्षकले यही भावुकता र कारुणिक यथार्थलाई मात्र समेटेकोले प्रगतिशीलताको लागि व्यक्त गरिएको विचार र कार्य गौण बनाई प्रगतिशील अनुरुप नभएको जस्तो देखिन्छ । त्यसैले **एकचिहान** शीर्षकले उपन्यासको कारुणिक अन्त्यलाई आत्मसाथ गरेर उपन्यासको शीर्षक सार्थक जस्तो देखिए तापनि यस शीर्षकले उपन्यासको उद्देश्य महत्ता सम्पूर्णतालाई भने समेट्न नसकेको देखिन्छ । यसो भए तापनि समाजमा व्याप्त अन्धपरम्परा र कुरीतिहरुको विरोध र प्रगतिशील समाजको स्थापनाको विचार प्रस्तुतिका दृष्टिले सफल र सवल रहेको छ ।

प्रस्तुत उपन्यासका सम्बन्धमा विभिन्न लेखक तथा समालोचकहरुले विभिन्न टिप्पणीहरु गरेका छन् । **एकचिहान** उपन्यासको सम्बन्धमा टिप्पणी गर्दै माधवलाल कर्मचार्यले हृदयचन्द्रसिहं प्रधानका उपन्यासहरुको रचनाहरु आदर्शवादी परम्परा हुन गएको छ  भन्ने कुरा उल्लेख गरेका छन् । यस्तै चिरञ्जीवी दत्तले **एकचिहान** उपन्यासलाई सामाजिक सुधारवादी र क्रान्तिकारी उपन्यासको रुपमा टिप्पणी गरेका छन् । हिमांशु थापाले **एकचिहान** उपन्यासमार्फत् उपन्यासकारले आफ्नो विचार प्रस्तुत गरेका छन् भनी **एकचिहान** उपन्यासलाई विचारप्रधान उपन्यासको रुपमा स्वीकारेका छन् (चिरञ्जीवी दत्त पूर्ववत ।)घटराज  भट्टराईले पनि एकचिहान

उपन्यासलाई एक प्रगतिशील र सामाजिक उपन्यासका रुपमा स्वीकार गरेका छन्।ऋषिराज बरालले, **प्रगतिवाद र नेपाली उपन्यास** (२०४०) **पुस्तक र प्रगतिशील उपन्यासको मूल प्रवृति** (२०४८) विद्यावारिधिको शोधपत्रमा एकचिहान उपन्यासलाई जमिनदार र सामन्तवर्गको शोषकहरुबाट किसानहरुमाथि गरिने शोषकविरुद्ध किसानहरुमा जागृत हुँदै गएको चेतनालाइ प्रमुख प्रवृत्ति बनाउने उपन्यासकार रुपमा सबैभन्दा पहिला हृदयचन्द्रसिंह प्रधान देखापरेको टिप्पणी गर्दै **एकचिहान** उपन्यासलाई एक प्रगतिशील उपन्यासको रुपमा चर्चा गरेका छन् ।

यस्तै कृष्णचन्द्रसिंह प्रधानले **साझा समालोचना** (२०४४) मा २००७ सालको परिवर्तनसँगै नेपाली उपन्यासले नयाँ विषयवस्तु प्राप्त गरेको उल्लेख गर्दै **एकचिहान**ले विद्रोही भावना, शोषण, अत्याचार, अन्धविश्वास, रुढिवादी सोचाइको विरोध नारीसमस्या र किसानहरुको दुर्दशा जस्ता विषयलाई अङ्गालेर प्रगतिशील प्रवृत्ति, विद्रोह र क्रान्तिको प्रेरणा र सामाजिक यथार्थको पृष्ठभूमिमा सिर्जिएको उपन्यासको रुपमा चर्चा गरेका छन् । रामप्रसाद भट्टराईले हृदयचन्द्रसिंह प्रधानको **एकचिहान**ले प्रगतिवादलाई भित्र्याउने प्रयास भएको उपन्यास र उपन्यासकारलाई प्रगतिशील विचारबाट प्रभावित व्यक्तित्वको रुपमा टिप्पणी गरेका छन्। इन्द्रबहादुर राईले पनि **एकचिहान**लाई प्रगतिशील कृतिको प्रतिनिधि कृतिको रुपमा टिप्पणी गरेका छन्। यस्तै यादवप्रकाश लामिछाने, धनप्रसाद सुवेदीले पनि एकचिहान उपन्यासलाई प्रगतिशील, क्रान्तिकारी, सामन्तीशोषण, अन्याय, अत्याचार, नारीमुक्ति र किसानको समस्यालाई प्रस्तुत गर्ने प्रगतिवादी उपन्यासकारको रुपमा टिप्पणी गरेका छन्। मोहनराज शर्मा र

खगेन्द्रप्रसाद लुइटेलले **नेपाली कविता र आख्यान** (२०५७) मा **एकचिहान** उपन्यासको विश्लेषण गर्दै यसलाई समाजसुधारका दिशाहरुमा प्रगतिवादी दृष्टिकोण प्रस्तुत गर्ने उपन्यासको रुपमा टिप्पणी गरेका छन्।

**एकचिहान** उपन्यासलाई केही समालोचकहरुले आलोचनात्मक यथार्थवादी उपन्यासका रुपमा टिप्पणी गरेका छन्। यस्ता समालोचकहरु कृष्णहरि बराल र नेत्र एट्म, राजेन्द्र सुवेदी आदि प्रमुख छन्। उनीहरुको भनाइअनुसार एकचिहान उपन्यासले समाजमा रहेको अन्धविश्वास, कुरीति, शोषण र विसङ्गतिहरुको आलोचना गरेका भए पनि प्रगतिवादतर्फ अघि नबढेर आदर्शतिर उन्मुख भएको र नेपाली सामन्त र पूँजीवादी दुष्प्रवृत्तिकका कटु यथार्थलाई सुगठित र दृढतापूर्वक विरोध गर्ने काम यस उपन्यासमा पूर्ण हुन नसकेको भन्दै यो एउटा आलोचनात्मक यथार्थवादी उपन्यास हो भनी टिप्पणी गरेका छन्।

यसरी प्रस्तुत उपन्यासलाई हेर्दा विभिन्न समालोचकहरुले जे जसरी टिप्पणी प्रस्तुत गरे तापनि त्यो आफ्नै ठाउँमा छ। एउटा गाउँको परिवेश, एउटा गरिब परिवारको आर्थिक समस्यावाट सिर्जिएका विभिन्न आर्थिक कठिनाई र समस्याहरु प्रस्तुत उपन्यासले आफ्नो पृष्टभूमिका रुपमा उठाएको छ । र उपन्यासको नायक पनि निम्न बर्गकै व्यक्ति सिवनारां हो । उसका माध्यामबाट समाजमा ब्याप्त रहेका, अन्ध परम्परा, कुरिती, कुसंस्कार, शोषण, अन्याय र अत्यचार र विसंगतिहरुको विरोध र त्यसका विरुद्ध संघर्ष भएका छ । उसले कुनै अवस्थामा समाजका सामन्त र शोषक वर्ग संग सम्झौता र आत्मसर्मपण गरेको पाइन्दैन । तत्कालिन समयमा अन्तरजातिय विबाह गर्नु आदर्श होइन । बरु त्यो समाजमा रहेका जातिय

उचनिच र भेदभाव बिरुदको विद्रोह हो । डाक्टर र सुरमानको शोषण गर्ने प्रवृतिको विरोध र प्रतिकार गर्नु वर्ग संधर्षको थालनी हो । नारी स्वतन्त्रता, समानताको आवाज उठाउनु र नारी आदर्शको सम्मान गर्नु घरको काममा नारीलाई सहयोग गर्नु नारीलाई स्वतन्त्र पूर्वक प्रेम विविह गर्नु अवसर दिनु अथवा उचीत व्यक्ति रोजेर विबाह गर्न पाउनु नारी शोषणको विरोध गर्नु ति सवै कार्य तत्कालीन समाजका एउटा प्रगतिशील क्रान्ति हो । त्यसैले प्रस्तुत उपन्यास, कथावस्तु, चरित्र, परिवेश, उद्देश्य आदिको दृष्टिले एक प्रगतिशिल सामाजिक उपन्यास वन्न पुगेको छ ।

**५.२. सम्भाब्य शोध शीर्षकहरु :**

हृदयचन्द्रसिंह प्रधानको उपन्यासकारिता र यिनका उपन्यासहरुको बारेमा अझ गहन अध्ययनका लागि निम्न शीर्षकमा बेग्ला बेग्लै शोध गर्न सकिन्छ ।

१. एक चिहान उपन्यासमा पाईने प्रगतिशीलता ।

२. एक चिहान उपन्यासमा पाइने सामाजिक यथार्थता ।

३. नेपाली उपन्यासमा प्रधानको उपन्यासकला ।

**सन्दर्भग्रन्थसूची**

**१. पुस्तकसूची**

आचार्य वासुदेव, **उपन्यासकार हृदयचन्द्रसिंह प्रधान**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रिय विभाग २०३६ ।

कर्मचार्य, माधवलाल, **समालोचना र साहित्य,** काठमाण्डौः रत्न पुस्तक भण्डार, २०२२ ।

कुँवर, उत्तम , **स्रष्टा र साहित्य,** ललितपुर साझाप्रकाशन, २०३७ ।

घिमिरे, रामबाबु, **हृदयचन्द्रसिंह प्रधानको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रिय विभाग, २०६६ ।

चापागाई नरेन्द्र, **उपन्यास शिल्प र विश्लेषण**, विराटनगर : जानुका प्रकाशन, २०३३ ।

त्रिपाठी, वासुदेव, **विचरण,** काठमाडौं : भानु प्रकाशन, २०२८ ।

थापा, हिमांशु, **साहित्य परिचय**, काठमाण्डौ : साझा प्रकाशन, २०३६ ।

प्रधान, कृष्णचन्द्रसिंह,**साझा समालोचन,** ते.सं., काठमाण्डौ : साझा प्रकाशन, २०४४ ।

...................................... **नेपाली उपन्यास र उपन्यासकारहरु,** ते.सं. काठमाण्डौं : साझा प्रकाशन, २०५२ ।

................................ र अन्य, **नेपाली साहित्य कोष,** काठमाण्डौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५ ।

प्रधान, प्रतापचन्द्र, **नेपाली उपन्यासको परम्परा र पृष्ठभूमि,** दार्जीलिङ्ग : दीपा प्रकाशन, २०४० ।

प्रधान हृदयचन्द्रसिंह, **तीस रुपयाँको नोट,** दो.सं., काठमाडौंः सन्देशगृह, २०१३।

........................ **कुरा साँचो हो,** दो.सं., काठमाडौँ : रत्न पुस्तक भण्डार, २०२४ ।

................................**एकचिहान,** द.स., काठमाडौँ : साझा प्रकाशन, २०५६ ।

बराल, ईश्वर, **झ्यालबाट** छै.सं.,काठमाडौं : साझा प्रकाशन, २०५५ ।

बराल, ऋषिराज, **प्रगतिवाद र नेपाली उपन्यास,** विराटनगर : प्रभाव जनसाहित्य, परिवार, २०४० ।

............................**प्रगतिशील उपन्यासको मूलप्रवृत्ति,** अप्रकाशित विद्यावारिधि शोधग्रन्थ, त्रिभुवन विश्वविद्यालय, २०४८ ।

बराल, कृष्णहरि, र एटम, नेत्र, **उपन्यासको विश्लेषण**, काठमाडौँ : नवीन प्रकाशन, २०५५ ।

.............................**उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** काठमाण्डौ : साझा प्रकाशन, २०५६ ।

भट्टराई, घटराज, **प्रतिभै प्रतिभा र नेपाली साहित्य,** काठमाडौँ : नेशनल रिसर्च एसोसियट्स, २०४० ।

भट्टराई, रामचन्द्र, **उपन्यासकार रमेश विकल र औपन्यासिक कृतिहरुको अध्ययन,** अप्रकाशित, स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रिय विभाग, २०४९ ।

राई, इन्द्रबहादुर, **नेपाली उपन्यासका आधारहरु**, ते.स., काठमाडौँ : साझा प्रकाशन, २०५४

लामिछाने, यादव प्रकाश, **नेपाली कथा र उपन्यास,** काठमाडौँ : अठाराई प्रकाशन, २०५४ ।

शर्मा, तारानाथ, **नेपाली साहित्यको ऐतिहासिक परिचय,** काठमाडौँ : सहयोगी, प्रकाशन,२०३९ ।

शर्मा, मोहनराज, **नेपालीका केही आधुनिक साहित्यकार,** भैरहवाः नेपाली साहित्यघर, २०३६

............................... **शैलीवज्ञान,** काठमाण्डौ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४८ ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद, **शोधविधि,** दो.सं., काठमाडौँ : साझा प्रकाशन, २०५५ ।

............................... **नेपाली कविता र आख्यान,** काठमाडौँ : नवीन प्रकाशन, २०५७ ।

श्रेष्ठ, दयाराम र शर्मा मोहनराज, **नेपाली साहित्यको संक्षिप्त इतिहास** पाँ.सं., काठमाडौँ : साझा प्रकाशन, २०५६ ।

सुवेदी, धनप्रसाद, **नेपाली उपन्यासमा आञ्चलिकता,** खोटाङ्ग : (दिक्तेल) यादेवी ढकाल, २०५६ ।

सुवेदी, राजेन्द्र, **नेपाली उपन्यास परम्परा र प्रवृत्ति,** वाराणसी : भूमिका प्रकाशन, २०५३ ।

**२. पत्रपत्रिकासूचि :**

एक सज्जन, “हृदयचन्द्रसिंह प्रधान,” **साहित्य,** (वर्ष २,अङ्क १-४, २०१७-२०१८, पु-साउन), पृ. ४४-४५ ।

कर्माचार्य माधवलाल, “श्री हृदयचन्द्रसिंह प्रधान उपन्यासकारका रुपमा”, **साहित्य,** (वर्ष २, अङ्क १-४, २०१७-२०१८ पुस-साउन), पृ. १५-१८ ।

तिवारी, भीमनिधि, “श्रद्धाञ्जलि” **सुस्केरा,** (वर्ष २, २०२८, जेठ- असार), पृ. ५५-५६)

दत्त, चिरञ्जीवी, “प्रधानको एकचिहानमा एक दृष्टि”, **रुपरेखा**, (वर्ष १२ अङ्क ६ २०२७,कार्तिक), पृ. ३९- ४३ ।

प्रधान, कृष्णचन्द्रसिंह, “आत्मविश्वासले हृदयचन्द्रसिंहलाई जन्मायो”, **साहित्य,** (वर्ष २, अङ्क १-४, २०१७-२०१६, पुस/साउन), पृ. ४६-४८ ।

...................................“नासोलाई सामल आफैँ बनेका हृदयचन्द्र”, **सुस्केरा**, (वर्ष २, अङ्क २, २०२८, जेठ-असार), पृ. २१-२६ ।

प्रधान, राममानसिंह, “त्यस दिनको यादमा” **साहित्य,** (वर्ष २, अङ्क १-४, २०१७- २०१८, पृ. ३७-३८ र ४०) ।

भट्ट आनन्देव, “नेपालका अर्का देवकोटा”, **साहित्य,** (वर्ष ८, अङ्क १२, २०१५, वैशाख), पृ. २१-२४ ।

..................................“चिन्तारोग बाधाहरुका बीच हाँसिरहने हृदयचन्द्र” **सुस्केरा**, (वर्ष २, अङ्क २, २०२८, जेठ-असार), पृ. ६७-७३) ।

लम्साल, शक्ति, “प्रगतिशील तर मार्क्सवाददेखि टाढा” **सुस्केरा,** (वर्ष २, अङ्क २, २०२८, जेठ-असार), पृ. १५-२० ।

विश्वकर्मा, टी, आर., “जनपक्षीय साहित्यकार हृदयचन्द्र”, **सुस्केरा,** (वर्ष २ अङ्क २, २०२८, जेष्ठ-असार), पृ. ११-१४

श्रेष्ठ, सिद्धिचरण, “अनवरत परिश्रमको मूर्ति”, **सुस्केरा,** (वर्ष २, अङ्क, २, २०२८, जेठ-असार), पृ. ४७-५५ ।

सम, बालकृष्ण, “कवि हृदयचन्द्र”, **साहित्य** (वर्ष २ अङ्क १-४, २०१७-०१८, पुस-साउन), पृ. ३२-३३ ।